नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन २०७१



बाल न्याय समन्वय समिति
सचिवालय

हरिहरभवन, ललितपुर, नेपाल

नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन–२०७१
The State of Juvenile Justice in Nepal–2014

बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

लेखन	:	प्रकाश राउत, रोम थापा, पुष्कर थापा, खुश्वु शाह
सम्पादन	:	विपुल न्यौपाने
प्रकाशक	:	बाल न्याय समन्वय समिति सचिवालय हरिहरभवन, ललितपुर
सर्वाधिकार	:	बाल न्याय समन्वय समिति सचिवालयमा
प्रकाशन प्रति	:	१०००
प्रकाशन मिति	:	२०७१
लेआउट/डिजाइन	:	भूषण कपाली
मुद्रक	:	के.एम. प्रिण्टर्स

सर्वोच्च अदालत
काठमाडौं, नेपाल



प्रधान न्यायाधीश

मन्तव्य

प्रत्येक मानिस स्वतन्त्र भएर जन्मन्छ तर सबै ठाँउमा उ बन्धनमा हुन्छ (A man is born free but everywhere he is in chain) । बालबालिका स्वभावले नै निर्मल, निश्छल र निर्दोष हुन्छन् तर पनि जानी नजानी कानूनसंग विवादमा पर्ने गरेका हुन्छन् । देशको विद्यमान फौजदारी कानून उल्लंघन गरेको आरोप लागेका वा दण्ड विधान (Penal Law) अनुसार दण्डको भागीदार बनाइनु पर्ने अवस्थाका बालबालिकाहरुलाई वयस्क सरह नभई छुट्टै बाल न्याय प्रणालीका मान्यता अनुसार भिन्न व्यवहार गर्नु पर्दछ भन्ने विश्व मान्यतालाई सन् १९९० यता नेपालले पनि अपनाई आएको छ ।

मनसायरहित कुनै कानूनको उल्लंघन गर्न पुगेका वा आरोप लागेका बालबालिकाहरुलाई न्यायिक प्रकियामा बालमैत्री वातावरणमा स्वच्छ सुनुवाईको सुनिश्चित् गर्नु पर्दछ । पुर्पक्षको क्रममा कतिपय बालबालिकाहरुलाई अनुचित तवरले थुनामा राखिएको सत्यले मेरो ध्यान आकर्षण गराएको छ । बालबालिकाहरुलाई स्वतन्त्रताबाट वञ्चित (Deprivation of Liberty) गर्ने कार्यविधि अन्तिम विकल्पको रुपमा मात्र प्रयोग गरिनु पर्दछ भन्ने मान्यतालाई ठाडै अस्वीकार गरेको भन्ने बुझिन्छ । सजायको रुपमा पुर्पक्षको लागि थुनामा राखिने कार्यले निर्दोषिताको अनुमान गर्ने सिद्धान्तको उल्लंघन गर्दछ । सिद्धान्ततः कुनै कसूरको अभियोग वा शंकामा परेका बालबालिकाहरुलाई सो अभियोग र सोबाट हुन सक्ने परिणाम वा सजायको बारेमा निजले बुझ्ने भाषामा जानकारी गराइनु पर्दछ । बालबालिकाको हितलाई प्रतिकूल असर पर्ने अपवादात्मक परिस्थितिमा बाहेक उनीहरुका बाबु आमा, परिवारका सदस्य, अभिभावक, वा संरक्षकसँगको नियमित भेटघाट र सम्पर्कमा रहन मद्दत गर्नु पर्दछ । आफ्नो प्रतिरक्षाको लागि कानूनी प्रतिनिधिसंग परामर्श गर्ने तथा उनीहरुसंग बालमैत्री वातावरणमा वार्तालाप, कुराकानी वा अन्तरवार्ताबाट जानकारी लिने प्रयास गर्नु पर्छ र बालबालिकालाई आवश्यक पर्ने अन्य बालमैत्री न्याय सेवा (Child Friendly Justice Services) हरुको पँहुचको लागि पनि सहयोग गर्नु पर्छ भन्ने नै बाल न्याय प्रणालीको उद्देश्य हो ।

न्यायिक कारवाईका क्रममा स्वच्छ पुर्पक्षका अधिकार (Right of Fair Trial) सुनिश्चित गर्दै हाम्रा अदालतहरुबाट बालबिज्याँई सम्बन्धी मुद्दाको निप्टारा (Disposal) सकेसम्म छोटो अवधिभित्र वा बिना "अनुचित विलम्व" हुनु पर्दछ भन्ने ठानेको छु । यस अवधारणालाई अङ्गिकार गर्दै हाम्रो बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १६ ले अदालतमा मुद्दा दायर भएको मितिले १२० दिनभित्र फैसला गरिसक्नु पर्ने ब्यवस्था पनि गरेको छ । अनुचित विलम्वले बालबालिकाहरुलाई सामाजिक तथा मनोवैज्ञानिक असर पुर्‍याउन सक्ने सम्भावना रहन्छ । सुनुवाईको क्रममा बालबालिकाहरुलाई सहभागी हुने वातावरण सुनिश्चित् गर्दै उनीहरुलाई सामान्य मनोवैज्ञानिक तथा भावनात्मक सहयोगका लागि, बालबालिकाको सर्वोत्तम हित प्रतिकुल अवस्थामा बाहेक, बाबुआमा तथा संरक्षकलाई उपस्थित गराउनु पर्ने कुरामा पनि जोड दिन चाहन्छु ।

नेपालमा बाल न्याय प्रणालीको विकासका लागि भएका प्रयासहरुको थालनी भएको खासै धेरै भएको छैन । नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेपश्चात उक्त महासन्धिमार्फत सिर्जित दायित्वलाई व्यवहारमा लागू गर्न बालबालिका सम्बन्धी ऐन, २०४८; बालबालिका सम्बन्धी नियमावली, २०५१ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी भई कार्यान्वयनमा रहेको छ । यस नियमावली बमोजिम गठित विशिष्टिकृत निकायको रुपमा बाल न्याय समन्वय समितिले नेपालको बाल न्याय प्रणालीलाई सुदृढिकरणका लागि महत्वपूर्ण कदम चालेको छ । बालमैत्री वातावरणमा बालबिज्याँई सम्बन्धी मुद्दाको सुनुवाई गर्न ५६ जिल्ला अदालतहरुमा बाल इजलास तथा बालमैत्री कक्षको भौतिक पुर्वाधार निर्माणको कार्य सम्पन्न भएको छ र यी बाल इजलास विस्तार भएका जिल्लाहरुबाट छनौट भएका समाजसेवी र बालमनोवैज्ञानिकहरुलाई आधारभूत तालीम पनि प्रदान गरिएको छ र सो बमोजिम बाल बिज्याँई सम्बन्धी मुद्दाहरुमा सामुहिक सुनुवाई (Collaborative Hearing) को अभ्यास पनि भई रहेको छ ।

बालबालिकाहरु भविष्यका कर्णधार हुन् तर यसलाई पूर्णता दिन बालबालिकाहरु वर्तमानका पनि हिस्सेदार हुन् भन्ने कुरा मनन् गर्न जरुरी छ । कानूनको विवादमा परेका बालबालिकाहरुलाई पनि समय मै सुधार गर्न सकियो भने उनीहरु भविष्यमा देशका कर्णधार बन्ने कुरामा कुनै विवाद छैन । उनीहरुलाई सही मार्गमा डोर्‍याउनु तथा उनीहरुको सर्वोत्तम भलाईको प्रयास हाम्रो कर्तव्य हो । तसर्थ कानूनको विवादमा परेका बालबालिकाहरुका लागि बाल न्याय प्रशासनको

☎ : +९७७-१-४२६२५४६/४२१२१०४ पोष्ट बक्स् नं. २०४३८ : http://www.supremecourt.gov.np

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

प्रधान न्यायाधीश

प्रभावकारिता र स्तरीयताका लागि कानूनको कार्यान्वयन र अदालती पद्धतिमा संलग्न सबै व्यक्तिहरु जस्तै- अनुसन्धान अधिकारी, अभियोजनकर्ता, प्रतिरक्षी कानून व्यवसायी, न्यायाधीश, सामाजिक कार्यकर्ता तथा अन्य व्यावसायिक व्यक्तिहरुलाई संवेदनशील बनाउन बाल न्यायको विषयवस्तु र उद्देश्यका बारेमा तालीम दिनु अपरिहार्य छ । यस्ता तालीमका विषयवस्तुहरु केवल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानको जानकारी दिने मात्र होइन कि यसका अतिरिक्त बालबालिकाले गर्ने बिज्याँईका सामाजिक र अन्य कारणहरु, बालबालिकाको विकासका मनोवैज्ञानिक तथा अन्य सान्दर्भिक विषयवस्तुहरु पनि समेटिनु पर्दछ भन्ने मलाई लागेको छ । सोहि कारणले बाल न्याय समन्वय समितिको प्रयासमा न्याय प्रणालीसँग सम्बन्धित सबै निकायहरुलाई केन्द्र तथा जिल्ला स्तरमा बाल न्याय सम्बन्धी क्षमता अभिवृद्धि सम्बन्धी तालीम सञ्चालन हुँदै आई रहेको छ । यस प्रयासले केहि हदसम्म बालबिज्याँई सम्बन्धी मुद्दाको निप्टारा (Disposition) गर्दा अदालतका फैसलाहरुमा अन्तर्राष्ट्रिय कानून तथा मापदण्डहरुको व्याख्या गरिएको पनि पाइएको छ जुन निकै सह्रानीय छ ।

बाल न्यायको प्रमुख उद्देश्य कानूनको विवादमा परेका बालबालिकाहरुलाई सुधार गर्नु हो । सामाजिक तथा मनोवैज्ञानिक कारणले बालबालिकाहरुले कानूनले निषेध गरेका गलत कार्य (Wrong Doing) गर्न पुग्दछन् । मनसायरहित तवरले (Without Criminal Intent) कानूनको उल्लघन गर्न पुगेका यस्ता बालबालिकाहरुलाई संस्थागत सुधारका लागि भक्तपुर, कास्की र मोरङ जिल्लामा बाल सुधार गृहको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । सुधार गृहमा बालबालिकाको शिक्षा, सीप विकास, आचरण र मनोविज्ञान लगायत विभिन्न सुधारात्मक कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । बालबिज्याँईमा परेकै कारणले सुधार गृहमा रहेका बालबालिकाहरुको गुणस्तरीय शिक्षाको आधारभूत अधिकारलाई सुनिश्चित् गर्न भने सकिएको छैन् । कानूनको विवादमा परेकै कारण त्यस्ता बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको हनन् गरिनु हुँदैन भन्ने मेरो मान्यता रहेको छ र त्यस तर्फ ठोस कदम चालिनु पर्ने अपरिहार्य भई सकेको छ । त्यस्तै बालबालिकाहरु पुनः बिज्याँईमा पर्न सक्ने सम्भावित जोखिम स्थितिको रोकथाम गर्न र सुधार गृहबाट छुटेर गएका बालबालिकाहरुको पुनर्स्थापना, पारिवारिक पुर्नमिलन र स-सम्मान सामाजिक पुर्नएकीकरणका लागि आई पर्ने समस्याका बारेमा अझ धेरै काम गर्न बाँकी छ ।

नेपालको बाल न्याय प्रशासनको सन्दर्भमा बाल न्याय समन्वय समितिको स्थापनाकाल देखि यस समितिको सचिवालयमा प्रतिवादी बालबालिकाले गरेको कसुरको संख्या र प्रकृति, पुर्पक्षको लागि थुनामा राखिने अवधि, अभियोजन सम्बन्धी मुद्दाको प्रकृति, अभियोग प्रमाणित भएका बालबालिकाको संख्या, उनीहरुलाई तोकिएको सजायको प्रकृति, फैसला गर्न लागेको अवधि, संस्थागत सुधारमा रहेका बालबालिका आदि जस्ता आधारभूत तथा एकीकृत विवरणको व्यवस्थापनमा जोड दिएको छ । सो बमोजिम बाल न्याय प्रशासनको अभ्याससँग सम्बन्धित रहेर छरिएर रहेका विवरणहरुलाई एकीकृत गरी बाल न्याय सम्बन्धी प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी प्रतिवेदन प्रकाशित गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ । यद्यपि यो प्रयास पहिलो हो तापनि आगामी वर्षहरुमा अझ विस्तृत विवरण सहित प्रतिवेदन प्रकाशन हुनेछ भन्ने आशा लिएको छु । यस प्रतिवेदनले बाल न्याय सम्पादनमा हाम्रा निकायहरुबाट बाल न्याय सम्पादनमा भएका अभ्यासहरुलाई स्वमुल्याङ्कन (Self Evaluation) गर्ने अवसर पनि प्रदान गर्नेछ जस्ले गर्दा आगामी दिनहरुमा नेपालको बाल न्याय प्रणालीलाई अझ सुदृढ बनाउन सहयोग गर्नेछ भन्ने मलाई लागेको छ । यो प्रकाशन विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, बालअधिकारकर्मी, बालबालिकासँग सम्बन्धित नागरिक समाज तथा अन्तर्राष्ट्रिय जगतलाई पनि उपयोगी हुने देखेको छु । यस्तो महत्वपूर्ण कार्यमा जुट्नु हुने बाल न्याय समन्वय समितिको सचिवालयका कर्मचारीहरु श्री प्रकाश राउत, रोम थापा, पुष्कर थापा, खुश्बु शाह, जस्को सक्रिय प्रयास बिना यो कार्य संभव थिएन, लाई मेरो व्यक्तिगत तर्फबाट र बाल न्याय समन्वय समितिको तर्फबाट पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

मिति : २०७१।०७।२०

(रामकुमार प्रसाद शाह)
प्रधान न्यायाधीश

प्रकाशकीय

नेपालको बाल न्याय प्रणालीलाई परम्रागत फौजदारी न्याय प्रणालीभन्दा अलग न्याय प्रणालीको रुपमा विकास गर्ने प्रयास भइरहेको छ । बालबालिकासम्बन्धी ऐन, २०४८; बालबालिकासम्बन्धी नियमावली, २०५१ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मा बाल न्यायसम्बन्धी विशिष्ट व्यवस्थाहरु गरिएका छन् । नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ पनि जारी गरेको छ । संरचनागत रुपमा बाल न्याय (कार्यविधि) नियमावलीबमोजिम गठित बाल न्याय समन्वय समिति एक विशिष्ट निकायको रुपमा रहेको छ भने जिल्ला स्तरमा पनि बाल न्यायसंग सरोकार राख्ने निकायहरु बीच समन्वय र सहकार्य गर्न जिल्ला बाल न्याय समन्वय समितिको पनि गठन भएको छ । यस समिति नेपालको बाल न्याय प्रणालीलाई सुदृढिकरण तथा विकासको लागि प्रतिवद्ध छ ।

प्रत्येक जिल्ला अदालतबाट बाल न्याय समन्वय समिति सचिवालयलाई प्राप्त मुद्दाहरुको विवरणलाई कम्प्युटर सफ्टवेर निर्माण गरी व्यवस्थापन गर्ने कार्यको थालनी आर्थिक वर्ष २०६२/०६३ बाट प्रारम्भ भएको हो । शुरुको वर्षमा बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण सत्प्रतिशत जिल्लाबाट आएका थिएनन् । तर पछिल्ला वर्षहरुमा मुद्दाहरुको जिल्लागत विवरणहरु क्रमशः नियमित रुपमा प्राप्त हुने गरेका छन् । यसरी सचिवालयलाई प्रत्येक जिल्ला अदालतहरुबाट प्राप्त हुने बालबिज्याँईसम्बन्धी मुद्दाहरुको विवरणमा आधारित रहेर "नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन-२०७१" तयार पारी प्रकाशनमा ल्याएको यो पहिलो अवसर हो । प्रत्येक जिल्ला अदालतहरुबाट आर्थिक वर्ष २०६२/०६३ देखि २०७०/०७१ सम्ममा प्राप्त विवरणहरुलाई एकीकृत रुपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ भने आर्थिक वर्ष २०७०/०७१ मा मात्र प्राप्त विवरणलाई विश्लेषण गरी यस प्रतिवेदनमा छुट्टै प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलन गर्ने क्रममा बालबिज्याँईसम्बन्धी घटनाको प्रकृति र ती घटनाहरुमा संलग्न बालबालिकाहरुको विवरण नेपाल प्रहरी, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट लिइएको छ । अभियोजन गरिएका बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति र ती मुद्दाहरुमा संलग्न बालबालिकाहरुको विवरण महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०६९/०७० बाट लिइएको छ । संस्थागत सुधारमा रहेका बालबालिकाहरुको विवरण र सुधार गृहबाट छुटकारापश्चात् पारिवारिक पुर्नमिलन तथा सामाजिक पुर्नएकिकरणका लागि छुटेर गएका बालबालिकाहरुको विवरण बाल सुधार गृह, भक्तपुरबाट लिइएको छ ।

यस प्रतिवेदन प्रकाशनको मुख्य उद्देश्य बालबिज्याँईकासम्बन्धी घटनाहरुको प्रकृती र बालबालिकाहरुको संलग्नता, बालबिज्याँईसम्बन्धी अभियोजन गरिएका मुद्दाहरुको प्रकृति र प्रतिवादी बालबालिकाहरु विवरण, बालबिज्याँईसम्बन्धी अदालतमा दायर भएका मुद्दाको विवरण तथा संस्थागत सुधारमा रहेका बालबालिकाहरुको अवस्था विश्लेषण गरी बाल न्याय प्रणालीसंग सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसमक्ष पुर्‍याउनु हो । यस प्रतिवेदनले नेपालको बाल न्याय प्रणालीमा देखिएका समस्या र चुनौतिहरुलाई उजागर गर्नेछ भने समस्या समाधानका लागि बाटो पनि देखाउनेछ । अझ महत्वपूर्ण

रुपमा बाल न्याय प्रणालीसँग सम्बन्धित निकायहरुका लागि यस प्रतिवेदनले ऐनाको रुपमा काम गर्नेछ र समिक्षा गर्ने अवसर पनि प्रदान गर्नेछ भन्ने लागेको छ । यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्याङ्कका आधारमा अनुसन्धानकर्मिहरुका लागि थप विषयगत अनुसन्धान गर्न प्रेरित गर्नेछ साथै बाल न्यायसम्बन्धी हामीले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई व्यवहारमा उतार्ने तथा कार्यान्वयनको मापन गर्ने माध्यमका रुपमा पनि यो प्रतिवेदनले काम गर्नेछ ।

बाल न्याय प्रणालीसंग सम्बन्धित सबै निकायहरुले देशको विद्यमान फौजदारी कानूनको उल्लंघन गरेको आरोप लागेका वा दण्ड विधान (Penal Law) अनुसार दण्डको भागीदार बनाइनु पर्ने बालबालिका तथा अपराध पीडित बालबालिकाहरुको तथ्याङ्कलाई सम्बन्धित निकायहरुले व्यवस्थित गर्न नसकेकै कारण एकीकृत रुपमा धेरै विषयवस्तुहरु यस प्रतिवेदनमा समेट्न सकिएको छैन । संस्थागत सुधारमा रहेका बालबालिकाहरु सुधार गृहबाट छुटेर गएपश्चात् पुनःबिज्याँईमा संलग्न हुन सक्ने सम्भावना हुन्छ तर ती बालबालिकाहरुको तथ्याङ्क भने यस प्रतिवेदनमा समेट्न सकिएको छैन । बिज्याँईमा पर्न सक्ने सम्भावित जोखिम स्थितिमा रहेका बालबालिकाहरुको तथ्याङ्क पनि सङ्कलन गर्न सकिएको छैन । अझ महत्वपूर्ण रुपमा अपराध पीडित बालबालिकाहरुको तथ्याङ्क पनि यस प्रतिवेदनमा समेट्न सकिएको छैन । आगामी दिनहरुमा यी विषयगत बालबालिकाहरुको विवरणहरु सङ्कलन गरि प्रतिवेदनमा समेट्ने प्रयास गरिनेछ ।

यो प्रतिवेदन तयारीका लागि बालबिज्याँईसम्बन्धी घटनाको विवरणहरु उपलब्ध गराई सहयोग गरिदिने नेपाल प्रहरी, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका निर्देशनालय तथा संस्थागत सुधारमा रहेका बालबलिकाहरुको विवरण उपलब्ध गराई सहयोग गरिदिनु हुने बाल सुधार गृहप्रति हार्दिक आभार व्यक्त गर्दछु । मासिक रुपमा बालबिज्याँईसम्बन्धी मुद्दाहरुको विवरण नियमित रुपमा यस समितिको सचिवालयमा उपलब्ध गराउने ७५ वटै जिल्ला अदालतहरुप्रति पनि आभार व्यक्त गर्न चाहन्छु । प्रतिवेदनको शुद्धाशुद्धि तथा वाक्याँश सम्पादन गरेर सहयोग गरिदिनु हुने सर्वोच्च अदालतका सह रजिष्ट्रार श्री बिपुल न्यौपानेज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदन लेखन कार्यमा जुट्नु हुने यस सचिवालयका कर्मचारीहरु श्री रोम थापा, पुष्कर थापा, खुश्वु शाह, अमर खड्काज्यूप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी वर्षहरुमा अझ विस्तृत विवरणसहित यस प्रतिवेदनको प्रकाशनलाई निरन्तरता दिने प्रतिवद्धतासमेत व्यक्त गर्न चाहन्छु ।

.....

प्रकाश राउत
उप सचिव
बाल न्याय समन्वय समिति सचिवालय

सारसंक्षेप

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले सिर्जना गरेको विशिष्टिकृत निकायका रुपमा बाल न्याय समन्वय समितिको सचिवालयले बालबिज्याँईसम्बन्धी मुद्दाहरुको एकीकृत तथ्याङ्कलाई व्यवस्थित बनाउन आर्थिक वर्ष २०६२/०६३ बाट जिल्लागत रुपमा बालबालिकाहरु प्रतिवादी भएका मुद्दाहरुको तथ्याङ्क सङ्कलन गर्न शुरुवात गरेको हो। प्रत्येक जिल्ला अदालतबाट मासिक रुपमा प्राप्त हुने बालबिज्याँईसम्बन्धी मुद्दाको विवरणको आधारमा पहिलो पटक "नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन–२०७१" प्रतिवेदन प्रकाशनमा ल्याइएको छ।

आर्थिक वर्ष २०६२/०६३ सालदेखि २०७०/०७१ सम्म दर्ता भएका जम्मा ६१५ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ४५५ अर्थात् ७३.९ प्रतिशत मुद्दाहरु फैसला भइसकेका छन् भने १६० अर्थात् २६.१ प्रतिशत मद्दाहरु फैसला हुन बाँकी छन्।

आर्थिक वर्ष २०६२/०६३ सालदेखि २०७०/०७१ सम्म दर्ता भएका जम्मा ६१५ वटा मुद्दाहरुमध्ये मुख्यमुख्य मुद्दाहरुमा जवरजस्ती करणी २३६, साधारण चोरी ७०, नकवजनी चोरी ५३, जवरजस्ती करणी उद्योग ३६, ज्यान मार्ने उद्योग ३५, लागूऔषध ३६, सार्वजनिक अपराध २५ रहेका छन्।

सालबसाली रुपमा मुद्दाको संख्या हेर्दा आर्थिक वर्ष २०६९/०७० मा १४० अर्थात् २२.७ प्रतिशत, आर्थिक वर्ष २०६८/०६९ मा ११२ अर्थात् १८.२ प्रतिशत, आर्थिक वर्ष २०६७/०६८ र आर्थिक वर्ष २०७०/०७१ मा ९२/९२ अर्थात् १५/१५ प्रतिशत, आर्थिक वर्ष २०६६/०६७ मा ७६ अर्थात् १२.४ प्रतिशत, र आर्थिक वर्ष २०६५/०६६ मा ५६ अर्थात् ९.१ प्रतिशत मुद्दाहरु परेका छन्।

फैसला गरिएका जम्मा ४५५ मुद्दाहरुमध्ये ४ महिनाभित्र जम्मा ९४ अर्थात् २०.६ प्रतिशत, ६ महिनाभित्र जम्मा ७० अर्थात् १५.४ प्रतिशत, १ वर्षभित्र १५४ अर्थात् ३३.९ प्रतिशत, २ वर्षभित्र १२२ अर्थात् २६.८ प्रतिशत मुद्दाहरु फैसला भएका छन् भने २ वर्षभन्दा बढि समयमा जम्मा १५ अर्थात् ३.३ प्रतिशत मुद्दाहरु फैसला गरिएका छन्।

बालबिज्याँईसम्बन्धी फैसला गरिएका जम्मा ४५५ मुद्दाहरुमध्ये २७० अर्थात् ५९.३ प्रतिशत मुद्दाहरुमा बालबालिकालाई दोषि ठहर गरिएको छ भने १११ अर्थात् २४.९ प्रतिशत मुद्दामा सफाई दिइएको छ। १३ अर्थात् २.९ प्रतिशत मुद्दाहरु परिवर्तन गरिएको छ। ३ वटा मुद्दा अर्थात् ०.७ प्रतिशत मुद्दामा आंशिक ठहर गरिएको छ। बाँकी ५८ वटा मुद्दा अर्थात् १३ प्रतिशत मुद्दाको फैसलाको प्रकृति खुलेको छैन।

बालबिज्याँईसम्बन्धी ठहर भएका जम्मा ३३४ मुद्दाहरुमा सजायको प्रकृतिलाई हेर्दा ६७ अर्थात् २०.१

प्रतिशत मुद्दामा सजाय स्थगन, १६८ अर्थात् ५०.३ प्रतिशत मुद्दामा कैद, १० अर्थात् ३ प्रतिशत मुद्दामा जरिवाना, ७९ अर्थात् २३.६ प्रतिशत मुद्दामा कैद र जरिवाना दुबै र १० अर्थात् ३ प्रतिशत मुद्दामा सम्झाईबुझाई गरी छाडिएको छ ।

बालबिज्याँईसम्बन्धी प्रतिवादीको लिङ्गगत विवरण खुलेका जम्मा ५८९ वटा मुद्दाहरुमा जम्मा प्रतिवादी बालबालिकाहरुको संख्या ७५३ रहेको छ जसमध्ये प्रतिवादी बालकको संख्या ७२६ अर्थात् ९६.४ प्रतिशत रहेको छ भने प्रतिवादी बालिकाहरुको संख्या १७ अर्थात् २.३ प्रतिशत मात्र रहेको छ । बाँकी ७ वटा मुद्दाको जम्मा १० अर्थात् १.३ प्रतिशत प्रतिवादी बालबालिकाको लिङ्ग खुल्न सकेको छैन ।

बालबिज्याँईमा संलग्न बालबालिकाहरुको उमेर समुहगत रुपमा हेर्दा १४ वर्ष मुनिका बालबालिकाहरुको संख्या १७३ अर्थात् २२.९ प्रतिशत र १४ देखि १६ वर्षसम्मका बालबालिकाहरु ५५३ अर्थात् ७३.४४ प्रतिशत देखिन्छ । बाँकी २७ अर्थात् ५.५९ प्रतिशत बालबालिकाहरुको उमेर समुह खुलेको छैन ।

आर्थिक वर्ष २०६२/०६३ देखि आर्थिक वर्ष २०७०/०७१ सम्ममा बाल न्याय समन्वय समिति सचिवालयलाई प्राप्त जम्मा ६१५ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ५०९ अर्थात् ८२.८ प्रतिशत मुद्दा बाल इजलासबाट हेरिएका छन् भने बाँकी १०६ अर्थात् १७.२ प्रतिशत मुद्दा साधारण इजलासबाट हेरिएका छन् ।

आर्थिक वर्ष २०७०/०७१ मा प्रहरीमा दर्ता भएका बालबिज्याँईसम्बन्धी घटनाहरुमा संलग्न प्रतिवादी बालबालिकाहरुको लिङ्गगत विवरण हेर्दा जम्मा बालबालिकाको संख्या २८२ देखिन्छ जसमध्ये बालकको संख्या २६० अर्थात् ९२.२ प्रतिशत र बालिकाको संख्या २२ अर्थात् ७.८ प्रतिशत देखिन्छ ।

जिल्लागत आधारमा बालबिज्याँईसम्बन्धी अभियोजन गरिएका मुद्दाहरुमा जम्मा २०१ जना प्रतिवादी बालबालिकाहरु देखिन्छ जसमध्ये जवरजस्ती करणी/उद्योगमा ४१ अर्थात् २०.४ प्रतिशत, डाँका/चोरीमा ३३ अर्थात् १६.४ प्रतिशत, लागूऔषधमा २१ अर्थात् १०.४ प्रतिशत, ज्यान/ज्यान मार्ने उद्योगमा १९ अर्थात् ९.४ प्रतिशत, मानव बेचविखन र अपहरणमा ५/५ जना अर्थात् २.५ प्रतिशत/२.५ प्रतिशत देखिन्छ भने अन्य मुद्दाहरुमा प्रतिवादी बालबालिकाहरुको संख्या ७७ अर्थात् ३८.३ प्रतिशत देखिन्छ ।

आर्थिक वर्ष २०७०/०७१ मा जम्मा दर्ता भएका ९२ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ४१ अर्थात् ४४.६ प्रतिशत मुद्दाहरु फैसला भइसकेका छन् भने ५१ अर्थात् ५५.४ प्रतिशत मुद्दाहरु फैसला हुन बाँकी छन् ।

आर्थिक वर्ष २०७०/०७१ मा अदालतमा दायर भएका जम्मा ९२ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा

जम्मा प्रतिवादी बालबालिकाहरुको संख्या १०६ देखिन्छ जसको लिङ्गगत विवरण हेर्दा १०३ अर्थात् ९७.१ प्रतिशत बालक रहेका छन् भने प्रतिवादी बालिकाको संख्या देखिँदैन । बाँकी ३ जना अर्थात् २.९ प्रतिशत प्रतिवादी बालबालिकाको लिङ्ग खुल्नको छैन ।

बालबिज्याँईसम्बन्धी जम्मा ९२ मुद्दाहरुमा संलग्न जम्मा प्रतिवादी बालबालिकाहरुको संख्या १०६ रहेको र यो संख्यालाई उमेरगत समुहमा हेर्दा १४ वर्ष मुनिका बालबालिकाहरुको संख्या ५५ अर्थात् ५१.९ प्रतिशत रहेको छ भने १४ देखि १६ वर्ष बीचका बालबालिकाहरुको संख्या ४५ अर्थात् ४२.४ प्रतिशत देखिन्छ ।

आर्थिक वर्ष २०७०/०७१ मा जिल्लागत बालबिज्याँईसम्बन्धी मुद्दा हेर्दा बाँकेमा १८, सुनसरीमा १३, काठमाडौंमा १० र रुपन्देहीमा ९ मुद्दाहरु परेका छन् । त्यस्तै सुर्खेतमा ५, बर्दियामा ४ र संखुवासभा, खोटाङ, रुकुम, दाङ र दैलेख जिल्ला अदालतमा ३/३ वटा मुद्दाहरु परेका छन् ।

आर्थिक वर्ष २०७०/०७१ मा बालबिज्याँईसम्बन्धी फैसला गरिएका जम्मा ४१ मुद्दाहरुमध्ये २८ अर्थात् ६८.३ प्रतिशत मुद्दाहरुमा बालबालिकालाई दोषि ठहर गरिएको छ भने ८ अर्थात् १९.५ प्रतिशत मुद्दाहरुमा बालबालिकाहरुलाई सफाई दिइएको छ । त्यस्तै ५ अर्थात् १२.२ प्रतिशत मुद्दाहरुको फैसला विवरण खुलेको छैन ।

आर्थिक वर्ष २०७०/०७१ मा बालबिज्याँईसम्बन्धी दोषि ठहर गरिएका जम्मा २८ मुद्दाहरुमध्ये १३ अर्थात् ४६.४ प्रतिशत मुद्दामा सजाय स्थगन गरिएको छ भने ८ अर्थात् २८.६ प्रतिशत मुद्दामा कैद ठेकिएको छ। त्यस्तै १ अर्थात् ३.६ प्रतिशत मुद्दामा जरिवाना गरिएको छ भने बाँकी ६ अर्थात् २१.४ प्रतिशत मुद्दामा कैद र जरिवाना दुवै सजाय गरिएको छ ।

आर्थिक वर्ष २०७०/०७१ सालमा जम्मा फैसला भएका ४१ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुको फैसला गर्न लागेको समय अवधि हेर्दा जम्मा २५ अर्थात् ६१ प्रतिशत मुद्दाहरु ४ महिनाभित्र, ८ अर्थात् १९.५ प्रतिशत मुद्दाहरु ६ महिनाभित्र र बाँकी ८ अर्थात् १९.५ प्रतिशत मुद्दाहरु १ वर्षभित्र फैसला गरिएको छ ।

बाल सुधार गृह, भक्तपुरमा प्रवेश गरेका जम्मा ९७६ जना बालबालिकाहरुको मुद्दागत विवरण हेर्दा आर्थिक वर्ष २०५८/०५९ मा १० अर्थात् १.१ प्रतिशत, आर्थिक वर्ष २०५९/०६० मा १५ अर्थात् १.६ प्रतिशत, आर्थिक वर्ष २०६०/०६१ मा ३७ अर्थात् ३.८ प्रतिशत, आर्थिक वर्ष २०६१/०६२ मा ४१ अर्थात् ४.२ प्रतिशत, आर्थिक वर्ष २०६२/०६३ मा ५८ अर्थात् ६ प्रतिशत, आर्थिक वर्ष २०६३/०६४ मा ११० अर्थात् ११.२ प्रतिशत, आर्थिक वर्ष २०६४/०६५ मा १२८ अर्थात् १३.१ प्रतिशत, आर्थिक वर्ष २०६५/०६६ मा ८८ अर्थात् ९.१ प्रतिशत, २०६६/०६७ मा ५९ अर्थात् ५.१ प्रतिशत, २०६७/०६८ मा १२९ अर्थात् १३.२ प्रतिशत, २०६८/०६९ मा १३६ अर्थात् १३.९ प्रतिशत, २०६९/०७० मा ९४

अर्थात् ९.६ प्रतिशत र २०७०/०७१ मा ७१ अर्थात् ७.३ प्रतिशत बालबालिकाहरु विभिन्न बिज्याँईमा संलग्न भएको देखिन्छन् ।

तीन वटै बाल सुधार गृहमा प्रवेश गरेका जम्मा १०८६ बालबालिकाहरुमध्ये बालक १०५१ अर्थात् ९७ प्रतिशत र बाँकी ३५ अर्थात् ३ प्रतिशत मात्र बालिका रहेका छन् ।

कास्की जिल्लाको सराङकोट बाल सुधार गृहमा आर्थिक वर्ष २०६८/०६९ मा ७ जना बालबालिकाहरु सुधार गृहमा प्रवेश गरेका छन् भने जम्मा २ जना बालबालिकाहरु छुटेर गएका छन् । आर्थिक वर्ष २०६९/०७० मा जम्मा ३८ जना बालबालिकाहरु सुधार गृह प्रवेश गरेका छन् भने २२ जना छुटेर गएका छन् । र, आर्थिक वर्ष २०७०/०७१ मा २५ जना बालबालिकाहरु सुधार गृह प्रवेश गरेका छन् भने २२ जना छुटेर गएका छन् ।

सराङकोट बाल सुधार गृहमा आर्थिक वर्ष ०६८/०६९ मा प्रवेश गरेका जम्मा ७ जना बालबालिकाहरुको मुद्दागत विवरण हेर्दा ४ जना नकवजनी चोरीमा, १/१ जना लागूऔषध, ज्यान मार्ने उद्योग र जवरजस्ती करणी मुद्दामा संलग्न देखिन्छन् । त्यस्तै आर्थिक वर्ष २०६९/०७० मा प्रवेश गरेका जम्मा ३८ जना बालबालिकाहरुमध्ये १९ जना कर्तव्य ज्यानमा, १३ जना जवरजस्ती करणीमा, २ जना नकवजनी चोरीमा र १/१ जना मानव अपहरण, कुटपिट र लागूऔषध मुद्दामा संलग्न भएको देखिन्छ । आर्थिक वर्ष ०७०/०७१ मा जम्मा २५ जना बालबालिकाहरुमध्ये ६ जना ज्यान मार्ने उद्योगमा, ५/५ जना जवरजस्ती करणीमा र चोरीमा, ४ जना लागूऔषधमा र १/१ जना नकवजनी चोरी र कर्तव्य ज्यान मुद्दामा संलग्न भएको देखिन्छ ।

मोरङ जिल्लाको विराटनगर बाल सुधार गृहमा आर्थिक वर्ष २०७०/०७१ जम्मा ४० जना बालबालिकाहरु प्रवेश गरेका छन् भने १८ जना छुटेर गएका छन् ।

विराटनगर बाल सुधार गृहमा आर्थिक वर्ष २०७०/०७१ मा प्रवेश गरेका जम्मा ४० जना बालबालिकाहरुको मुद्दागत विवरण हेर्दा जवरजस्ती करणीमा ३० जना, कर्तव्य ज्यानमा ४ जना, लागूऔषधमा ३ जना, नकवजनी चोरीमा २ जना र डाँकामा १ जना संलग्न भएको देखिन्छ ।

विषयसूची

परिच्छेद १ : परिचय १–१२

१.१ परिचय १

१.२ बाल न्याय समन्वय समितिको गठन ४

१.३ बाल न्याय समन्वय समितिको काम, कर्तव्य र अधिकार ५

१.४ बाल न्याय समन्वय समितिबाट हालसम्म भए गरेका कार्यहरु ५

१.४.१ बाल इजलासको भौतिक पुर्वाधार निर्माण तथा सि.सि.टि.भि.जडान ५

१.४.२ बाल इजलासमा सहभागी हुने बालमनोवैज्ञानिकहरुका लागि बाल न्याय र बालमनोविज्ञान विषयक आधारभूत तालीम प्रदान ७

१.४.३ बाल इजलासमा सहभागी हुने समाजसेवीहरुका लागि बाल न्याय र सामाजिक कार्य विषयक आधारभूत तालीम प्रदान ७

१.४.४ सेवा प्रदायक संस्थाका प्रतिनिधीहरुका लागि सामाजिक अध्ययन प्रतिवेदन तयारीसम्बन्धी तालीम ८

१.४.५ बालबालिकाका लागि न्याय विषयक राष्ट्रिय कार्यशाला गोष्ठी (National Workshop on Justice For Children) ९

१.४.६ बालबालिकाका लागि न्यायः भएका प्रयासहरुको पुनरावलोकन तथा रणनीतिक योजना निर्माण कार्यशाला गोष्ठी (Justice for Children: Review of Initiatives and Strategic Planning Workshop) ९

१.४.७ बालबालिकासम्बन्धी विधेयक–२०६६ को मसौदा निर्माण १०

१.४.८ नेपालको बाल न्याय प्रणाली र सरोकारवालाहरुको भूमिका र समन्वय विषयक जिल्ला स्तरीय एक दिवसिय अन्तरक्रिया कार्यक्रम १०

१.४.९ बालबालिकाहरुको उमेर परिक्षणका लागि सहयोग १०

१.४.१० बालबिज्याँईसम्बन्धी मुद्दा निप्टारामा सहभागी हुने सामाजसेवी तथा बालमनोवैज्ञानिकहरुलाई पारिश्रमिक प्रदान ११

१.४.११ सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिएबापत सेवा प्रदायक संस्थालाई पारिश्रमिक प्रदान ११

१.५.१२ संस्थागत सुधारमा रहेका बालबालिकाहरुका लागि सहयोग ११

१.४.१३ अध्ययन अनुसन्धान तथा प्रकाशन ११

परिच्छेद २ : बाल न्यायसम्बन्धी राष्ट्रिय कानून १३-२३
२.१ नेपालको अन्तरिम संविधान, २०६३ १३
२.२ बालबालिकासम्बन्धी ऐन, २०४८ १४
२.३ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ १९

परिच्छेद ३: बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण २५-३८
३.१ जिल्लागत आधारमा बालबिज्याँईसम्बन्धी जम्मा मुद्दा, फैसला भएको मुद्दा र बाँकी मुद्दाको विवरण २५
३.२ विषयगत आधारमा बालबिज्याँईसम्बन्धी जम्मा मुद्दा, फैसला भएको मुद्दा र फैसला हुन बाँकी मुद्दाको विवरण २७
३.३ बालबिज्याँईसम्बन्धी मुद्दा संख्याको सालबसाली विवरण २९
३.४ विषयगत आधारमा बालबिज्याँईसम्बन्धी मुद्दाको सालबसाली विवरण ३०
३.५ विषयगत आधारमा बालबिज्याँईसम्बन्धी मुद्दाको संख्या र फैसला गर्न लागेको अवधि ३१
३.६ जिल्लागत आधारमा बालबिज्याँईसम्बन्धी मुद्दामा भएको फैसलाको प्रकृति ३२
३.७ बालबिज्याँईसम्बन्धी ठहर भएका मुद्दामा गरिएको सजायको प्रकृति ३४
३.८ बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा प्रतिवादी खुलेको मुद्दाको विवरण ३५
३.९ प्रतिवादी खुलेको बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा प्रतिवादीको लिङ्गगत विवरण ३६
३.१० बालबिज्याँईसम्बन्धी प्रतिवादी खुलेका मुद्दाहरुमा उमेरको आधारमा प्रतिवादी बालबालिकाहरुको बर्गिकरण ३६
३.११ बाल इजलासबाट हेरिएका जम्मा मुद्दा संख्या ३८

परिच्छेद ४: आर्थिक वर्ष २०७०/०७१ को बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण ३९-४८
४.१ बालबिज्याँईसम्बन्धी घटनाको प्रकृति र प्रतिवादी बालबालिकाहरुको लिङ्गगत विवरण ३९
४.२ जिल्लागत आधारमा बालबिज्याँईसम्बन्धी अभियोजन गरिएका मुद्दाहरुमा प्रतिवादी बालबालिकाहरुको विवरण ४०
४.३ मुद्दागत आधारमा बालबिज्याँईसम्बन्धी अभियोजन गरिएका मुद्दाहरुमा प्रतिवादी बालबालिकाहरु विवरण ४२
४.४ बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण ४३
४.५ प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत बिवरण ४४
४.६ प्रतिवादी बालबालिका र उमेर समुह ४५
४.७ जिल्लागत आधारमा मुद्दा संख्या विवरण ४६
४.८ बालबिज्याँईसम्बन्धी मुद्दामा फैसला भएको मुद्दा संख्या र फैसलाको प्रकृति ४७
४.९ बालबिज्याँईसम्बन्धी ठहर भएका मुद्दामा सजायको किसिम ४७
४.१० बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसला गर्न लागेको अवधि ४८

परिच्छेद ५: संस्थागत सुधारमा रहेका बालबालिकाहरूको विवरण ४९–५६

५.१ बाल सुधार गृहमा प्रवेश गरेका र पारिवारिक पूर्नमिलनमा गएका बालबालिकाहरुको विवरण ५०

५.२ बाल सुधार गृह, भक्तपुरमा स्थापनाकालदेखि हालसम्मको मुद्दागत विवरण ५१

५.३ बाल सुधार गृह, भक्तपुर, सराङकोट र विराटनगरमा आर्थिक वर्ष २०७०/०७१ साल सम्ममा प्रवेश गरेका बालबालिकाहरुको लिङ्गगत विवरण ५३

५.४ बाल सुधार गृह, सराङकोटमा प्रवेश गरेका र पारिवारिक पूर्नमिलनमा गएका बालबालिकाहरुको विवरण ५४

५.५ बाल सुधार गृह, सराङकोट, कास्किमा रहेका बालबालिकाहरुको मुद्दागत विवरण ५४

५.६ बाल सुधार गृह, विराटनगर, मोरङमा प्रवेश गरेका र पारिवारिक पूर्नमिलनमा गएका बालबालिकाहरुको विवरण ५५

५.७ संस्थागत सुधारका लागि बाल सुधार गृह, विराटनगर, मोरङमा स्थापनाकालदेखि हालसम्म रहेका बालबालिकाहरुको मुद्दागत विवरण ५६

अनुसूची

१. विकास क्षेत्रगत आधारमा बाल इजलास गठन भएका जिल्लाहरु (जम्मा ५६)

२. सामाजसेवी र बालमनोवैज्ञानिकहरुको नामावली

३. बाल न्याय (कार्यविधि) नियमावली, २०६३

४. बालअधिकारसम्बन्धी महासन्धि, १९८९

परिच्छेद १

परिचय

१.१ परिचय

बालबालिकाहरु स्वभावतः एक निश्चित् उमेरसम्म शारीरिक र मानसिक रुपले परिपक्व भइसकेका हुँदैनन् । अपरिपक्वता र मनसायरहित तवरबाट कानूनले निषेध गरेका कार्यहरु बालबालिकाहरुबाट हुने गर्दछ । यस्तो कार्य गरेबापत वयस्कलाईसरह बालबालिकाहरुलाई फौजदारी उत्तरदायित्व वहन गराउन हुँदैन र कानूनको वर्खिलापमा गरिएका कार्यलाई वयस्कले गर्ने अपराधकै कोटिमा राखिँदैन । वयस्क अपराधीलाईझै दण्डात्मक सजाय दिने कार्यले उनीहरु स्वयं तथा अन्ततः समाज तथा राष्ट्रलाई नै हित गर्दैन । तसर्थ बालबालिकाले गर्ने यस्तो मनसायरहित तरिकाले गरिएको गलत कार्य (Wrong Doing) वा बिज्याँई (Delinquency) गरेबापत यस्ता कानूनको विवादमा पर्ने बालबालिकाहरुलाई न्यायिक सम्बोधन गर्न परम्परागत फौजदारी न्याय प्रणालीभन्दा अलग बाल न्याय प्रणालीको विकास हरेक मुलुकहरुले गरी आएका छन् र नेपालमा पनि यो प्रयास भइरहेको छ ।

देशमा विद्यमान फौजदारी कानूनको उल्लंघन गर्न पुगेका वा कुनै कसूरको अभियोग लागी कानूनको विवादमा पर्न आएका बालबालिकाहरुप्रति कानून कार्यान्वयन गर्ने निकायसँग पहिलो सम्पर्क भएदेखि सम्पूर्ण न्यायिक प्रक्रियामा बालबालिकाको प्रतिष्ठा र मर्यादाको नैसर्गिक अधिकारलाई सम्मान गरिनु पर्दछ । उक्त व्यवहारले बालबालिकाहरुको भावनामा अन्य मानवहरुको आधारभूत अधिकार र मौलिक स्वतन्त्रताप्रति आदर जागृत हुने र समाजमा उनीहरुको सिर्जनात्मक भूमिकालाई प्रवर्धन हुने व्यवहारलाई प्रत्याभूति गरिनु अनिवार्य हुन्छ । यी व्यवहारहरुको सुनिश्चितताको लागि अन्तर्राष्ट्रिय महासन्धि तथा अन्य मापदण्डहरुले कानूनको विवादमा परेका बालबालिकाहरुप्रति गरिनु पर्ने न्युनतम् व्यवहार र अधिकारको प्रत्याभूतिसहित पृथक बाल न्याय प्रणालीको स्थापनालाई जोड दिएका छन् । यस मान्यतालाई सारमा स्थापित गर्न नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेपश्चात् उक्त महासन्धिमार्फत सिर्जित दायित्वलाई व्यवहारमा लागू गर्न बालबालिकासम्बन्धी ऐन, २०४८; बालबालिकासम्बन्धी नियमावली, २०५१; बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ तर्जुमा गरी लागू गरिएको छ । बाल न्याय कार्यविधिगत जटिलतालाई सम्बोधन गर्न बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी भई कार्यान्वयनमा रहेको छ ।

हुनतः नेपालले संयुक्त राष्ट्र संघको महासभाद्वारा १९८९ मा ग्रहण गरिएको बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको २२ वर्ष बितिसकेको छ । सो अनुमोदनपश्चात् पहिलो पटक सन् १९९५ आफ्नो प्रतिवेदन संयुक्त राष्ट संघीय बालअधिकार समितिमा बुझाएको थियो जसको सुनुवाई १९९६ मा भएको थियो । सोहि सुनुवाईपश्चात् उक्त समितिले गरेको समापन टिप्पणीअन्तर्गत बाल न्यायसम्बन्धी प्रमुख चासोको विषयहरुमा कानूनको विवादमा परेका बालबालिकाको न्युनतम् आपराधीक दायित्व बहनको उमेर हद बढाउन, बाल अदालतको स्थापना गर्न, बालबिज्याँईको रोकथाम गर्न, बालबालिकाहरुको स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य विकल्पहरु जस्तै संस्थागत हेरचाह जस्ता वैकल्पिक उपायहरुको प्रवर्धन गर्न, स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरुको अधिकार संरक्षण गर्न तथा कारागारमा बालबालिकाहरुले कैद भोगाईलाई निरुत्साहित गर्न बाल सुधार गृहको स्थापना गर्ने जस्ता विषयहरुमा सुधार गर्न सुझाव दिएको थियो । त्यस्तै सन् २००२ मा नेपालले दोस्रो तथा तेस्रो संयुक्त आवधिक प्रतिवेदन संयुक्त राष्ट्र संघीय बालअधिकार समितिमा प्रस्तुत गरेकोमा सोउपर सुनुवाई भई समितिको समापन टिप्पणीमा नेपालको बाल न्यायसम्बन्धी केहि विषयमा गम्भीर चासो व्यक्त गरिएको थियो । जसअन्तर्गत नेपालको कानून तथा नीतिहरु बाल न्यायका अन्तर्राष्ट्रिय कानून, मापदण्ड, मार्गनिर्देशन तथा नियमसँग तादम्यता (Consistency) नभएको, कम्तिमा पाँच विकास क्षेत्रमा बाल सुधार गृह स्थापना गरिनु पर्ने, अन्तिम उपायका रुपमा मात्र थुनामा नराखि नहुने अवस्थामा सकेसम्म कम समयका लागि मात्र स्वतन्त्रताबाट वञ्चित गर्नु पर्ने मान्यतालाई अङ्गिकार गर्न, गिरफ्तारीका प्रकृया र थुनामा राख्ने अलग व्यवस्था गर्न, प्रहरी कार्यालयभित्र बालबिज्याँईसम्बन्धी मामिलाहरु हेर्ने अलग्गै इकाईहरु गठन गर्न तथा न्यायकर्मिहरुलाई मानवअधिकार तथा बाल न्याय क्षमता अभिवृद्धिका लागि तालीम सञ्चालन गर्न जस्ता विषयहरुमा सुझाव दिएको थियो ।

संयुक्त राष्ट्र संघीय बालअधिकार समितिले व्यक्त गरेको चासोप्रति संवेदनशील बन्दै नेपालको बाल न्याय प्रणालीलाई सुदृढिकरण र विकास गर्न बाल न्याय समन्वय समितिबाट महत्वपूर्ण कदमहरु चालिएको छ । खास गरी बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी गरेपश्चात् बालबिज्याँईसन्बन्धी मुद्दाहरुलाई बालमैत्री वातावरणमा निप्टारा (Dispose) गर्न ५६ जिल्ला अदालतहरुमा बाल इजलास तथा बालमैत्री कक्षको भौतिक पुर्वाधार निर्माण कार्य सम्पन्न भएको छ । यी बाल इजलास विस्तार भएका जिल्लाबाट छनौट भई आएका समाजसेवी र बालमनोवैज्ञानिकहरुलाई आधारभूत तालीम प्रदान गर्दै बाल इजलासबाट बालबिज्याँईसम्बन्धी मुद्दाको सामुहिक सुनुवाई (Collaborative Hearing) भइरहेको छ । बाल न्याय सम्पादनलाई बालमैत्री (Child friendly Environment) बनाउन र कानूनको विवादमा परेका बालबालिकाहरुप्रति संवेदनशील बनाउन न्याय प्रणालीसँग सम्बन्धित सबै निकायहरुलाई बाल न्यायसम्बन्धी क्षमता अभिवृद्धि तालीम प्रदान गरिएको छ । बालबालिकाहरुलाई दण्ड हैन, सुधार गर्नु पर्छ भन्ने मान्यतालाई ग्रहण गर्दै कानूनको विवादमा परेका बालबालिकाहरुलाई संस्थागत सुधार गर्न भक्तपुर, कास्की र मोरङ जिल्लामा बाल सुधार गृह स्थापना गरी सञ्चालनमा ल्याइएको छ । यी बाल सुधार गृहमार्फत पुनर्स्थापनामा रहेका बालबालिकाहरुको सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनसमेत

भइरहेका छन् । बाल न्याय समन्वय समितिले अदालतका न्यायकर्मि, अनुसन्धानकर्मि, सरकारी अभियोक्ता, प्रतिरक्षी कानून व्यवसायी तथा बाल न्यायका सन्दर्भमा बालमैत्री न्याय सेवा प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सरोकारवाला निकायका प्रतिनिधि, संस्था तथा बालअधिकारकर्मि, सञ्चारकर्मिहरुका लागि नियमित रुपमा केन्द्रीय तथा जिल्ला स्तरमा बाल न्यायसम्बन्धी गोष्ठीहरु सञ्चालन गर्दै आइरहेको छ ।

नेपालको बाल न्याय प्रणालीलाई दिशानिर्देश गर्न सर्वोच्च अदालतले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । न्यायिक प्रक्रियाको सिलसिलामा बालबालिकालाई थुनामा राख्ने कार्यलाई अन्तिम विकल्पको रुपमा स्वीकार्दै सर्वोच्च अदालतबाट बालबालिकालाई थुना वा कारागार होइन, सुधार गृहमा राखिनु पर्ने विषयमा महत्वपूर्ण आदेशहरु भएका छन् । बालबालिकाहरु मात्र विपक्ष भएको सार्वजनिक अपराधसम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीबाट हेरिएकोमा सो अधिकारलाई Prospective Over Ruling गरी अमान्य गरी दिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा सार्न र बाँकी कामकारवाही र किनारा गर्न निर्देशनसमेत जारी भएको छ । बालबालिकाको आत्मसम्मान (Self-dignity) लाई सुरक्षित गर्दै अझ पीडितिकरण (Victimization) हुनबाट जोगाउन बालबालिकाको गोपनीयताको अधिकार (Right to Privacy) लाई सम्मान गर्दै गोपनीयता कायम गर्ने निर्देशिकासमेत जारी गरिएको छ । बाल न्यायको विषयमा यस्ता थुप्रै मुद्दाहरुमा सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय कानूनहरुको व्याख्या र विश्लेषण गर्दै विधिशास्त्रिय मान्यताहरु स्थापित गरेको छ ।

बाल न्यायको आधुनिक अवधारणालाई मूलतः तीन प्रमुख आयामबाट हेरिनु पर्ने हुन्छ पहिलो, बालबालिकाहरुले बिज्याँई गर्न सक्ने सम्भावित जोखिम स्थितिको रोकथाम, दोश्रो, कानूनको विवादमा परेका बालबालिकाहरुको न्यायिक प्रक्रियामा स्वच्छ पुर्पक्षका न्यूनतम् अधिकारहरुको प्रत्याभूतिसहितको बालमैत्री व्यवहार तथा विकल्पको रुपमा दिशान्तरमार्फत सुधार तथा रेखदेखको प्रवर्धन र सौहार्द तथा सम्मानजनक वातावरणमा सुधार प्रक्रियाको अवलम्बन र तेश्रो, सुधारका क्रममा पुनर्स्थापनामा रहेका वा स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरुको छुटकारापश्चात् पारिवारिक पुर्नमिलन र स-सम्मान सामाजिक पुर्नएकिकरण । तर नेपालको बाल न्याय प्रणालीलाई यति बृहत्तर अवधारणाको ढाँचामा विकास गर्न सकिएको छैन । न्यायिक कारवाहीका क्रममा कानूनको विवादमा पर्ने बालबालिकाप्रति गरिने व्यवहार बालमैत्री बनाउन सकिएको छैन । पुर्पक्षका लागि सुधार गृहमा बस्नु पर्ने बालबालिका र कैद ठेकि सजाय भुक्तानका लागि सुधार गृहमा राखिएका बालबालिकाप्रति सुधारका प्रभावकारी कार्यक्रमहरु लागू गर्न अझै सकिएको छैन र छुटकारापश्चात् सामाजिक पुनर्स्थापना तथा पारिवारिक पुर्नमिलन जस्ता पक्षहरुमा पनि त्यति ध्यान दिन सकिएको छैन । बिज्याँई गर्न सक्ने सम्भावित जोखिम स्थितिमा रहेका बालबालिकाहरुप्रति लक्षित गरी रोकथामका उपायसम्बन्धी कार्यक्रमहरु लागू गर्न अझै सकिएको छैन ।

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले सिर्जना गरेको विशिष्टिकृत निकायका रुपमा बाल न्याय समन्वय समितिको सचिवालयले बालबिज्याँईसम्बन्धी मुद्दाहरुको एकीकृत तथ्याङ्कलाई व्यवस्थित

बनाउन आर्थिक वर्ष २०६२/०६३ बाट जिल्लागत रुपमा बालबिज्याँईसम्बन्धी मुद्दाहरुको तथ्याङ्क सङ्कलन गर्न शुरुवात गरेको हो । प्रत्येक जिल्ला अदालतहरुबाट मासिक रुपमा प्राप्त हुने बालबिज्याँईसम्बन्धी मुद्दाको विवरणको आधारमा पहिलो पटक "नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन–२०७१" प्रतिवेदन प्रकाशनमा ल्याइएको छ । ती प्राप्त तथ्याङ्कलाई प्रशोधित गरी केहि विषयगत रुपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यस प्रतिवेदन पाँच परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा परिचय, परिच्छेद दुईमा बाल न्यायसम्बन्धी राष्ट्रिय कानून, परिच्छेद तीनमा बालबिज्याँईसम्बन्धी मुद्दाहरुको समग्र विवरण, परिच्छेद चारमा आर्थिक वर्ष २०७०/०७१ को बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण र परिच्छेद पाँचमा संस्थागत सुधारमा रहेका बालबालिकाहरुको विवरण प्रस्तुत गरिएको छ ।

१.२ बाल न्याय समन्वय समितिको गठन

बाल न्याय समन्वय समिति बाल न्याय (कार्यविधी) नियमावली, २०६३ को नियम २२ बमोजिम गठित बाल न्यायसम्बन्धी समन्वयकारी विशिष्ट निकाय हो । सो नियमावलीले यस समितिको सचिवालय केन्द्रीय बाल कल्याण समितिको भवनमा रहने व्यवस्था गरेको छ । समितिको कामकारवाई सुचारू रुपले सञ्चालन गर्नका लागि नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिसमा नेपाल न्याय सेवाका अधिकृत स्तरको कर्मचारीलाई समितिको सचिवालयमा कामकाज गर्ने गरी तोक्न सक्ने व्यवस्था गरेको छ । यसरी तोकिएको कर्मचारीले बाल न्याय प्रशासनसम्बन्धी काम गर्ने र निजको अन्य काम, कर्तव्य, अधिकार तथा सुविधा समितिले तोकेबमोजिम हुने व्यवस्था गरेको छ । सोबमोजिम हालसम्म महाधिवक्ताको कार्यालयबाट एक जना अधिकृत र सर्वोच्च अदालतबाट तीन जना उपसचिव यस समितिको सचिवालय प्रमुख तोकिई सक्नु भएको छ । साथै दैनिक प्रशासन तथा लेखासम्बन्धी कार्य गर्नका लागि लागि सर्वोच्च अदालतबाटै एक जना शाखा अधिकृत तोकिएको छ । २०७०/३/१५ देखि युनिसेफ नेपाल र यस समिति बीच भएको सम्झौताबमोजिमको कार्यक्रम हेर्ने गरी कार्यक्रम व्यवस्थापक र कार्यक्रम अधिकृत करार सेवामा नियुक्त गरिएको छ ।

बाल न्याय समन्वय समितिको गठनः

(क)	प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश	– अध्यक्ष
(ख)	नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय	– सदस्य
(ग)	सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि	– सदस्य
(घ)	सचिव, गृहमन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि	– सदस्य
(ङ)	सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा निजले ताकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि	– सदस्य
(च)	प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय	– सदस्य

(छ) कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति – सदस्य

(ज) बालबालिकाको क्षेत्रमा कार्यरत संस्थामध्येबाट केन्द्रीय बाल कल्याण समितिले मनोनयन गरेको संस्थाको प्रतिनिधि एक जना – सदस्य

(झ) रजिष्ट्रार, सर्वोच्च अदालत –सदस्य सचिव

तर, खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ। समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ। समितिले आवश्यकताअनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिले नेपाल सरकारबाट यस समितिलाई विनियोजन गरेको बजेटबमोजिम वार्षिक कार्यक्रम तय गर्ने, स्वीकृत गर्ने तथा समितिबाट भए गरेका कामहरुको समिक्षा गर्ने गरेको छ।

१.३ बाल न्याय समन्वय समितिको काम, कर्तव्य र अधिकार

बाल न्याय (कार्यविधि) नियमावलि, २०६३ को नियम २२ को उपनियम (५) ले बाल न्याय समन्वय समितिको निम्न लिखित काम, कर्तव्य र अधिकार तोकेको छ :

(क) बाल न्याय प्रणाली सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानूनी तथा नीतिगत व्यवस्थाका लागि नेपाल सरकारलाई आवश्यक सुझाव, परामर्श दिने,

(ख) नेपालमा बालअधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट भइरहेका कार्यक्रमहरु बीच समन्वय गर्ने गराउने,

(ग) बाल न्याय सम्पादनलाई छिटोछरितो प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि बाल न्याय सम्पादनमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीनतम् दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,

(घ) बालअधिकार र बाल न्यायको विषय नेपालका विद्यालय, विश्वविद्यालय तथा शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

(ङ) बाल न्याय सम्पादनमा संलग्न हुने निकायबाट सम्पादन भएका सेवा र कार्यहरुको स्तरसम्बन्धी रेखदेख तथा व्यवस्थापनसम्बन्धी कामकारवाई गर्ने, गराउने।

१.४ बाल न्याय समन्वय समितिबाट हालसम्म भए गरेका कार्यक्रमहरु

१.४.१ बाल इजलासको भौतिक पुर्वाधार निर्माण तथा सि.सि.टि.भि.जडान

कानूनको विवादमा परेका बालबालिकाहरु न्यायिक कारवाहीका क्रममा बालमैत्री वातावरणमा सुनुवाईका

लागि अदालत परिसरभित्रै एक बाल इजलास कक्ष र एक बालमैत्री कक्षको तय गरिएको सूचक[१] बमोजिमको भौतिक पुर्वाधारको निर्माण ५६ जिल्लामा सम्पन्न भएको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका तत्कालिन सचिव श्री शशिकान्त मैनालीज्यूको संयोजकत्वमा गठित बाल न्याय सुदृढिकरण समितिको बैठकले मिति २०६१/७/२४ मा बाल इजलास तथा बालमैत्री कक्षको भौतिक पुर्वाधारका लागि १२ जिल्ला[२] छनौठ गरेको थियो । त्यसपछि बाल न्याय समन्वय समितिको मिति २०६५/२/२३ को निर्णयले थप १२ जिल्लामा[३] बाल इजलासको भौतिक पुर्वाधार विस्तार गर्ने निणय गरेको थियो । बाल इजलास तथा बालमैत्री कक्षको भौतिक पुर्वाधार निर्माण प्रक्रियालाई निरन्तरता दिँदै बाल न्याय समन्वय समितिको बैठकले क्रमशः २०६६/१०/२६ मा दुई जिल्ला[४], मिति २०६७/९/२९ मा चार जिल्ला[५], मिति २०६८/५/१९ मा आठ जिल्ला[६], मिति २०६९/११/२४ मा आठ जिल्ला[७] र मिति २०७०/९/२४ मा आठ जिल्लामा[८] बाल इजलासको भौतिक पुर्वाधार विस्तार गर्ने निर्णय गरेको थियो । बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को मुद्दाको सुनुवाई नियम १२ को उपनियम (४) मा व्यवस्था भएबमोजिम बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दा

---

१ बाल इजलास र बालमैत्री कक्षको लागि निर्धारण गरिएका भौतिक पूर्वाधारका सूचकहरुः

बाल इजलासः

- माननीय न्यायाधीश, समाजसेवी, बालमनोवैज्ञानिक, कानून व्यवसायी, अभिभावक र बालबालिका समेत रहने गोलाकार टेवल र कुर्सी,

बालमैत्री कक्षः

- लोबेड, डसना,
- जुटको कार्पेट ओछ्याउनु पर्ने,
- कुर्सी,
- टि टेवल,
- पानी राख्ने फिल्टर र स्टीलका गिलासहरु,
- कानूनको विवादमा परेका बालबालिकाप्रति गरिनु पर्ने बालमैत्री व्यवहार र कर्तव्य, र न्यायिक कारवाईका क्रममा बालअधिकारसम्बन्धी जानकारीमुलक पोस्टरहरु टाँगिएको हुनु पर्ने,
- विश्व प्रसिद्ध प्रेरणादायक व्यक्तिहरुको तस्वीर तथा उनीहरुको लोकप्रिय भनाई तथा उद्गरणहरु टाँगिएको हुनु पर्ने ।

२ काठमाडौं, ललितपुर, भक्तपुर, इलाम, मोरङ, सप्तरी, मकवानपुर, कास्की, रुपन्देहि, बाँके, सुर्खेत, कञ्चनपुर

३ झापा, सुनसरी, उदयपुर, धनुषा, काभ्रेपलाञ्चोक, चितवन, पर्सा, स्याङ्गजा, पाल्पा, नवलपरासी, बाग्लुङ, दाङ, जुम्ला र कैलाली ।

४ तनहुँ र सिराहा ।

५ दोलखा, सिन्धुली, रौतहट र बर्दिया ।

६ महोत्तरी, सर्लाही, बारा, कपिलवस्तु, धनकुट्टा, सिन्धुपाल्चोक, धादिङ र लमजुङ ।

७ ताप्लेजुङ, तेह्रथुम, रामेछाप, खोटाङ, पर्वत, प्यूठान, डोटि र डडेल्धुरा ।

८ पाँचथर, भोजपुर, सोलुखुम्बु, नुवाकोट, गोरखा, रुकुम, सल्यान र जाजरकोट ।

(स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिने भन्ने व्यवस्थालाई कार्यान्वयन गराउन ४८ जिल्ला अदालतहरुमा सि.सि.टि.भि. जडान गर्ने कार्य सम्पन्न गरिएको छ ।[९]

१.४.२ बाल इजलासमा सहभागी हुने बालमनोवैज्ञानिकहरुका लागि बाल न्याय र बालमनोविज्ञान विषयक आधारभूत तालीम प्रदान

बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको शुरू कारवाई र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा एक बाल इजलास रहने र सो इजलासको गठन न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गरी गर्न सकिने भन्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(५) ले उल्लेख गरेको छ । सोबमोजिम बाल इजलासको भौतिक पुर्वाधार निर्माण सम्पन्न भएका ५६ जिल्ला अदालतबाट छनौट भएका बालमनोवैज्ञानिकहरुका लागि बाल न्यायका सन्दर्भमा मनोविज्ञान, बालबिज्याँईको मनोवैज्ञानिक पक्ष, कानूनको विवादमा परेका बालबालिकाहरु लागि मनोसामाजिक परामर्शसम्बन्धी सीप, बाल न्याय सम्पादनमा बालमनोवैज्ञानिकको भूमिका विषयमा आधारित रहेर आधारभूत तालीम सम्पन्न भएको छ ।

बाल इजलासको भौतिक पुर्वाधार निर्माण सम्पन्न भएका १२ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं २ हेर्नुहोस्) र प्रत्येक जिल्लाबाट २/२ जनाका दरले छनौट भएका जम्मा २४ जना बालमनोवैज्ञानिकहरुका लागि मिति २०६३/५/२५ देखि २०६३/११/२५ सम्म (६ महिना) केन्द्रीय बाल कल्याण समितिको सहयोगमा आधारभूत तालीम सम्पन्न भएको थियो । त्यस्तै गरी यस समितिकै सहयोगमा १४ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं ३ हेर्नुहोस्) बाट छनौट भएका २८ जना बालमनोवैज्ञानिकहरुलाई मिति २०६३/५/६ देखि २०६४/१/१६ सम्म तालीम प्रदान गरिएको थियो । सो तालीमलाई निरन्तरता दिँदै बाल न्याय समन्वय समितिले थप १४ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं ४, ५ र ६ हेर्नुहोस्) बाट छनौट भई आएका बालमनोवैज्ञानिकहरुका लागि २०६९/८/२४ देखि २०६९/१०/२३ सम्म दुई महिने आधारभूत तालीम प्रदान गरेको थियो । बाँकी १६ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं ७ र ८ हेर्नुहोस्) बाट छनौट भएका ३२ जना बालमनोवैज्ञानिकहरुलाई बाल न्याय समन्वय समितिद्धारा मिति २०७१/१/२१ देखि २०७१/३/१८ सम्म तालीम प्रदान गरिएको थियो ।

१.४.३ बाल इजलासमा सहभागी हुने समाजसेवीहरुका लागि बाल न्याय र सामाजिक कार्य विषयक आधारभूत तालीम प्रदान

बाल इजलासको भौतिक पुर्वाधार निर्माण सम्पन्न भएका ५६ जिल्ला अदालतबाट छनौट भएका

---

९ बाल इजलासको भौतिक पुर्वाधार सम्पन्न भएका जम्मा ५६ जिल्लाहरुमध्ये सि.सि.टि.भि. जडान नगरिएका जिल्लाहरु पाँचथर, भोजपुर, सोलुखुम्बु, नुवाकोट, गोरखा, रुकुम, सल्यान र जाजरकोट हुन् ।

समाजसेवीहरुका लागि बाल न्यायका सन्दर्भमा सामाजिक कार्य, सामाजिक कार्यका विधि र सीप, बाल न्याय सम्पादनमा समाजसेवी वा सामाजिक कार्यकर्ताको भूमिका र बाल न्यायका सन्दर्भमा सामाजिक कार्यकर्ताले निर्वाह गर्न सक्ने अन्य क्षेत्रहरु जस्ता विषयसँग सम्बन्धित रहेर आधारभूत तालीम सम्पन्न भएको छ ।

बाल इजलासको भौतिक पुर्वाधार निर्माण सम्पन्न भएका १२ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं २ हेर्नुहोस्) र प्रत्येक जिल्लाबाट २/२ जनाका दरले छनौट भएका जम्मा २४ जना समाजसेवीहरुका लागि मिति २०६३/५/२० देखि २०६३/७/१९ सम्म सालमा केन्द्रीय बाल कल्याण समितिको सहयोगमा आधारभूत तालीम सम्पन्न भएको थियो । त्यस्तै गरी यस समितिकै सहयोगमा १४ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं ३ हेर्नुहोस्) बाट छनौट भएका २८ जना समाजसेवीहरुलाई मिति २०६६/३/११ देखि २०६६/५/१० सम्म तालीम प्रदान गरिएको थियो । सो तालीमलाई निरन्तरता दिँदै बाल न्याय समन्वय समितिले थप १४ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं ४, ५ र ६ हेर्नुहोस्) बाट छनौट भई आएका समाजसेवीहरुका लागि २०६९/८/२४ देखि २०६९/९/२३ सम्म दुई महिने आधारभूत तालीम प्रदान गरेको थियो । बाँकी १६ जिल्ला (सम्बन्धित जिल्लाहरुका लागि पाद टिप्पणी नं ७ र ८ हेर्नुहोस्) बाट छनौट भएका ३२ जना समाजसेवीहरुलाई बाल न्याय समन्वय समितिद्धारा मिति २०७१/२/२० देखि २०७१/३/१८ सम्म तालीम प्रदान गरिएको थियो ।

१.४.४ सेवा प्रदायक संस्थाका प्रतिनिधीहरुका लागि सामाजिक अध्ययन प्रतिवेदन तयारीसम्बन्धी तालीम

समाजशास्त्रीय दृष्ट्रिकोणमा बालबिज्याँईलाई समाजको उपज मानिन्छ । तसर्थ बालबालिकाले गर्ने बिज्याँईको सामाजिक कारणहरु पत्ता लगाई यस्ता बालबालिकाको सुधार गर्न त्यसैअनुसारको उपायहरुको खोजी गर्नु पर्ने हुन्छ । बालबालिका प्रतिवादी भएको मुद्दामा अनुसन्धानको चरणमा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धमा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४(छ) ले सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने भन्ने व्यवस्था गरेको छ । यस्तै गरी सो नियमावलीको नियम १३(१) ले बालकविरुद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संघसंस्थालाई आदेश दिन सक्नेछ भन्ने व्यवस्था गरेको छ । बाल न्यायको सन्दर्भमा कसूरको अभियोग लागेको बालकको सामाजिक अध्ययन गर्ने, मनोविमर्श सेवा प्रदान गर्ने, कानूनी सहायता तथा बाल सुधारसम्बन्धी अन्य सेवाहरु प्रदान गर्ने भूमिका बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २१ ले सेवा प्रदायक संस्थाहरुलाई प्रदान गरेको छ । कानूनको विवादमा परेको बालबालिकाका सन्दर्भमा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्ने तथा मनोविमर्श सेवा उपलव्ध गराउने सम्बन्धमा हालसम्म जम्मा ४८ जिल्लामा कार्यरत संस्थाका ९६ जना व्यक्तिहरुलाई अभिमुखिकरण तालीम प्रदान गरिएको छ ।

१.४.५ बालबालिकाका लागि न्याय विषयक राष्ट्रिय कार्यशाला गोष्ठी (National Workshop on Justice for Children)

बाल न्यायलाई सुदृढिकरण गर्ने उद्देश्यले बाल न्याय समन्वय समितिद्धारा मिति २०६६/४/३० र ३१ गते बालबालिकाका लागि न्याय विषयक राष्ट्रिय गोष्ठी कार्यक्रम सम्पन्न गरेको थियो । मुलतः यस गोष्ठीको उद्देश्य बाल न्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा मापदण्डका विषयमा सहभागीहरुलाई पुर्नताजगी गराउने, नेपालको बाल न्याय प्रणालीका अवस्था तथा प्रमुख आवश्यकताहरु पहिल्याउने, बाल न्याय प्रणालीसँग सम्बन्धित निकायहरुको पहिचान गर्ने र ती निकायहरुबाट भएका प्रयासहरुको लेखाजोखा गर्ने, बाल न्यायसम्बन्धी आवश्यकता र हस्तक्षेपका क्षेत्रहरुको पहिचान गर्ने र बाल न्यायसम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण विधि तय गर्ने रहेको थियो । सोहि कार्यक्रममा छलफलको निष्कर्ष र न्यायपालिकाको पञ्चवर्षिय रणनीतिक योजनासमेतलाई मध्यनजर गर्दै बाल न्याय समन्वय समितिको मिति २०६६/५/८ मा बसेको बैठकले बाल न्यायसम्बन्धी राष्ट्रिय कार्ययोजना २०६६-२०७० को निर्माण गर्ने निर्णय गरेको थियो । सर्वोच्च अदालतका तत्कालिन रजिष्ट्रार श्री डा. रामकृष्ण तिमल्सेनाको संयोजकत्वमा गठित सात सदस्यीय समितिले सो कार्ययोजनाको मसौदा तयार गरेको थियो ।

१.४.६ बालबालिकाका लागि न्यायः भएका प्रयासहरुको पुनरावलोकन तथा रणनीतिक योजना निर्माण कार्यशाला गोष्ठी (Justice for Children: Review of Initiatives and Strategic Planning Workshop)

नेपालको बाल न्याय प्रणालीलाई सुदृढिकरण गर्नका लागि विभिन्न निकायहरुबाट सञ्चालन गरिएका गतिविधिहरुको समिक्षा गर्दै आउने दिनहरुमा अझ प्रभावकारी रुपमा समन्वय गर्नका लागि एकीकृत राष्ट्रिय कार्ययोजना निर्माण गर्नु पर्ने आवश्यकतालाई महशुस गरी बाल न्याय समन्वय समितिद्धारा २०७१ साल श्रावण १४ र १५ गते "बालबालिकाका लागि न्यायः भए गरेका प्रयासहरुको पुनरावलोकन तथा रणनीतिक कार्ययोजना निर्माणसम्बन्धी गोष्ठी" (Justice For Children: Review of Initiatives and Strategic Planning Workshop) विषयक कार्यक्रम आयोजना गरेको थियो ।

यस कार्यक्रमको निम्न उद्देश्यहरु थिएः

क) "बालबालिकाको लागि न्याय" भन्ने विषयको अवधारणा र सिद्धान्तका बारेमा सम्बन्धित निकाय तथा सरोकारवालाहरुको बीच सचेतना अभिवृद्धि तथा समान अवधारणा बनाउने ।

ख) सम्बन्धित निकाय तथा सरोकारवालाहरुबाट "बालबालिकाको लागि न्याय" सम्बन्धी भएका प्रयासका बारेमा प्रस्तुत गर्ने ती प्रयासहरुको पुनरावलोकन गर्ने ।

ग) बाल न्यायसम्बन्धी तत्कालिन आवश्यकता र हस्तक्षेपका क्षेत्रहरुको पहिचान गर्ने तथा बाल न्यायसम्बन्धी दीर्घकालिन तथा अल्पकालिन रणनीतिक एकीकृत कार्ययोजनाको ढाँचा (Framework) निर्माण गर्ने ।

१.४.७ बालबालिकासम्बन्धी बिधेयक–२०६६ को मसौदा निर्माण

बाल न्याय समन्वय समितिको मिति २०६६/७/८ को निर्णयले बालबालिकासम्बन्धी ऐन, २०४८ लाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिम बनाउन बालबालिकासम्बन्धी विधेयक-२०६६ लाई पूर्ण रुप दिनका लागि कार्यदेशसहित कार्यदल गठन गरेको थियो । सो कार्यदलको संयोजकमा पुनरावेदन अदालतका तत्कालिन माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा र सदस्यहरुमा श्री कमल शालि धिमिरे, सहसचिव, कानून तथा न्याय मन्त्रालय; श्री रत्नकाजी बर्जाचार्य, सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय; श्री किशोर सिलवाल, प्राध्यापक तथा बाल न्याय विषेशज्ञ; श्री ब्रजेश प्याकुरेल, उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय र श्री बासुदेव न्यौपाने, उपसचिव, कानून तथा न्याय मन्त्रालय रहनु भएको थियो । सो कार्यदलले तयार पारेको मसौदाको विधेयक संसदमा पेश गरिएको थियो ।

१.४.८ नेपालको बाल न्याय प्रणाली र सरोकारवालाहरुको भूमिका र समन्वय विषयक जिल्ला स्तरीय एक दिवसिय अन्तरक्रिया कार्यक्रम

जिल्ला बाल न्याय समन्वय समिति[१०]को आयोजनामा जिल्ला स्तरीय सरोकारवालाहरु बीच बाल न्यायसम्बन्धी नवीनतम् अवधारणाकाबारे छलफल गर्ने; बाल न्यायसम्बन्धी अन्तर्राष्ट्रिय तथा नेपाली कानूनी व्यवस्थाको बारेमा जानकारी गराउने; बालमैत्री अनुसन्धान, अभियोजन तथा सुनुवाईसम्बन्धी प्रत्यक्ष सरोकार राख्ने निकायहरुको भूमिकाको बारेमा जानकारी गराउने; बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन तथा सुनुवाईको विषयमा भोगेका अनुभवहरु आदानप्रदान गर्ने तथा बाल न्याय सम्पादनका क्रममा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु सुझाउने र कानूनको विवादमा परेका बालबालिकाहरुको सम्बन्धमा आवश्यक सेवाहरु (कानूनी सहायता, सामाजिक अध्ययन प्रतिवेदनको तयारी, मनोसामाजिक परामर्श आदि) उपलव्ध गराउने सम्बन्धमा समन्वय तथा सहकार्य गर्ने उद्देश्यअनुरुप हालसम्म ३० जिल्लामा एक दिवसिय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

१.४.९ बालबालिकाहरुको उमेर परिक्षणका लागि सहयोग

कानूनको विवादमा परेका बालबालिकाको उमेरसम्बन्धी विवाद भएमा बाल न्याय (कार्यविधि) नियमावलीको नियम १५ ले बाल अदालत वा बाल इजलासले पहिलो आधार अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, दोस्रो आधार स्थानीय पञ्जिकाधिकारीको

---

१० बाल न्याय समन्वय समितिको मिति २०६३/११/२४ गते बसेको बैठकले बाल न्याय सुदृढिकरण लागू भएका जिल्लाहरुमा तालीम प्राप्त जनशक्तिलाई परिचालन गर्न र जिल्ला स्तरीय सरोकारवालाहरु बीच प्रभावकारी समन्वय गर्न जिल्ला न्यायाधीशको अध्यक्षता र श्रेष्तेदार सदस्य सचिव रहने गरी बाल न्यायसम्बन्धी तालीम प्राप्त व्यक्तिहरु, जिल्ला बाल कल्याण समिति, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय र सम्बन्धित अन्य व्यक्ति वा संस्थाहरुलाई समावेश गर्ने गरी बढिमा ९ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको थियो । सोबमोजिम हालसम्म बाल इजलासको भौतिक पुर्वाधार सम्पन्न भएका ५६ जिल्लाहरुमा जिल्ला बाल न्याय समन्वय समिति गठन गरिएको छ । सो समितिको नियमित बैठकका लागि बाल न्याय समन्वय समितिबाट प्रत्येक वर्ष रु. ७,०००/– पठाउने गरिएको छ ।

कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, तेस्रो आधार विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति, अन्तिम आधार रुपमा सरकारी अस्पतालबाट प्रमाणित उमेरलाई मान्नु पर्ने व्यवस्था गरेको छ । सरकारी अस्पतालबाट उमेर परिक्षण गराउनु पर्ने भएमा सो प्रमाणित गरेबापत लाग्ने खर्च बाल न्याय समन्वय समितिबाट उपलव्ध गराउने गरिएको छ ।

१.४.१० बाल न्याय सम्पादनमा सहभागी हुने सामाजसेवी तथा बालमनावैज्ञानिकहरुलाई पारिश्रमिक प्रदान

बाल न्याय समन्वय समितिको २०६३/११/२४ गतेको बैठकले बालबिज्याँईसम्बन्धी मुद्दा निप्टाराका लागि न्यायाधीशलाई राय प्रतिवेदन बुझाएबापत प्रति मुद्दा समाजसेवी र बालमनोबैज्ञानिकलाई पारिश्रमिक स्वरुप रु. २,०००/- दिने निर्णय गरेको थियो । बाल न्याय समन्वय समितिका लागि नेपाल सरकारबाट विनियोजित बजेटमध्येबाट मिति २०६६/१०/२६ गतेको निर्णयबाट सो पारिश्रमिक रकम उपलव्ध गराउँदै आएको छ । बाल न्याय समन्वय समितिको मिति २०६९/११/२४ गते बसेको बैठकले सो पारिश्रमिक रकमलाई पुनः समिक्षा गर्दै रु. २,०००/- बाट रु. ३,५००/- र यातायात खर्च बापत रु. ५००/- गरी जम्मा रु. ४,०००/- उपलव्ध गराउने निर्णय गरेको थियो । सोबमोजिम बाल न्याय समन्वय समितिले पारिश्रमिक रकम उपलव्ध गराउँदै आएको छ ।

१.४.११ सामाजिक अध्ययन प्रतिवेदन तयार गरेबापत सेवा प्रदायक संस्थालाई पारिश्रमिक रकम प्रदान

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४ को उपनियम (छ) मा सेवा प्रदान गर्ने सूचिकृत व्यक्ति वा संस्थाहरुले सम्बन्धित कानूनको विवादमा पर्ने बालकका सम्बन्धमा नियमावलीको अनुसूचिबमोजिमको सामाजिक अध्ययन प्रतिवेदन तयार गरेबापत बाल न्याय समन्वय समितिको मिति २०७०/९/२४ को निर्णयले प्रति सामाजिक अध्ययन प्रतिवेदन तयार गरेबापत रु. ३,०००/- पारिश्रमिक उपलव्ध गराउने व्यवस्था गरेकोमा सोबमोजिमको पारिश्रमिक रकम उपलव्ध गराउँदै आएको छ ।

१.४.१२ संस्थागत सुधारमा रहेका बालबालिकाहरुका लागि सहयोग

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(२)(क) र (ख) बमोजिम बाल सुधार गृहमा रहेका बालबालिकाहरुका लागि व्यवसायिक तालीम, नियमित कानूनी तथा मनोसामाजिक परामर्श सेवा र बालबालिकाहरुका सृजनात्मक गतिविधिलाई प्रवर्धन गर्नका प्रतियोगितात्मक कार्यक्रमहरुका लागि मिति २०६९/६/२१ गते न्यूनतम् सुविधाविहिन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपाललाई सहयोग गरिएको थियो ।

१.४.१३ अध्ययन अनुसन्धान तथा प्रकाशन

बाल न्याय समन्वय समितिद्धारा आर्थिक वर्ष २०७०/०७१ सम्म चार वटा प्रकाशन गरिएको छ । जुन निम्नबमोजिम छन् :

१. बाल न्याय र बालअधिकारसम्बन्धी फैसलाहरुको संग्रह-२०६८
२. बाल इजलासबाट हेरिएका मुद्दाहरुको मुद्दा प्रवाह अवस्थाः अध्ययन प्रतिवेदन-२०६९
३. बालबालिकासम्बन्धी मुद्दाहरुमा सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण फैसलाहरुको संग्रह-२०७०
४. बाल न्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुको संग्रह ।

परिच्छेद २

बाल न्यायसम्बन्धी राष्ट्रिय कानून

बालबालिकाले देशको विद्यमान फौजदारी कानून उल्लंघन गरेको अवस्थामा उनीहरुप्रति के कस्तो व्यवहार गरिने भन्ने विषयसँग सम्बन्धित रहेर कानून तथा नियमहरु तय भएका हुन्छन् । फौजदारी कानूनको उल्लंघन गरेको अवस्था वा गरेको भनिएको मानिएको बालबालिकाहरुविरुद्धको उजुरी दर्ता गर्नेदेखि लिएर अनुसन्धान, अभियोजन तथा सुनुवाईसम्मका चरणहरुमा उनीहरुप्रति गरिनु पर्ने व्यवहारका सन्दर्भमा बाल न्यायसँग सम्बन्धित नेपालको अन्तरिम संविधान, बालबालिकासम्बन्धी ऐन, २०४८ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ का सान्दर्भिक व्यवस्थाहरु उल्लेख गरिएको छ ।

२.१ नेपालको अन्तरिम संविधान, २०६३

नेपालमा २०६२/०६३ सालमा भएको दोस्रो जनआन्दोलनपश्चात् नेपालको अन्तरिम संविधान, २०६३ जारी गरिएको छ । नेपालको संवैधानिक ईतिहासमा पहिलो पटक बालबालिकाको हकलाई मौलिक हकअन्तर्गत समावेश गरी बालबालिकाका हकहरु संवैधानिक रुपमा सुनिश्चित् गरिएको छ । यस संविधानले बालबालिकालाई आफ्नो पहिचान र नामको हक, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक प्रदान गर्नुका साथै शोषणजन्य कार्यलाई दण्डनीय बनाई शोषणवाट पीडितलाई क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गरेको छ । यस्तै असहाय, अनाथ, सुस्तमनस्थिति, द्धन्द पीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकाहरुको सुनिश्चित् भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हकसमेत प्रदान गरेको छ ।

कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा त्यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्धन्दमा प्रयोग गर्न नपाइने व्यवस्था गरेको छ ।[१] यी व्यवस्थाहरुको अतिरिक्त केही अन्य व्यवस्थाहरु जस्तो शिक्षासम्बन्धी हक, महिलाको हक, यातनाविरुद्धको हक, शोषणविरुद्धको हक जसअन्तर्गत प्रथा, परम्परा वा प्रचलनको नाममा गरिने शोषण तथा बेचविखन, दासत्व वा ईच्छाविरुद्ध काम लगाउन निषेधित गरिएको छ, यी प्रावधानहरु बालबालिकाको हकमा पनि आकर्षित हुन्छन् ।[२] यसै गरी बाल न्यायको सन्दर्भमा न्यायसम्बन्धी हकहरु सान्दर्भिक रहेका छन् । यसमा कुनै पनि व्यक्तिलाई

१ नेपालको अन्तरिम संविधान, २०६३, धारा २२

२ ऐ ऐ धारा १७, २०, २४, २६, २९

पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउमा परेका व्यक्तिलाई पक्राउ परे लगत्तै तत्काल आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह वा परामर्श लिन पाउने तथा त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने तथा त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित नगरिने, पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने, तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागीदार नहुने र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय नदिइने, कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने, कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा नचलाइने र सजाय नदिइने, कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी हुन कर नलगाइने, प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुने, कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने र असमर्थ पक्षलाई कानूनमा व्यवस्था भएबमोजिम निःशुल्क कानूनी सेवा पाउने हक हुने व्यवस्था गरिएको छ ।[३] न्यायसम्बन्धी यी हकहरु सबैलाई समान रुपमा प्राप्त हुने हक हुन् । बालबालिकाको हकमा पनि पूर्ण रुपमा लागू हुन्छन् ।

२.२ बालबालिकासम्बन्धी ऐन, २०४८

नेपालले बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको छ । सन्धिलाई अनुमोदन गरेपश्चात् सिर्जित दायित्वलाई अक्षरसः पालना गर्न बालबालिकासम्बन्धी ऐन, २०४८ जारी गरी २०५० साल वैशाख १ गते देखि लागू भएको छ । बालबालिकाको सम्बन्धमा जारी भएको यो विशेष ऐनले बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास जस्ता भलाईहरुमा विशेष जोड दिएको छ । प्रस्तुत ऐनले बाल न्यायका सन्दर्भमा केही विशेष व्यवस्थाहरु गरेको छ ।

बालकको परिभाषा

बालबालिकाको रुपमा कुनै व्यक्तिलाई परिभाषित गर्दा उमेरलाई नै आधारको रुपमा लिने गरिन्छ । कति उमेर पुगेको व्यक्तिलाई बालबालिका मान्ने भन्ने सन्दर्भमा विभिन्न देशले विभिन्न किसिमको उमेर निर्धारण गरेका छन् । बालअधिकारसम्बन्धी महासन्धिले १८ वर्ष उमेर नपुगेको मानवलाई बालक मानेको छ । नेपालमा १६ वर्षको उमेर पुरा नगरेको बालबालिकालाई बालकको रुपमा परिभाषित गरिएको छ ।[४] यस व्यवस्थाअनुसार बाल न्यायका सन्दर्भमा बालबालिकालाई छुट्टै व्यवहार गर्नु पर्ने सम्बन्धमा १६ वर्ष उमेर नपुगेका बालबालिकालाई त्यस्तो व्यवहार गर्नु पर्ने हुन्छ ।

---

३ ऐ ऐ धारा २५

४ बालबालिकासम्बन्धी ऐन, २०४८, दफा २(क)

क्रुर वा यातनापूर्ण व्यवहार गर्न नहुने

क्रुर तथा यातनापूर्ण व्यवहारविरुद्धको अधिकार सवै मानव जातिको नैसर्गिक अधिकार हो। बालबालिकालाई हप्काउने कुटपिट गर्ने जस्ता कार्यहरु गर्न निषेधित कुरा हुन् । बालबालिकासम्बन्धी ऐनले बालकप्रति क्रुर र अमानवीय व्यवहार गर्न नहुने कुरा उल्लेख गरेको छ। बाबुआमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले भने सामान्य पिटेको वा हप्काएको कुरालाई क्रुर र यातनापूर्ण व्यवहार नमानिनेसम्बन्धी भएको व्यवस्थाकाविरुद्ध सर्वोच्च अदालतवाट बालबालिकाको हितको लागि सामान्य पिटाई गर्न हुने भन्ने प्रावधान सर्वोच्च अदालतवाट बदर भएको छ।[५]

बालक र अपराधिक दायित्व

देशको विद्यमान फौजदारी कानूनको उल्लंघन बालबालिकाबाट भएको अवस्थामा त्यसबापत बालबालिकाले व्यहोर्नु पर्ने दायित्वलाई अपराधिक दायित्वका सम्बन्धमा बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालकको उमेरको आधारमा वर्गिकरण गरेको छ। कानून विपरीतको अपराध ठहरिने कुनै कार्य बालबालिकाले गर्न पुगेको अवस्थामा देहायबमोजिम सजाय हुने व्यवस्था ऐनले गरेको छः[६]

- कार्य गर्दाका अवस्थामा बालकको उमेर दश वर्षभन्दा कम भएमा त्यस्तो बालकलाई कुनै प्रकारको सजाय नहुने,
- कार्य गर्दाका अवस्थामा बालकको उमेर दश वर्षभन्दा माथि र १४ वर्षभन्दा कमको भए जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाईबुझाई छाडन्े र कैद हुने अपराधमा कसूर हेरी ६ महिनासम्म कैद ।
- चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको भए उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय ।
- बालबालिकाले आफ्नै विवेकले त्यस्तो कार्य गरेको नभई अरु कुनै व्यक्तिले सिकाई निजलाई सो कार्य गर्न लगाएको रहेछ भने त्यस्तो अवस्थामा बालकलाई सिकाई अपराध गर्न लगाउने व्यक्तिलाई निज आफैले अपराध गरेसरह पुरा सजाय हुने ।

अयोग्यता तथा पटके व्यवस्था

कुनै पनि व्यक्तिले अपराध गरेमा सोबापत सजाय हुने र निजले पटकपटक अपराध गरेमा पटकको आधारमा थप सजाय गर्ने गरिन्छ । कुनैकुनै अपराधमा अपराधको प्रकृतिअनुसार अपराध गर्ने व्यक्तिलाई कुनै किसिमको पेशा व्यवसाय वा रोजगारको लागि अयोग्य ठहऱ्याई सो पेशा, व्यवसाय वा रोजगारमा प्रतिबन्ध लगाइएको हुन्छ। बालबालिकाको हकमा भने उनीहरुमा हुने शारीरिक तथा मानसिक अपरिपक्वताका कारणले गर्दा उनीहरुबाट अपराध ठहरिने कार्य हुने भएकोले पटक खापी सजाय गर्ने तथा अयोग्य हुने कार्यवाट छुटकारा प्रदान गरिएको हुन्छ। बालबालिकासम्बन्धी ऐन, २०४८ ले पनि यस किसिमको छुट

५ देवेन्द्र आले विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत, २०६१ साल, रिट नं. ५७ ।

६ ऐ ऐ दफा १६

प्रदान गरेको छ । बाल्य अवस्थामा गरेको अपराधको पटक कायम नहुने, सोको कारण कुनै अयोग्यता सृजना नहुने, र एक पटकभन्दा बढी अपराध गरेकोमा अपराधको पटकको आधारमा थप सजाय नहुने व्यवस्था ऐनमा गरिएको छ ।[७]

कठोर सजाय दिन नहुने

अपरिपक्वताको कारणले बालबालिकाहरुले कहिलेकाही कानून विपरीतको कार्य गर्न पुग्दछन् । उनीहरुलाई कठोर सजाय दिँदा उनीहरुमा शारीरिक तथा मानसिक असर पर्न सक्तछ । उनीहरुलाई अपराधिक मनोवृत्ति भएका वयष्क व्यक्तिका साथमा राख्दा त्यस्ता व्यक्तिबाट अपराधका नयाँनयाँ तरिका सिकेर भविष्यमा झन भयङ्कर अपराधीको रुपमा विकसित हुने सम्भावना पनि त्यत्तिकै रहन्छ । त्यसले यस्ता बालबालिकाहरुलाई सजायभन्दा पनि सुधारका उपायहरु अवलम्बन गरिनु पर्ने हुन्छ । यसै कुरालाई मध्य नजर गर्दै बालबालिकासम्बन्धी ऐनले बालकलाई नेल, हतकडी लगाउन तथा एकान्त कारावासमा राख्न निषेध गर्नुका साथै कैदको सजाय पाएका बालबालिकालाई उमेर पुगेका कैदीको साथमा राख्न नपाइने व्यवस्था गरेको छ ।[८] यस सम्बन्धमा सर्वोच्च अदालतवाट पनि विभिन्न मुद्दाहरुमा बालबालिकालाई पुर्पक्षको लागि थुनामा राख्नु पर्दा,[९] कैदमा राख्नु पर्दा[१०] कारागारमा नराखी बाल सुधार गृहमा राख्नु पर्ने भनी आदेश जारी गरेको छ ।

बालबालिकासम्बन्धी मुद्दाको कारवाही र किनारा गर्दा कानून व्यवसायीको प्रतिनिधित्व अनिवार्यता

व्यक्तिले आफूविरुद्ध लागेको अभियोगको सम्बन्धमा कानून व्यवसायीमार्फत प्रतिरक्षा गर्न पाउने हक संवैधानिक हक हो । बालकविरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको कानून व्यवसायीबाट मुद्दाको प्रतिरक्षा गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरी कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्ने छैन भन्ने व्यवस्था यस ऐनमा गरिएको छ । बालबालिकाको कानून व्यवसायी नभएको अवस्थामा सम्बन्धित अदालतले नै नेपाल सरकारको तर्फवाट नियुक्त गरिएको वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलव्ध गराई दिनु पर्ने व्यवस्था गरी बालबालिकाको न्यायमा सहज पहुँचको अधिकारलाई मान्यता पनि प्रदान गरेको छ ।[११]

---

७ ऐ ऐ दफा ११ र १२

८ ऐ ऐ दफा १५

९ बब्लु गोडियाको हकमा अधिवक्ता आशिष अधिकारी विरुद्ध नेपाल सरकार २०५७ सालको रिट नं. ३३९०, निर्णय मिति २०५७/१२/२ ।

१० केशव खड्काको हकमा अधिवक्ता आशिष अधिकारी विरुद्ध नेपाल सरकार २०५७ सालको रिट नं. ३६८५, निर्णय मिति २०५८/१/२८ ।

११ बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १९

बाल सुधार गृहसम्बन्धी व्यवस्था

कानून विपरीतको कार्य गरेका भनी अभियोग लगाइएका तथा कानून विपरीतको कार्य गरेको भनी प्रमाणित भएका बालबालिकालाई त्यस्तो अभियोगको अनुसन्धान गर्ने, अभियोगउपर सुनुवाई गर्ने तथा सुधार गर्ने क्रममा उनीहरुलाई स्वतन्त्रताबाट वञ्चित गरी संस्थागत रुपमा राखी सुधार गर्नु पर्ने हुन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ ले कुनै कसूरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालक, प्रचलित कानूनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानु पर्ने बालकसमेतलाई राख्नको लागि बाल सुधार गृहको स्थापना गर्ने व्यवस्था गरेको छ । बाल सुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्धारा सञ्चालन गरेको बाल कल्याण गृह, अनाथालय वा केन्द्रलाई नेपाल सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायी रुपमा बाल सुधार गृहको रुपमा उपयोग गर्न सक्ने व्यवस्था पनि ऐनमा रहेको छ । हालसम्म नेपालमा कानूनको विवादमा परेका बालबालिकाहरुको संस्थागत सुधारका लागि भक्तपुर, मोरङ र कास्कीमा बाल सुधार गृहहरु सञ्चालनमा छन् ।

बाल अदालत तथा बाल इजलाससम्बन्धी व्यवस्था

बालबालिकाले कानून विपरीत ठहरिने कुनै कार्य गरेको अवस्थामा त्यस्ता बालबालिकाको मुद्दा सुनुवाईको लागि परम्परागतभन्दा पृथक किसिमको अदालतको व्यवस्था गरिनु पर्दछ र कानून उल्लंघन गर्ने बालबालिकाले के कस्तो मनोवैज्ञानिक तथा सामाजिक कारणवाट त्यस्तो कार्य गर्न पुगेको हो भन्ने कुरा पत्ता लगाउनु पर्ने हुन्छ। कानून विपरीतको कार्य गर्न उत्प्रेरित गर्ने यी कारणहरु पहिचान गरी त्यसको आधारमा बालबालिकाको सुधारको लागि उपयुक्त उपायको खोजी गरिनु पर्छ । बालबालिकाले गरेका कानून विपरीतको कार्यको सुनुवाईको लागि हुने अदालतको गठनविधि पनि यसै परिवेशमा भएको हुन्छ। बालबालिकासम्बन्धी मुद्दाको सुनुवाईको लागि आवश्यकताअनुसार बाल अदालत गठन गर्न सक्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ मा गरिएको छ। बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २० को अवस्थामा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाई र किनारा यस्तो बाल अदालतले गर्ने व्यवस्था रहेको छ। ऐनमा भएको व्यवस्थाअनुसार बालबालिकाको हक प्रचलन गराउने कुराबाहेकका कुरामा सो अदालतको क्षेत्राधिकार आकर्षित हुने देखिन्छ । बालक वादीभन्दा पनि प्रतिवादी भएको अवस्थामा बाल अदालतले सुनुवाई गर्ने व्यवस्था यस ऐनमा रहेको छ साथै बाल अदालत नभएसम्म बाल अदालतवाट सुनुवाई गरिने मुद्दा सम्बन्धित जिल्ला अदालतको बाल इजलासद्धारा गरिन्छ । बाल इजलासमा न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनौवैज्ञानिक पनि रहन सक्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ ले गरेको छ।[१२] बाल अदालत वा जिल्ला अदालतमा कायम हुने बाल इजलासलाई केवल बालबालिका पक्ष वा विपक्ष रहेको मुद्दामा मात्र शुरु कारवाही र किनारा गर्ने

१२ सोअनुरुप हाल ५६ वटा जिल्ला अदालतमा समाजसेवी र बाल मनोवैज्ञानिक पनि तोकिएको छ। विस्तृत विवरणका लागि अनुसूची २ हेर्नुहोस् ।

क्षेत्राधिकार रहन्छ । बालबालिकाको साथै उमेर पुगेका अन्य व्यक्तिसमेत संलग्न रहेको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार भने त्यस्तो अदालत वा इजलासलाई नभई जिल्ला अदालतलाई नै रहेको छ ।

मुद्दा सुनुवाईको प्राथमिकता तथा कार्यविधि

बालकविरुद्धको मुद्दा दर्ता भएपछि अदालतले त्यस्तो मुद्दालाई प्राथमिकता दिई कारवाही र किनारा गर्नु पर्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ मा गरिएको छ । बालबालिकाको मुद्दाको कारवाहीका सम्बन्धमा कुनै निश्चित् कार्यविधि तोकिएकोमा बाल अदालत वा जिल्ला अदालतले सोहीबमोजिम र सो नभएमा संक्षिप्त कार्यविधि, २०२८ अन्तर्गतको कार्यविधि अनुशरण गर्नु पर्ने कुरा ऐनमा उल्लेख गरिएको छ ।[१३] हाल बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी गरिएकोले यो नियमावलीमा भएका व्यवस्थाअनुसारको कार्यविधि अनुशरण गर्नु पर्ने हुन्छ ।

थुना तथा कारागारको विकल्प

बालबालिकाले कानून विपरीतको कार्य गरेको अवस्थामा निजहरुलाई सजाय दिनुभन्दा पनि सम्भव भएसम्म सुधारका उपायहरुको अवलम्बन गरिनु पर्ने हुन्छ । अरु वैकल्पिक उपाय समाप्त भएको अवस्थामा मात्र थुनालाई अन्तिम उपायको रुपमा प्रयोग गर्नु पर्ने र सो प्रयोग गर्दा सम्भव भएसम्म कम समय अवधिको लागि मात्र प्रयोग गर्नु पर्छ । बालबालिकाउपर लागेको कसूरको अनुसन्धान गर्दा बालबालिकाविरुद्धको मुद्दा दर्ता भएपछि थुनछेकको सन्दर्भमा कानूनबमोजिम थुनामा राखी कारवाईनै गर्नु पर्ने कसूर लागेको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा थुनामा राख्न उपयुक्त हुँदैन भन्ने लागेमा न्यायाधीशको स्वविवेकले बालकको बाबुआमा, नातेदार वा संरक्षक वा बाल सुधार गृहको जिम्मा लगाउन सकिने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ ले गरेको छ । न्यायाधीशले त्यसरी आदेश दिँदा अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा मात्र त्यस्तो आदेश दिन सक्छ ।[१४] यसै गरी बालबालिकाउपर लगाइएको अभियोग प्रमाणित भई निज कसूरदार ठहरी सजाय पाउने अवस्था भए तापनि बालकको शारीरिक अवस्था, उमेर, कसूर, गर्दाको परिस्थिति, कसूर गरेको पटक आदिको विचार गर्दा कारागार राख्न उपयुक्त नहुने अदालत वा इजलासलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संरक्षकको संरक्षणमा रही व्यतित गर्नु पर्ने गरी तोक्न सकिने व्यवस्था पनि रहेको छ । कारागारमा पेशेवर अपराधीहरु रहने र बालकलाई त्यहाँ राख्दा बालकप्रति हुन सक्ने सम्भावित जोखिम तथा बालबालिकाहरुले अपराधका नयाँनयाँ तरिका सिकेर भविष्यमा झन भयङ्कर अपराधी भएर निस्कन सक्ने हुनाले बालबालिकालाई सजायभन्दा पनि सुधार गरिनु पर्छ भन्ने मान्यतावाट यो व्यवस्था राखिएको हो । सजाय स्थगन भएकोमा सोही बालकले एक वर्षभित्र पुनः कसूर गरेमा पहिलाको सजाय पनि खापी दुवै सजाय कार्यान्वयन हुन्छ ।

१३ ऐ ऐ दफा ५५ र ५७

१४ ऐ ऐ दफा ५०(१)

बन्द इजलाससम्बन्धी व्यवस्था

बालबालिकाउपर लागेको अभियोग तथा निजलाई भएको सजाय सार्वजनिक हुन गएमा बालबालिकाप्रति सधैंनै दाग लाग्न पुग्दछ । यसले बालबालिकामा मानसिक असर पार्नुका साथै अझ पीडितीरण (Victimization) गराउनमा सहयोग गर्दछ। तसर्थ बालबालिकाको मुद्दा अनावश्यक रुपमा सार्वजनिकीकरण हुनवाट जोगाउनको लागि त्यस्तो मुद्दाको सुनुवाई बन्द इजलासवाट गर्नु पर्ने तथा बालबालिकाको पहिचान खुल्ने गरी मुद्दाको तथ्यगत विवरण प्रकाशनमा पनि रोक लगाउनु पर्ने हुन्छ । यसै कुरालाई मनन् गरी अदालतले बालबालिकासम्बन्धी मुद्दामा बालकको कानून व्यवसायी, आमाबाबु, साथीसंङ्गी, नातेदार वा संरक्षकबाहेक अन्य व्यक्तिहरुलाई उपस्थित हुनबाट रोक्न सक्छ । त्यस्तै गरी मुद्दासँग सम्बन्धित घटनाको विवरण प्रकाशन गर्न पनि रोक लगाउन सक्छ ।[१५] यस्तो बन्देज पत्रकार तथा फोटो प्रतिनिधिको हकमा पनि लागू हुन्छ । स्वच्छ सुनवाईको सन्दर्भमा खुला इजलासलाई एउटा मूल मान्यताको रुपमा लिइए तापनि न्यायको लागि अवस्थाअनुसार इजलासमा व्यक्तिहरुको प्रवेश नियमित गर्न सकिन्छ । यो कुरालाई ऐनले ध्यान दिएको छ ।

२.३ बाल न्याय (कार्यविधि) नियमावली, २०६३

बालबालिकासम्बन्धी ऐन जारी भएपछि सो ऐनको बाल न्यायसम्बन्धी उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी गरेको छ । नेपाल राजपत्रमा २०६३ साल भाद्र २० गते प्रकाशित भएको यो नियमावली सोही मितिबाट नै लागू भएको छ । यो नियमावलीमा बाल न्यायको विषयमा बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात, मुद्दाको पुर्पक्ष र सुनुवाई एवं फैसला हुँदाको अवस्थासम्मका विभिन्न चरणमा गर्नु पर्ने कार्यविधिका बारेमा महत्वपूर्ण व्यवस्थाहरु गरिएको छ । बालबालिकासम्बन्धी मुद्दाहरुको विषयमा यस नियमावलीमा लेखिएको कुरा यसैबमोजिम गर्नु पर्ने हुन्छ । यसमा नलेखिएको विषयमा भने अन्य प्रचलित कानूनअनुसार नै गर्नु पर्ने हुन्छ ।

अनुसन्धान र तहकिकात

बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात गर्न बाल संवेदनशील विशेष ज्ञान तथा सीपको आवश्यकता पर्दछ । यस्ता किसिमका मुद्दाको अनुसन्धानको लागि नियमित रुपमा रहने अनुसन्धान इकाईभन्दा भिन्न किसिमको बालबालिकाप्रति गरिने व्यवहारमा विशेष दक्षता हासिल गरेको विशिष्टकृत निकायको स्थापना गरिनु पर्ने मान्यताको विकास भएको छ । बालकले गरेको कसूरको अनुसन्धान र तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानूनबमोजिम योग्यता पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै इकाई रहने र त्यस्तो इकाई नभएसम्म प्रहरी प्रधान कार्यालयले अनुसन्धान तहकिकातको लागि कुनै प्रहरी कर्मचारीलाई तोक्न सक्ने व्यवस्था गरेको छ । छुट्टै निकाय नभए तापनि छुट्टै इकाई खोल्ने वा प्रहरी कर्मचारी तोक्ने व्यवस्थाले बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात

१५ दफा ४९

एउटा विशिष्टीकृत निकाय वा दक्ष जनशक्तिवाट हुनु पर्छ भन्ने कुरालाई भने आत्मसात गरेको छ । बालबालिकासम्बन्धी मुद्दाहरुको अनुसन्धान तथा तहकिकात गर्दा प्रहरी कर्मचारीहरुले निम्नबमोजिम गर्नु पर्ने व्यवस्था नियमावलीमा उल्लेख गरिएको छ ।[१६]

- अनुसन्धान तहकिकात गर्दा सादा पोसाक लगाउनु पर्ने,
- बालकलाई प्रक्राउ गर्नु पर्दा आफनो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्ने,
- बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनु पर्ने,
- पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनु पर्ने,
- सम्भव भएसम्म बालकको आमाबाबु भए दुवैलाई वा कम्तीमा एक जनालाई र बाबुआमा नभए निजको संरक्षकलाई गरेको कसूर सम्बन्धमा सूचना दिनु पर्ने,
- नजिकैको सरकारी अस्पताल वा चिकित्सकवाट तुरुन्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने,
- सर्जमिन गर्दा बालकको बाबुआमा भएसम्म दुवै जना वा कम्तिमा एक जना र बाबुआमा नभए निजको संरक्षकलाई रोहवरमा राख्नु पर्ने,
- बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नु पर्ने,
- सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिने,
- बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्न नहुने,
- सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचिबमोजिमको ढाँचामा "सामाजिक अध्ययन प्रतिवेदन" तयार गरी दिन अनुरोध गर्ने,
- सोधपुछ गर्दा सम्बन्धित कसूर, बालकको सामाजिक तथा पारिवारिक पृष्ठभूमी तथा अन्य आवश्यक कुरामा सोधपुछ गर्न सकिने,

सामाजिक अध्ययन प्रतिवेदन

बालबालिका कसूरजन्य कार्यमा संलग्न हुनुका पछाडि विभिन्न किसिमका सामाजिक तथा मनोवैज्ञानिक कारणहरु रहेको हुन सक्दछ। तसर्थ अपराधजन्य कार्यमा संलग्न हुनुको कारण पत्ता लगाई बालबालिकाहरुलाई त्यसैअनुरुपको उपचार प्रदान गरिनु पर्छ । बिज्याँईको कारण खोजीका लागि सामाजिक अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने हुन्छ । अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा त्यस्तो बालकको पारिवारिक तथा

१६ ऐ ऐ नियम ४ र ५

सामाजिक पृष्ठभूमीका बारेमा सोधपुछ गर्नुका साथै त्यस्तो बालकको पारिवारिक विवरण, परिवारका कुनै सदस्यको अपराधिक कार्यमा संलग्न रहे नरहेको, आमाबाबु र परिवारका सदस्यहरुसँगको सम्बन्ध, बालकको शारीरिक र मानसिक अवस्था, रुची, चासो स्वभाव, साथीहरुको सम्बन्धसमेत खुलाई सामाजिक अध्ययन प्रतिवेदन पेश गर्नु पर्ने कुरालाई पनि नियमावली अनिवार्य गरेको छ । अनुसन्धान अधिकारीले यस्तो सामाजिक अध्ययन प्रतिवेदन सेवा प्रदायक संस्था वा व्यक्तिलाई तयार गरी दिन अनुरोध गर्ने व्यवस्था छ भने अनुसन्धानको क्रममा सामाजिक अध्ययन प्रतिवेदन तयार नभएको रहेछ भने बाल अदालत वा इजलासले त्यस्तो प्रतिवेदन तयार गर्न लगाउनु पर्ने व्यवस्था नियमावलीमा रहेको छ ।[१७]

बाल अदालत वा इजलासको अधिकार क्षेत्रको प्रयोग

बाल न्याय (कार्यविधि) नियमावलीले जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकसमेत समावेश गरी तीन सदस्यीय बाल इजलास गठन गर्ने व्यवस्था गरेको छ ।[१८] बाल अदालत वा बाल इजलासमा मुद्दाको सुनुवाई गर्दा न्यायाधीश, समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले अधिकार क्षेत्रको प्रयोग सामुहिक रुपमा गर्दछन् । सो गर्दा न्यायाधीशबाहेकका अन्य दुई सदस्यले मुद्दाको सुनुवाईपछि आफनो लिखित राय न्यायाधीशसमक्ष पेश गर्ने र तिनीहरुको राय प्राप्त भएपछि न्यायाधीशले फैसला गर्ने व्यवस्था गरिएको छ । समाजसेवीको राय प्रतिवेदन बालबिज्याँईकर्ताको सामाजिक पक्षसँग सम्बन्धित हुन्छ भने बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको राय बालमनोविज्ञान तथा मनोसामाजिक पक्षसँग सम्बन्धित हुन्छ र न्यायाधीशले कानूनी विषयमा निर्णय गर्ने गर्छन् ।[१९] तर समाजसेवी तथा बालमनोवैज्ञानिक उपस्थित नभएमा मुद्दाको कामकारवाही रोकिने अवस्था भने छैन ।

मुद्दाको सुनुवाई

बाल अदालत वा इजलासले मुद्दाको सुनुवाई गर्दा बालमैत्री वातावरणमा गर्नु पर्ने, बालबालिकाले बुझ्ने भाषा प्रयोग गर्नु पर्ने, बालबालिकाउपर लागेको कसूरको प्रकृति र प्राप्त साक्षी प्रमाण बारेमा जानकारी दिनु पर्ने, सोधपुछ गर्दा "छुट्टै कोठामा क्यामरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी र यसरी सोधिएको कुरा इजलासको पर्दामा देखिने गर्न सकिने", सोधपुछ गर्दा आमा, बुबा, संरक्षक वा कानून व्यवसायीको उपस्थितिमा गर्न सकिने र सोधपुछ गर्न बालकसँग सहज रुपमा सञ्चार वा संबाद गर्न सक्ने व्यक्ति तोक्न सकिने व्यवस्था यस नियमावलीमा गरिएको छ ।[२०] "बालकविरुद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण आफुसँग भएमा त्यस्तो प्रमाण बुझि पाउनको लागि बाल अदालत वा इजलाससमक्ष जो सुकैले पनि अनुरोध गर्न सक्ने र अदालतले अनुमति दिन सक्ने व्यवस्था गरिएको छ ।[२१] यसै गरी बालबालिकाले आफ्नो तर्फबाट आफै साक्षी उपस्थित गराउन चाहेमा बाल अदालत वा बाल इजलासले

१७ ऐ ऐ नियम ६, ८, ९ र १०
१८ ऐ ऐ नियम ४
१९ ऐ ऐ दफा ११ र १७(ग)
२० ऐ ऐ नियम १२
२१ ऐ ऐ दफा १३

त्यस्तो साक्षी झिकाउन अनुमति दिन सक्ने र त्यसरी बालबालिकाको तर्फवाट रहने साक्षीले भत्तासमेत पाउने व्यवस्था रहेको छ ।

बालकको उमेर निर्धारण

बालबालिकाउपर कुनै अभियोग लागी सो अभियोग प्रमाणित भएमा निजहरुलाई उमेरअनुसार सजाय हुने व्यवस्था रहेको छ । कहिलेकाही बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा बालबालिकाको उमेरका सम्बन्धमा विवाद हुने गर्दछ । यसमा विभिन्न किसिमका प्रमाणहरु पेश गरी विभिन्न उमेरको दावी लिइएको हुन्छ । सोसम्बन्धी विवाद निप्टाराको लागि बाल इजलास वा बाल अदालतले निम्नबमोजिमका कागजातको आधार लिनु पर्ने व्यवस्था बाल न्याय (कार्यविधि) नियमावलीले व्यवस्था गरेको छ ।[२२]

- अस्पतालवाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
- सो नभएमा स्थानीय पदाधिकारीको कार्यालयवाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
- सो नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्ममिति वा विद्यालय भर्ना हुँदाको वखत उल्लेख गरेको जन्ममिति,
- सो नभएमा सरकारी अस्पतालवाट प्रमाणित उमेर ।

फैसला र फैसला कार्यान्वयन

बालबालिकाविरुद्धको मुद्दामा मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरी सक्नु पर्ने व्यवस्था रहेको छ । बाल अदालत वा इजलासले फैसला गर्दा अन्य प्रचलित कानूनमा उल्लेख भएका कुराका अतिरिक्त अभियोगपत्रको संक्षिप्त व्यहोरा, पेश भएको र बुझेको प्रमाण, बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले प्रस्तुत गरेको रायको संक्षिप्त व्यहोरा, कानून व्यवसायीको जिकिर, सान्दर्भिक जिकिर, कसूर प्रमाणित भए वा नभएकोमा सोको आधार, निर्णय गर्दा लिइएको आधार र कारणहरु, बालकलाई सुधार गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने उपाय, क्षतिपूर्ति वा जरिवाना तिर्नु बुझाउनु पर्ने भए सोसम्बन्धी व्यहोरा आदि कुराहरु फैसलामा खुलाउनु पर्छ ।[२३] फैसला भइसकेपछि फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निशुल्क उपलव्ध गराई दिनु पर्छ । फैसलाको कार्यान्वयन सम्बन्धमा छुट्टै विशेष व्यवस्था नभई प्रचलित कानूनबमोजिम नै हुने व्यवस्था नियमावलीमा रहेको छ ।[२४]

सेवा प्रदायक व्यक्ति वा संस्थासम्बन्धी व्यवस्था

बालबिज्याँईसम्बन्धी मुद्दाहरुको अनुसन्धान, अभियोजन तथा सुनुवाईको चरणमा संलग्न हुने प्रहरी,

२२ ऐ ऐ नियम १५
२३ ऐ ऐ नियम १६, १७
२४ ऐ ऐ नियम १८, १९

सरकारी वकिल तथा अदालत मात्र नभई सामाजिक तथा गैरसरकारी संस्थाको पनि भूमिका रहेको हुन्छ। कानून विपरीतको कार्य गरेको भनी अभियोग लगाइएको बालकको सामाजिक अध्ययन गर्न, उनीहरुलाई मनोविमर्श सेवा, कानूनी सहायता तथा बाल सुधारसम्बन्धी अन्य सेवाहरु प्रदान गर्नको लागि सेवा प्रदायक संस्थाहरुको सहयोगको अपेक्षा बाल न्याय (कार्यविधि) नियमावलीले गरेको छ। सेवा प्रदायकको योग्यता, तिनीहरुको सूचीकृतको व्यवस्था, सूचीवाट हटाउने व्यवस्था आदि सम्बन्धमा व्यवस्था गरिएको छ।[२५]

२५ ऐ ऐ नियम २०, २१

परिच्छेद ३

बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण

बाल न्याय समन्वय समितिले बालबिज्याँईसम्बन्धी मुद्दाहरुको विवरणलाई व्यवस्थित ढङ्गबाट अध्यावधिक गर्दै आएको छ। सो प्रयोजनका लागि छुट्टै कम्प्युटर सफ्टवेर बनाई प्रयोगमा ल्याइएको छ। प्रत्येक जिल्ला अदालतबाट मासिक रुपमा बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण समितिको सचिवालयमा प्राप्त हुने र सो आधारमा अध्यावधिक गर्ने गरिएको छ। समितिको सचिवालयमा हालसम्म आर्थिक वर्ष २०६२/०६३ देखि हालसम्मको तथ्याङ्कलाई अध्यावधिक गरेर राखिएको छ। सो तथ्याङ्कको आधारमा आर्थिक वर्ष २०६२/०६३ देखि आर्थिक वर्ष २०७०/०७१ सम्म अदालतमा दायर भएका बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण तयार गरी यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

३.१ जिल्लागत आधारमा बालबिज्याँईसम्बन्धी जम्मा मुद्दा, फैसला भएको मुद्दा र बाँकी मुद्दाको विवरण

क. स.	जिल्ला	जम्मा मुद्दा संख्या	फैसला भएको मुद्दा संख्या	फैसला हुन बाँकी मुद्दा संख्या
१.	ताप्लेजुङ	३	२	१
२.	पाँचथर	४	३	१
३.	ईलाम	२	२	०
४.	झापा	२४	२१	३
५.	तेह्रथुम	६	६	०
६.	भोजपुर	३	३	०
७.	संखुवासभा	७	६	१
८.	धनकुटा	५	३	२
९.	सुनसरी	४८	२६	२२
१०.	मोरङ	३२	२४	८
११.	सोलुखुम्बु	३	१	२

१२.	ओखलढुङ्गा	१	१	०
१३.	खोटाङ	४	३	१
१४.	उदयपुर	२	१	१
१५.	सिराहा	९	२	७
१६.	सप्तरी	६	४	२
१७.	दोलखा	२	२	०
१८.	सिन्धुली	७	४	३
१९.	धनुषा	११	१०	१
२०.	सर्लाही	१	०	१
२१.	महोत्तरी	४	१	३
२२.	मकवानपुर	६	६	०
२३.	चितवन	३०	१५	१५
२४.	बारा	६	६	०
२५.	पर्सा	५	४	१
२६.	रौतहट	१	१	०
२७.	नुवाकोट	५	३	२
२८.	धादिङ	६	६	०
२९.	काभ्रेपलाञ्चोक	१	१	०
३०.	भक्तपुर	१३	१२	१
३१.	ललितपुर	१०	१०	०
३२.	काठमाडौं	१०४	८९	१५
३३.	गोरखा	५	५	०
३४.	कास्की	७	४	३
३५.	तनहुँ	७	५	२
३६.	लमजुङ	७	६	१
३७.	स्याङजा	३	१	२
३८.	पाल्पा	६	६	०
३९.	नवलपरासी	८	६	२
४०.	रुपन्देही	२४	२४	०
४१.	बाग्लुङ	१	१	०
४२.	रुकुम	३	०	३
४३.	सल्यान	६	६	०
४४.	प्युठान	८	७	१
४५.	दाङ	२०	१५	५

४६.	दैलेख	३	१	२
४७.	जाजरकोट	६	५	१
४८.	सुर्खेत	१५	९	६
४९.	बाँके	५०	३९	११
५०.	बर्दिया	१७	११	६
५१.	बझाङ	११	२	९
५२.	डोटी	३	३	०
५३.	कैलाली	१५	५	१०
५४.	दार्चुला	२	१	१
५५.	डडेल्धुरा	१	१	०
५६.	कञ्चनपुर	१६	१४	२
	जम्मा	**६१५**	**४५५**	**१६०**
	प्रतिशत	**१००**	**७३.९%**	**२६.१%**

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

आर्थिक वर्ष २०६२/०६३ सालदेखि आर्थिक वर्ष २०७०/०७१ सम्म दर्ता भएका जम्मा ६१५ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ४५५ अर्थात् ७३.९ प्रतिशत मुद्दाहरु फैसला भइसकेका छन् भने १६० अर्थात् २६.१ प्रतिशत मुद्दाहरु चालु अवस्थामा रहेका छन् । जिल्लागत आधारमा हेर्दा बालबिज्याँईसम्बन्धी मुद्दा सबैभन्दा बढि काठमाडौं जिल्ला अदालतमा जम्मा १०४ वटा परेका छन् जसमध्ये ८९ मुद्दा फैसला गरिसकिएको छ भने बाँकी १५ वटा मुद्दा चालु अवस्थामा रहेका छन् । त्यसपछि ५० वटा मुद्दा बाँके जिल्ला अदालतमा परेका छन् जसमध्ये ३९ वटा मुद्दा फैसला गरिसकिएको छ भने बाँकी ११ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । सुनसरी जिल्ला अदालतमा जम्मा ४८ वटा मुद्दाहरु परेका छन् जसमध्ये २६ वटा मुद्दाहरु फैसला गरिसकिएको छ भने बाँकी २२ वटा मुद्दाहरु चालु अवस्थामा छन् । त्यस्तै मोरङ जिल्ला अदालतमा परेका जम्मा ३२ वटा मुद्दाहरुमध्ये २४ वटा मुद्दाहरु फैसला गरिसकिएको छ भने ८ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । चितवन जिल्ला अदालतमा परेका जम्मा ३० वटा मुद्दाहरुमध्ये १५ वटा मुद्दाहरु फैसला भइसकेका छन् भने बाँकी १५ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् ।

३.२ विषयगत आधारमा बालबिज्याँईसम्बन्धी जम्मा मुद्दा,फैसला भएको मुद्दा र फैसला हुन बाँकी मुद्दाको विवरण

क.स.	मुद्धा	जम्मा मुद्दा संख्या	फैसला भएको मुद्दा संख्या	फैसला हुन बाँकी मुद्दा संख्या
१.	कर्तव्य ज्यान	५०	३४	१६
२.	ज्यान मार्ने उद्योग	३५	२४	११

३.	भवितव्य ज्यान	३	२	१
४.	जवरजस्ती करणी	२३६	१८१	५५
५.	जवरजस्ती करणी उद्योग	३६	२५	११
६.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	१२	७	५
७.	साधारण चोरी	७०	६३	७
८.	नकवजनी चोरी	५३	३८	१५
९.	रहजनी चोरी	५	२	३
१०.	डाँका	४	२	२
११	जवरजस्ती चोरी	२	२	०
१२.	खोटा चलन	१	१	०
१३.	केही सार्वजनिक अपराध	२५	२२	३
१४.	तथ्याङ्क गोपनीयता	१	१	०
१५.	अपहरण	५	३	२
१६.	मानव बेचविखन	१	१	०
१७.	लागूऔषध	३६	२६	१०
१८.	सवारी ज्यान	११	६	५
१९.	कुटपिट अङ्गभङ्ग	४	१	३
२०.	हातहतियार खरखजाना	५	५	०
२१.	नागरिकता कीर्ते	१	१	०
२२.	बनसम्बन्धी	१३	४	९
२३.	परीक्षामा अमर्यादा	१	१	०
२४	गोवध	२	२	-
२५.	ठगी	१	-	१
२६.	आगलागी	१	०	१
२७.	अन्य	१	१	-
	जम्मा	**६१५**	**४५५**	**१६०**
	प्रतिशत	**१००**	**७३.९%**	**२६.१%**

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

आर्थिक वर्ष २०६२/०६३ देखि २०७०/०७१ सम्म दर्ता भएका ६१५ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ४५५ अर्थात् ७३.९ प्रतिशत मुद्दाहरु फैसला भइसकेका छन् भने १६० अर्थात् २६.१ प्रतिशत मुद्दाहरु चालु अवस्थामा रहेका छन् । मुद्दागत रुपमा हेर्दा बालबालिकाले गर्ने बिज्याँईमध्ये सबभन्दा बढि

२३६ वटा जवरजस्ती करणीसम्बन्धी मुद्दा रहेका छन् जसमध्ये १८१ वटा मुद्दाहरु फैसला गरिसकिएको छ भने ५५ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । साधारण चोरीसम्बन्धी मुद्दा जम्मा ७० वटा रहेका छन्, जसमध्ये ६३ वटा मुद्दाहरु फैसला गरिसकिएको छ भने बाँकी ७ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । त्यस्तै नकवजनी चोरीसम्बन्धी जम्मा ५३ वटा मुद्दाहरुमध्ये ३८ वटा मुद्दाहरु फैसला गरिसकिएको छ भने बाँकी १५ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । जवरजस्ती करणी उद्योगसम्बन्धी जम्मा ३६ मुद्दाहरुमध्ये २५ मुद्दाहरु फैसला भएका छन् भने बाँकी ११ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । ज्यान मार्ने उद्योगसम्बन्धी जम्मा ३५ वटा मुद्दाहरुमा २४ वटा मुद्दाहरु फैसला गरिसकिएको छ भने बाँकी ११ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । बालबालिकाहरुले गर्ने लागूऔषधसम्बन्धी बिज्याँई पनि उल्लेख्य रहेका छन् । हालसम्म दर्ता भएका लागूऔषधसम्बन्धी ३६ वटा मुद्दाहरुमध्ये २६ वटा मुद्दाहरु फैसला भइसकेका छन् भने बाँकी १० वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् । त्यस्तै सार्वजनिक अपराधसम्बन्धी जम्मा २५ मुद्दाहरुमध्ये २२ वटा फैसला गरिसकिएको छ भने बाँकी ३ वटा मुद्दाहरु चालु अवस्थामा रहेका छन् ।

३.३ बालबिज्याँईसम्बन्धी मुद्दा संख्याको सालबसाली विवरण



स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

प्रत्येक जिल्ला अदालतबाट बाल न्याय समन्वय समिति सचिवालयलाई प्राप्त बालबिज्याँईसम्बन्धी मुद्दाहरुको आर्थिक वर्ष २०६२/०६३ देखि २०७०/०७१ सम्मको विवरण हेर्दा सबैभन्दा बढि आर्थिक वर्ष २०६९/०७० मा १४० अर्थात् २२.७ प्रतिशत मुद्दाहरु परेको देखिन्छ । त्यसपछि क्रमशः आर्थिक वर्ष २०६८/०६९ मा ११२ अर्थात् १८.२ प्रतिशत, आर्थिक वर्ष २०६७/०६८ र २०७०/०७१ मा जम्मा ९२/९२ अर्थात् १५/१५ प्रतिशत, आर्थिक वर्ष २०६६/०६७ मा ७६ अर्थात् १२.४ प्रतिशत, आर्थिक

वर्ष २०६५/०६६ मा ५६ अर्थात् ९.१ प्रतिशत, आर्थिक वर्ष २०६४/०६५ मा जम्मा २९ अर्थात् ४.७ प्रतिशत, आर्थिक वर्ष २०६३/०६४ मा १४ अर्थात् २.३ प्रतिशत र आर्थिक वर्ष २०६२/०६३ मा जम्मा ४ अर्थात् ०.६ प्रतिशत मुद्दाहरुको विवरण प्राप्त भएको छ । बालबिज्याँईसम्बन्धी प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०६२/०६३ बाट क्रमशः आर्थिक वर्ष २०६९/०७० सम्म क्रमशः बढेको देखिन्छ भने आर्थिक वर्ष २०७०/०७१ मा मुद्दाको सो बृद्धि दर पुनः केहि घटेको देखिन्छ ।

३.४ विषयगत आधारमा बालबिज्याँईसम्बन्धी मुद्दाको सालबसाली विवरण

क.स.	मुद्दाको प्रकृति	जम्मा मुद्दा संख्या	आर्थिक वर्ष								
			२०६२/०६३	२०६३/०६४	२०६४/०६५	२०६५/०६६	२०६६/०६७	२०६७/०६८	२०६८/०६९	२०६९/०७०	२०७०/०७१
१.	कर्तव्य ज्यान	५०	०	०	१	८	५	७	११	१२	६
२.	ज्यान मार्ने उद्योग	३५	०	०	१	३	४	७	१०	७	३
३.	भवितव्य ज्यान	३	०	०	०	१	१	०	०	०	१
४.	जवरजस्ती करणी	२३६	२	९	१३	२२	२६	३५	४५	५२	३२
५.	जवरजस्ती करणी उद्योग	३६	०	०	१	२	५	६	३	६	१३
६.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	१२	०	०	०	०	१		३	४	४
७.	साधारण चोरी	७०	०	४	५	१०	१३	११	९	१०	८
८.	नकवजनी चोरी	५३	०	१	५	४	६	८	७	१५	७
९.	रहजनी चोरी	५	०	०	१	०	०	०	१	२	१
१०.	डाँका	४	०	०	०	०	०	१	०	३	०
११.	जवरजस्ती चोरी	२	०	०	०	०	१	१	०	०	०
१२.	खोटा चलन	१	१	०	०	०	०	०	०	०	०
१३.	केही सार्वजनिक अपराध	२५	०	०	०	१	४	७	४	६	३
१४.	तथ्याङ्क गोपनीयता	१	०	०	०	१	०	०	०	०	०
१५.	अपहरण	५	०	०	०	०	१	२	१	१	०
१६.	मानव बेचविखन	१	०	०	०	१	०	०	०	०	०
१७.	लागूऔषध	३६	०	०	१	२	२	३	९	१२	७
१८.	सवारी ज्यान	११	०	०	०	०	२	१		२	६
१९.	कुटपिट अङ्गभङ्ग	४	०	०	१	०	०	०	१	२	०
२०.	हातहतियार खरखजाना	५	०	०	०	१	२	१	०	१	०
२१.	नागरिकता कीर्ते	१	०	०	०	०	०	१	०	०	०
२२.	बनसम्बन्धी	१३	०	०	०	०	१	१	५	५	१
२३.	परीक्षामा अमर्यादा	१	०	०	०	०	०	०	१	०	०
२४.	गोबध	२	१	०	०	०	१	०	०	०	०
२५.	ठगी	१	०	०	०	०	०	०	१	०	०
२६.	आगलागी	१	०	०	०	०	०	०	१	०	०
२७.	अन्य	१	०	०	०	०	१	०	०	०	०
	जम्मा	६१५	४	१४	२९	५६	७६	९२	११२	१४०	९२

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

प्राप्त भएको जम्मा मुद्दा संख्याको विवरणअनुसार आर्थिक वर्ष २०६९/०७० मा सबभन्दा बढि १४० मुद्दा परेका छन् जसमध्ये जवरजस्ती करणी ५२, नकवजनी चोरी १५, कर्तव्य ज्यान १२, लागूऔषध १२, साधारण चोरी १०, ज्यान मार्ने उद्योग ७, केहि सार्वजनिक अपराध ६, बनसम्बन्धी ५ वटा मुद्दा परेको देखिन्छ ।

३.५ विषयगत आधारमा बालबिज्याँईसम्बन्धी मुद्दाको संख्या र फैसला गर्न लागेको अवधि

क.स.	मुद्धा	फैसला संख्या	फैसला गर्न लागेको अवधि र मुद्दा संख्या				
			४ महिनाभित्र	६ महिनाभित्र	१ वर्षभित्र	२ वर्षभित्र	२ वर्षभन्दा बढि
१.	कर्तव्य ज्यान	३४	४	६	१०	१२	२
२.	ज्यान मार्ने उद्योग	२४	४	४	८	८	०
३.	भवितव्य ज्यान	२	०	१	१	०	०
४.	जवरजस्ती करणी	१८१	३४	२७	६२	४९	९
५.	जवरजस्ती करणी उद्योग	२५	९	६	७	३	०
६.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	७	१	०	४	२	०
७.	साधारण चोरी	६३	१३	१०	२३	१५	२
८.	नकवजनी चोरी	३८	८	५	८	१७	०
९.	रहजनी चोरी	२	०	०	१	१	०
१०.	डाँका	२	०	०	२	०	०
११.	जवरजस्ती चोरी	२	०	०	१	१	०
१२.	खोटा चलन	१	०	०	०	१	०
१३.	केही सार्वजनिक अपराध	२२	४	२	१२	३	१
१४.	तथ्याङ्क गोपनीयता	१	०	०	१	०	०
१५.	अपहरण	३	०	१	१	१	०
१६.	मानव बेचविखन	१	०	१	०	०	०
१७.	लागूऔषध	२६	११	४	६	५	०
१८.	सवारी ज्यान	६	३	०	२	१	०
१९.	कुटपिट अङ्गभङ्ग	१	०	०	०	१	०
२०.	हातहतियार खरखजाना	५	२	०	३	०	०
२१.	नागरिकता कीर्ते	१	०	१	०	०	०
२२.	बनसम्बन्धी	४	१	०	१	२	०

२३.	परीक्षामा अमर्यादा	१	०	१	०	०	०
२४	गोबध	२	०	१	०	०	१
२५.	अन्य	१	०	०	१	०	०
	जम्मा	४५५	९४	७०	१५४	१२२	१५
	प्रतिशत	१००	२०.६%	१५.४%	३३.९%	२६.८%	३.३%

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १६ ले अदालत वा बाल इजलासले मुद्दा दायर भएको एक सय बीस दिन (चार महिना) भित्र फैसला गरिसक्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। हालसम्म फैसला गरिएका जम्मा ४५५ मुद्दाहरुमध्ये ४ महिनाभित्र जम्मा ९४ अर्थात् २०.६ प्रतिशत, ६ महिनाभित्र जम्मा ७० अर्थात् १५.४ प्रतिशत, १ वर्षभित्र १५४ अर्थात् ३३.९ प्रतिशत, २ वर्षभित्र १२२ अर्थात् २६.८ प्रतिशत मुद्दाहरु फैसला भएका छन् भने २ वर्षभन्दा बढि समयमा जम्मा १५ अर्थात् ३.३ प्रतिशत मुद्दाहरु फैसला गरिएका छन्।

३.६ जिल्लागत आधारमा बालबिज्याँईसम्बन्धी मुद्दामा भएको फैसलाको प्रकृति

क.स.	जिल्ला	जम्मा फैसला मुद्दा संख्या	ठहर	आंशिक ठहर	मुद्दा परिवर्तन	सफाई	नखुलेको
१.	ताप्लेजुङ	२	२	०	०	०	०
२.	पाँचथर	३	३	०	०	०	०
३.	ईलाम	२	२	०	०	०	०
४.	झापा	२१	१३	०	०	१	७
५.	मोरङ	२४	१७	०	२	३	२
६.	सुनसरी	२६	१७	०	०	७	२
७.	धनकुटा	३	३	०	०	०	०
८.	संखुवासभा	६	६	०	०	०	०
९.	भोजपुर	३	३	०	०	०	०
१०.	तेह्रथुम	६	१	१	१	२	१
११.	ओखलढुङ्गा	१	१	०	०	०	०
१२.	खोटाङ	३	२	०	०	१	०
१३.	सोलुखुम्बु	१	१	०	०	०	०
१४.	उदयपुर	१	०	०	०	१	०
१५.	सप्तरी	४	१	०	०	१	२
१६.	सिराहा	२	२	०	०	०	०
१७.	धनुषा	१०	५	०	०	५	०

१८.	महोत्तरी	१	१	०	०	०	०
१९.	सिन्धुली	४	३	०	०	१	०
२०.	दोलखा	२	१	०	०	१	०
२१.	काभ्रेपलाञ्चोक	१	१	०	०	०	०
२२.	ललितपुर	१०	४	०	०	१	५
२३.	भक्तपुर	१२	५	०	०	३	४
२४.	काठमाडौं	९०	३६	१	४	३२	१७
२५.	नुवाकोट	३	३	०	०	०	०
२६.	धादिङ	६	४	०	०	२	०
२७.	मकवानपुर	६	४	०	०	२	०
२८.	रौतहट	१	०	०	०	१	०
२९.	बारा	६	१	०	०	५	०
३०.	पर्सा	४	३	०	०	१	०
३१.	चितवन	१५	१०	०	१	४	०
३२.	गोरखा	५	४	०	१	०	०
३३.	लमजुङ	६	२	१	१	२	०
३४.	तनहुँ	५	२	०	०	३	०
३५.	स्याङजा	१	१	०	०	०	०
३६.	कास्की	४	३	०	०	१	०
३७.	बाग्लुङ	१	१	०	०	०	०
३८.	पाल्पा	६	२	०	१	२	१
३९.	नवलपरासी	६	५	०	०	१	०
४०.	रुपन्देही	२४	१८	०	०	६	०
४१.	प्युठान	७	७	०	०	०	०
४२.	सल्यान	६	५	०	०	१	०
४३.	दाङ	१४	६	०	०	४	४
४४.	बर्दिया	११	९	०	०	२	०
४५.	सुर्खेत	९	६	०	१	०	२
४६.	दैलेख	१	१	०	०	०	०
४७.	बाँके	३९	२९	०	०	९	१
४८.	जाजरकोट	५	४	०	०	१	०
४९.	बझाङ	२	०	०	०	२	०
५०.	डोटी	३	२	०	०	०	१

५१.	कैलाली	५	१	०	१	१	२
५२.	कञ्चनपुर	१४	६	०	०	१	७
५३.	डडेल्धुरा	१	०	०	०	१	०
५४.	दार्चुला	१	१	०	०	०	०
	जम्मा	**४५५**	**२७०**	**३**	**१३**	**१११**	**५८**
	प्रतिशत	**१००**	**५९.३%**	**०.७%**	**२.९%**	**२४.९%**	**१३%**

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबिज्याँईसम्बन्धी जम्मा फैसला गरिएका ४५५ वटा मुद्दाहरुमध्ये २७० वटा अर्थात् ५९.३ प्रतिशत मुद्दाहरुमा बालबालिकाहरुलाई दोषि ठहर गरिएको छ भने १११ वटा अर्थात् २४.९ प्रतिशत मुद्दाहरुमा सफाई दिइएको छ। १३ वटा अर्थात् २.९ प्रतिशत मुद्दाहरु परिवर्तन गरिएका छन्। ३ वटा अर्थात् ०.७ प्रतिशत मुद्दामा आंशिक ठहर गरिएको छ भने बाँकी ५८ अर्थात् १३% मुद्दाहरुको फैसला विवरण खुलेको छैन।

३.७ बालबिज्याँईसम्बन्धी ठहर भएका मुद्दामा गरिएको सजायको प्रकृति

मुद्दा	जम्मा मुद्दा संख्या	सजाय स्थगन	कैद	जरीवाना	कैद र जरिवाना दुवै	सम्झाईबुझाई
कर्तव्य ज्यान	२६	१	२३	२	०	०
ज्यान मार्ने उद्योग	२	०	२	०	०	०
भवितव्य ज्यान	२	०	२	०	०	०
जवरजस्ती करणी	१३६	२२	१०४	०	३	७
जवरजस्ती करणी उद्योग	१४	७	७	०	०	०
साधारण चोरी	६२	१६	९	२	३५	०
नकवजनी चोरी	४८	९	११	०	२८	०
रहजनी चोरी	२	०	०	०	२	०
डाँका	२	०	१	०	१	०
केही सार्वजनिक अपराध	६	३	०	२	०	१
अपहरण	१	०	१	०	०	०
लागूऔषध	२१	६	७	१	५	२
सवारी ज्यान	५	२	१	०	२	०
हातहतियार खरखजाना	२	०	०	२	०	०
बनसम्बन्धी	२	१	०	०	१	०

जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	१	०	०	१	०	०
परीक्षामा अमर्यादा	२	०	०	०	२	०
जम्मा	**३३४**	**६७**	**१६८**	**१०**	**७९**	**१०**
प्रतिशत	**१००**	**२०.१%**	**५०.३%**	**३%**	**२३.६%**	**३%**

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबिज्याँईसम्बन्धी ठहर भएका जम्मा ३३४ मुद्दाहरुमा ६७ वटा अर्थात् २०.१ प्रतिशत मुद्दाहरुमा सजाय स्थगन, १६८ वटा अर्थात् ५०.३ प्रतिशत मुद्दामा कैद, १० वटा अर्थात् ३ प्रतिशत मुद्दामा जरिवाना, ७९ वटा अर्थात् २३.६ प्रतिशत मुद्दाहरुमा कैद र जरिवाना दुबै र १० वटा अर्थात् ३ प्रतिशत मुद्दामा सम्झाईबुझाई गरी छाडिएको छ ।

३.८ बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा प्रतिवादी खुलेको मुद्दाको विवरण



स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

आर्थिक वर्ष २०६२/२०६३ देखि २०७०/०७१ सम्ममा जम्मा दर्ता भएका ६१५ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ५८९ वटा अर्थात् ९८.८ प्रतिशत मुद्दाहरुमा प्रतिवादीको विवरण खुलेको छ भने बाँकी २६ वटा अर्थात् ४.२ प्रतिशत मुद्दाहरुमा प्रतिवादीको विवरण खुल्न सकेको छैन ।

३.९ प्रतिवादी खुलेको बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा प्रतिवादीको लिङ्गगत विवरण



स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबिज्याँईसम्बन्धी प्रतिवादीको लिङ्गगत विवरण खुलेका जम्मा ५८९ वटा मुद्दाहरुमा जम्मा प्रतिवादी बालबालिकाहरुको संख्या ७५३ रहेको छ। जसमध्ये प्रतिवादी बालकको संख्या ७२६ अर्थात् ९६.४ प्रतिशत रहेको छ भने प्रतिवादी बालिकाहरुको संख्या जम्मा १७ अर्थात् २.३ प्रतिशत रहेको छ। बाँकी ७ वटा मुद्दाको जम्मा १० अर्थात् १.३ प्रतिशत प्रतिवादी बालबालिकाको लिङ्ग खुल्न सकेको छैन।

३.१० बालबिज्याँईसम्बन्धी प्रतिवादी खुलेका मुद्दाहरुमा उमेरको आधारमा प्रतिवादी बालबालिकाहरुको बर्गिकरण

मुद्दा	जम्मा मुद्दा संख्या	जम्मा प्रतिवादी बालबालिका संख्या	१४ वर्ष मुनीका	१५ देखि १६ वर्ष सम्मका	उमेर नखुलेको
कर्तव्य ज्यान	४९	६९	१४	५२	३
ज्यान मार्ने उद्योग	३४	४१	१०	३१	०
भवितव्य ज्यान	३	४	२	२	०
जवरजस्ती करणी	२२७	२४९	७२	१६३	१३
जवरजस्ती करणी उद्योग	३३	३५	११	२४	०
साधारण चोरी	६५	१००	१६	८०	३
नकवजनी चोरी	४९	८२	१९	६२	१

रहजनी चोरी	५	५	०	५	०
डाँका	४	१०	०	१०	०
केही सार्वजनिक अपराध	२५	३३	१	३०	२
अपहरण	५	६	०	६	०
लागूऔषध	३६	४३	४	३६	२
सवारीज्यान	११	१२	१	११	०
कुटपिट अङ्गभङ्ग	४	५	०	५	०
हातहतियार खरखजाना	५	६	२	४	०
जवरजस्ती चोरी	२	२	०	१	१
नागरिकता कीर्ते	१	१	०	१	०
बनसम्बन्धी	१३	३२	१२	१९	१
गोबध	२	२	०	२	०
जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	१२	१३	८	४	१
आगलागी	१	२	१	१	०
परीक्षामा अमर्यादा	१	२	०	२	०
ठगि	१	१	०	१	०
अन्य	१	१	०	१	०
जम्मा	**५८९**	**७५३**	**१७३**	**५५३**	**२७**
		१००%	**२२.९७%**	**७३.४४%**	**३.५९%**

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबिज्याँईमा संलग्न बालबालिकाहरुको उमेर समुहगत रुपमा हेर्दा १४ देखि १६ वर्षसम्मका बालबालिकाहरु ५५३ अर्थात् ७३.४४ प्रतिशत देखिन्छ भने १४ वर्ष मुनिका बालबालिकाहरुको संख्या १७३ अर्थात् २२.९ प्रतिशत देखिन्छ। बाँकी २७ अर्थात् ३.५९ प्रतिशत बालबालिकाहरुको उमेर समुह खुलेको छैन।

३.११ बाल इजलासबाट हेरिएका बालबिज्याँईसम्बन्धी जम्मा मुद्दा संख्या



स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा दफा ५५(४) बमोजिम बालबालिकासम्बन्धी मुद्दाको कारवाई र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा एकएक बाल इजलास[१] रहनेछ भन्ने व्यवस्था गरेको छ। सोहि दफाको उपदफा (५) बमोजिम बाल इजलासमा न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक रहने व्यवस्था गरेको छ। यस दफाबमोजिम ५६ वटा जिल्ला अदालतमा भौतिक पुर्वाधार निर्माण सम्पन्न तथा बाल इजलासको गठन भएको छ। आर्थिक वर्ष २०६२/०६३ देखि आर्थिक वर्ष २०७०/०७१ सम्ममा बाल न्याय समन्वय समिति सचिवालयलाई प्राप्त जम्मा ६१५ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ५०९ अर्थात् ८२.८ प्रतिशत मुद्दाहरु बाल इजलासबाट हेरिएका छन् भने बाँकी १०६ अर्थात् १७.२ प्रतिशत मुद्दाहरु साधारण इजलासबाट हेरिएका छन्।

१ बाल इजलास भन्नाले भौतिक पुर्वाधारका साथै र तालीम प्राप्त बालमनोवैज्ञानिक र समाजसेवीको उपस्थितिसहितको सामुहिक सुनुवाईलाई जनाइएको छ।

परिच्छेद ४

आर्थिक वर्ष २०७०/०७१ को बालबिज्याँईसम्बन्धी मुद्दाको विवरण

यस परिच्छेदमा आर्थिक वर्ष २०७०/०७१ मा भएका बालबिज्याँईसम्बन्धी घटना र मुद्दाको विवरणहरु प्रस्तुत गरिएको छ ।

४.१ बालबिज्याँईसम्बन्धी घटनाको प्रकृति र प्रतिवादी बालबालिकाहरुको लिङ्गगत विवरण

क.स.	मुद्दा शिर्षक	बालक	बालिका	जम्मा
१	जवरजस्ती करणी	८४	०	८४
२	मानव बेचबिखन	१	१	२
३	जीउ मास्नेबेच्ने	२	१	३
४	लागूऔषध	१२	१	१३
५	अपहरण	१	०	१
६	कर्तव्य ज्यान	१	२	३
७.	डाँका	५	०	५
८.	चोरी	१८	०	१८
९.	जवरजस्ती करणी उद्योग	१३	०	१३
१०.	गर्भपतन	०	१	१
११.	बहुबिवाह	०	७	७
१२.	केही सार्वजनिक अपराध	१२३	९	१३२
जम्मा		**२६०**	२२	२८२
प्रतिशत		९२.२०%	७.८०%	१००%

श्रोत : नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१

नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट प्राप्त जानकारीअनुसार आर्थिक वर्ष २०७०/०७१ मा प्रहरीमा दर्ता भएका बालबिज्याँईसम्बन्धी घटनाहरुमा संलग्न प्रतिवादी बालबालिकाहरुको लिङ्गगत विवरण हेर्दा जम्मा बालबालिकाको संख्या २८२ देखिन्छ । जसमध्ये बालकको संख्या २६०

अर्थात् ९२.२ प्रतिशत र बालिकाको संख्या २२ अर्थात् ७.८ प्रतिशत देखिन्छ । बालकतर्फ केही सार्वजनिक अपराधसम्बन्धी घटनामा १२३, जवरजस्ती करणीमा ८४, चोरीमा १८, जवरजस्ती करणी उद्योगमा १३, डाँकामा ५, जीउ मास्नेबेच्नेमा २ र मानव बेचबिखन, अपहरण र कर्तव्य ज्यानमा १/१ जना संलग्न भएको देखिन्छ । बालिकातर्फ केही सार्वजनिक अपराधमा ९, बहुविवाहमा ७, कर्तव्य ज्यानमा २, र गर्भपतन, लागूऔषध तथा जीउ मास्नेबेच्नेमा १/१ जना संलग्न रहेको देखिन्छ ।

४.२ जिल्लागत आधारमा बालबिज्याँईसम्बन्धी अभियोजन गरिएका मुद्दाहरुमा प्रतिवादी बालबालिकाहरुको विवरण

क.स.	जिल्ला	मुद्दाको प्रकृति	प्रतिवादी बालबालिकाको संख्या	जम्मा संख्या
१	ताप्लेजुङ	डाँका/चोरी	३	४
		अन्य	१	
२	पाँचथर	ज्यान/ज्यान मार्ने उद्योग	४	१३
		जवरजस्ती करणी/उद्योग	३	
		अन्य	६	
३.	तेह्रथुम	ज्यान/ज्यान मार्ने उद्योग	१	१
४.	संखुवासभा	जवरजस्ती करणी/उद्योग	१	२
		डाँका/चोरी	१	
३	धनकुटा	जवरजस्ती करणी/उद्योग	२	६
		अपहरण	१	
		अन्य	३	
४.	सुनसरी	जवरजस्ती करणी/उद्योग	१	१
५.	मोरङ	जवरजस्ती करणी/उद्योग	५	१४
		मानव बेचविखन	१	
		डाँका/चोरी	३	
		लागूऔषध	५	
६.	सोलुखुम्बु	ज्यान/ज्यान मार्ने उद्योग	१	३
		डाँका/चोरी	२	
७.	खोटाङ	ज्यान/ज्यान मार्ने/उद्योग	१	३
		जवरजस्ती करणी/उद्योग	१	
		अन्य	१	

८.	सिराहा	ज्यान/ज्यान मार्ने उद्योग	३	५
		जवरजस्ती करणी/उद्योग	२	
९.	सप्तरी	अन्य	५	५
१०.	दोलखा	मानव बेचविखन	१	१
११.	सिन्धुली	जवरजस्ती करणी/उद्योग	३	५
		अन्य	२	
१२.	पर्सा	मानव बेचविखन	१	१
१३.	रौतहट	जवरजस्ती करणी/उद्योग	१	६
		लागूऔषध	५	
१४.	धादिङ	अन्य	१	१
१५.	ललितपुर	जवरजस्ती करणी/उद्योग	२	५
		अन्य	३	
१६.	काठमाडौं	डाँका/चोरी	८	२३
		अन्य	१५	
१७.	कास्की	अन्य	१६	१६
१८.	तनहुँ	लागूऔषध	२	२
१९.	लमजुङ	ज्यान/ज्यान मार्ने उद्योग	१	११
		डाँका/चोरी	६	
		अन्य	४	
२०.	स्याङजा	डाँका/चोरी	२	३
		अन्य	१	
२१	गुल्मी	ज्यान/ज्यान मार्ने उद्योग	१	१
२२.	पाल्पा	ज्यान/ज्यान मार्ने उद्योग	१	३
		डाँका/चोरी	१	
		लागूऔषध	१	
२३.	कपिलबस्तु	जवरजस्ती करणी/उद्योग	१	१
२४.	बाग्लुङ	जवरजस्ती करणी/उद्योग	२	२
२५.	म्याग्दी	जवरजस्ती करणी/उद्योग	२	२
२६.	रोल्पा	ज्यान/ज्यान मार्ने उद्योग	१	१
२७.	प्यूठान	जवरजस्ती करणी/उद्योग	१	१
२८.	डोल्पा	ज्यान/ज्यान मार्ने उद्योग	१	३
		अपहरण	२	
२९.	मुगु	डाँका/चोरी	१	१
३०.	कालिकोट	अन्य	१	१

३१.	सुर्खेत	डाँका/चोरी	२	३
		लागूऔषध	१	
३२.	बाँके	ज्यान/ज्यान मार्ने उद्योग	३	२९
		जवरजस्ती करणी/उद्योग	८	
		मानव बेचविखन	१	
		डाँका/चोरी	२	
		लागूऔषध	७	
		अन्य	८	
३३.	बर्दिया	ज्यान/ज्यान मार्ने उद्योग	१	७
		जवरजस्ती करणी/उद्योग	२	
		डाँका/चोरी	१	
		अपहरण	१	
		अन्य	२	
३४.	बझाङ	अपहरण	१	१
३५.	अछाम	डाँका/चोरी	१	६
		अन्य	५	
३६.	डोटी	अन्य	३	३
३७.	कैलाली	जवरजस्ती करणी/उद्योग	२	३
		मानव बेचविखन	१	
३८.	दार्चुला	जवरजस्ती करणी/उद्योग	१	१
३९.	कञ्चनपुर	जवरजस्ती करणी/उद्योग	१	१
			२०१	२०१

स्रोतः माहान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन, २०६९/०७०

यस आर्थिक वर्षमा ३९ जिल्ला सरकारी वकिलको कार्यालयबाट सम्बन्धित जिल्ला अदालतमा बालबालिकालाई प्रतिवादी बनाई दायर भएका विभिन्न मुद्दाहरुमा प्रतिवादी बालबालिकाहरुको जम्मा संख्या २०१ देखिन्छ ।

४.३ मुद्दागत आधारमा बालबिज्याँईसम्बन्धी अभियोजन गरिएका मुद्दाहरुमा प्रतिवादी बालबालिकाहरु विवरण

क.स.	मुद्दाको प्रकृति	प्रतिवादी बालबालिका संख्या	प्रतिशत
१.	ज्यान/ज्यान मार्ने उद्योग	१९	९.५%
२.	जवरजस्ती करणी/उद्योग	४१	२०.४%
३.	डाँका/चोरी	३३	१६.४%

४.	मानव बेचविखन	५	२.५%
५.	अपहरण	५	२.५%
६.	लागूऔषध	२१	१०.४%
७.	अन्य	७७	३८.३%
	जम्मा	२०१	१००%

स्रोतः माहान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन, २०६९/०७०

मुद्दागत रुपमा प्रतिवादी बालबालिकाको संख्यात्मक विवरण हेर्दा जवरजस्ती करणी/उद्योग मुद्दामा ४१ अर्थात् २०.४ प्रतिशत, डाँका/चोरीमा ३३ अर्थात् १६.४ प्रतिशत, लागूऔषधमा २१ अर्थात् १०.४ प्रतिशत, ज्यान/ज्यान मार्ने उद्योगमा १९ अर्थात् ९.४ प्रतिशत, मानव बेचविखन र अपहरणमा ५/५ जना अर्थात् २.५ प्रतिशत/२.५ प्रतिशत देखिन्छ भने अन्य मुद्दाहरुमा प्रतिवादी बालबालिकाहरुको संख्या ७७ अर्थात् ३८.३ प्रतिशत देखिन्छ ।

४.४ बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण

क.स.	मुद्दाको प्रकृति	जम्मा मुद्दा संख्या	फैसलाको अवस्था	
			फैसला भएको संख्या	फैसला हुन बाँकी संख्या
१.	कर्तव्य ज्यान	५	१	४
२.	ज्यान मार्ने उद्योग	४	०	४
३.	भवितव्य ज्यान	१	०	१
४.	जवरजस्ती करणी	३३	१५	१८
५.	जवरजस्ती करणी उद्योग	१३	८	५
६.	साधारण चोरी	७	५	२
७.	नकवजनी चोरी	७	३	४
८.	रहजनी चोरी	१	१	०
९.	केही सार्वजनिक अपराध	३	१	२
१०.	लागूऔषध	७	३	४
११.	सवारी ज्यान	६	३	३
१२.	बनसम्बन्धी	१	०	१
१३.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	४	१	३
	जम्मा	९२	४१	५१
		१००%	४४.६%	५५.४%

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

यस आर्थिक वर्ष २०७०/०७१ मा जम्मा दर्ता भएका ९२ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमध्ये ४१ अर्थात् ४४.६ प्रतिशत मुद्दाहरु फैसला भइसकेका छन् भने बाँकी ५१ अर्थात् ५५.४ प्रतिशत मुद्दाहरु चालु अवस्थामा रहेका छन् । यस आर्थिक वर्षमा पनि बालबालिकाहरुले गर्ने बिज्याँईहरुमा सबभन्दा बढि जवरजस्ती करणीसम्बन्धी मुद्दाको संख्या ३३ देखिएको छ । त्यसपछि जवरजस्ती करणी उद्योगसम्बन्धी मुद्दाको संख्या १३ देखिन्छ भने साधारण चोरी, नकवजनी चोरी र लागूऔषधसम्बन्धी मुद्दाहरुको संख्या क्रमशः ७/७ देखिन्छ । अन्य मुद्दाहरुमा सवारी ज्यान, कर्तव्य ज्यान, जवरजस्ती करणी (अप्राकृतिक मैथुन) र ज्यान मार्ने उद्योगसम्बन्धी क्रमशः ७, ५, र ४/४ देखिन्छ ।

४.५ प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत बिवरण

क.स.	मुद्धाको प्रकृति	जम्मा मुद्दा संख्या	जम्मा प्रतिवादी संख्या	प्रतिवादीको लिङ्ग		नखुलेको
				बालक	बालिका	
१.	कर्तव्य ज्यान	५	१२	१२	०	०
२.	ज्यान मार्ने उद्योग	४	४	४	०	०
३.	भवितव्य ज्यान	१	१	१	०	०
४.	जवरजस्ती करणी	३३	३६	३४	०	२
५.	जवरजस्ती करणी उद्योग	१३	१३	१२	०	१
६.	साधारण चोरी	७	७	७	०	०
७.	नकवजनी चोरी	७	९	९	०	०
८.	रहजनी चोरी	१	१	१	०	०
९.	केही सार्वजनिक अपराध	३	४	४	०	०
१०.	लागूऔषध	७	७	७	०	०
११.	सवारी ज्यान	६	७	७	०	०
१२.	बनसम्बन्धी	१	१	१	०	०
१३.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	४	४	४	०	०
	जम्मा	९२	१०६	१०३	०	३
			१००	९७.१%	०	२.९%

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

आर्थिक वर्ष २०७०/०७१ मा जम्मा दर्ता भएका जम्मा ९२ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा जम्मा प्रतिवादी बालबालिकाहरुको संख्या १०६ देखिन्छ जस्को लिङ्गगत विवरण हेर्दा १०३ अर्थात् ९७.१ प्रतिशत बालक रहेका छन् भने प्रतिवादी बालिकाको संख्या देखिँदैन र बाँकी ३ जना अर्थात् २.९ प्रतिशत प्रतिवादी बालबालिकाको लिङ्ग खुल्न सकेको छैन ।

४.६ प्रतिवादी बालबालिका र उमेर समुह

क.स.	मुद्धा	जम्मा मुद्दा संख्या	जम्मा प्रतिवादी संख्या	उमेर समुह		नखुलेको
				१४ वर्ष मूनी	१५ देखि १६ वर्ष सम्म	
१.	कर्तव्य ज्यान	५	१२	९	३	०
२.	ज्यान मार्ने उद्योग	४	४	०	४	०
३.	भवितव्य ज्यान	१	१	१	०	०
४.	जवरजस्ती करणी	३३	३६	१६	१६	४
५.	जवरजस्ती करणी उद्योग	१३	१३	६	६	१
६.	साधारण चोरी	७	७	२	५	०
७.	नकवजनी चोरी	७	९	६	३	०
८.	रहजनी चोरी	१	१	०	१	०
९.	केही सार्वजनिक अपराध	३	४	४	०	०
१०.	लागूऔषध	७	७	४	३	०
११.	सवारी ज्यान	६	७	४	३	०
१२.	बनसम्बन्धी	१	१	०	०	१
१३.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	४	४	३	१	०
	जम्मा	९२	**१०६**	**५५**	**४५**	**६**
			१००	**५१.९%**	**४२.४%**	**५.७%**

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबिज्याँईसम्बन्धी जम्मा ९२ मुद्दाहरुमा संलग्न जम्मा प्रतिवादी बालबालिकाहरुको संख्या १०६ रहेको छ । यो संख्यालाई उमेरगत समुहमा हेर्दा १४ वर्ष मुनीका बालबालिकाहरुको संख्या ५५ अर्थात् ५१.९ प्रतिशत रहेको देखिन्छ भने १४ देखि १६ वर्ष बीचका बालबालिकाहरुको संख्या ४५ अर्थात् ४२.४ प्रतिशत देखिन्छ । बाँकी ६ अर्थात् ५.७ प्रतिशत प्रतिवादी बालबालिकाको उमेर खुल्न सकेको छैन ।

४.७ जिल्लागत आधारमा मुद्दा संख्या विवरण

क. स.	जिल्ला	मुद्धा संख्या
१.	ताप्लेजुङ	१
२.	पाँचथर	१
३.	संखुवासभा	३
४.	सुनसरी	१३
५.	खोटाङ	३
६.	सिन्धुली	१
७.	धनुषा	१
८.	चितवन	२
९.	बारा	२
१०.	काठमाडौं	१०
११.	लमजुङ	१
१२.	रुपन्देही	९
१३.	रुकुम	३
१४.	सल्यान	२
२५.	प्युठान	२
१६.	दाङ	३
१७.	दैलेख	३
१८.	जाजरकोट	१
१९.	सुर्खेत	५
२०.	बाँके	१८
२१.	बर्दिया	४
२२.	बझाङ	२
२३.	कञ्चनपुर	२
	जम्मा	९२

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबिज्याँईसम्बन्धी मुद्दाहरुको जिल्लागत विवरण हेर्दा बाँके जिल्ला अदालतमा १८ वटा, सुनसरी जिल्ला अदालतमा १३ वटा, काठमाडौं जिल्ला अदालतमा १० वटा र रुपन्देही जिल्ला अदालतमा ९ मुद्दाहरु परेका छन् । त्यस्तै सुर्खेत जिल्ला अदालतमा ५, बर्दिया जिल्ला अदालतमा ४ र संखुवासभा जिल्ला अदालत, खोटाङ जिल्ला अदालत, रुकुम जिल्ला अदालत, दाङ जिल्ला अदालत र दैलेख जिल्ला अदालतमा ३/३ वटा मुद्दाहरु परेका छन् ।

४.८ बालबिज्याँईसम्बन्धी मुद्दामा फैसला भएको मुद्दा संख्या र फैसलाको प्रकृति

क्र.स.	मुद्दाको प्रकृति	फैसला भएको जम्मा मुद्दा संख्या	फैसलाको प्रकृति			
			ठहर	सफाई	मुद्दा परिवर्तन	नखुलेको
१.	कर्तव्य ज्यान	१	१	०	०	०
२.	जवरजस्ती करणी	१५	१०	३	०	२
३.	जवरजस्ती करणी उद्योग	८	५	३	०	०
४.	साधारण चोरी	५	३	१	०	१
५.	नकवजनी चोरी	३	३	०	०	०
६.	रहजनी चोरी	१	१	०	०	०
७.	केही सार्वजनिक अपराध	१	०	१	०	०
८.	लागूऔषध	३	२	०	०	१
९.	सवारी ज्यान	३	३	०	०	०
१०.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	१	०	०	०	१
	जम्मा	४१	२८	८	०	५
		१००	६८.३%	१९.५%	०%	१२.२%

स्रोतः बाल न्याय समन्वय समितिको सचिवालय, २०७१

बालबिज्याँईसम्बन्धी फैसला गरिएका जम्मा ४१ वटा मुद्दाहरुमध्ये २८ अर्थात् ६८.३ प्रतिशत मुद्दाहरुमा बालबालिकालाई दोषि ठहर गरिएको छ भने ८ अर्थात् १९.५ प्रतिशत मुद्दाहरुमा बालबालिकाहरुलाई सफाई दिइएको छ। त्यस्तै ५ अर्थात् १२.२ प्रतिशत मुद्दाहरुको फैसलाको प्रकृति खुलेको छैन।

४.९ बालबिज्याँईसम्बन्धी ठहर भएका मुद्दामा सजायको किसिम

क्र.स.	मुद्दा	ठहर भएका जम्मा मुद्दा संख्या	सजायको किसिम				
			सजाय स्थगन	कैद	जरीवाना	कैद र जरिवाना दुवै	सम्झाई बुझाई
१.	कर्तव्य ज्यान	१	०	१	०	०	०
२.	जवरजस्ती करणी	१०	४	५		१	
३.	जवरजस्ती करणी उद्योग	५	५	०	०	०	०
४.	साधारण चोरी	३	०	०	०	३	०
५	नकवजनी चोरी	३	१		१	१	०
६.	रहजनी चोरी	१	०	०	०	१	०
७.	लागूऔषध	२	०	२	०	०	०

८.	सवारी ज्यान	३	३	०	०	०	०
	जम्मा	२८	१३	८	१	६	०
		१००%	४६.४%	२८.६%	३.६%	२१.४%	०%

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

बालबिज्याँईसम्बन्धी दोषि ठहर गरिएका जम्मा २८ मुद्दाहरुमध्ये १३ वटा अर्थात् ४६.४ प्रतिशत मुद्दामा सजाय स्थगन गरिएको छ भने ८ अर्थात् २८.६ प्रतिशत मुद्दामा कैद ठेकिएको छ। त्यस्तै १ अर्थात् ३.६ प्रतिशत मुद्दामा जरिवाना गरिएको छ भने बाँकी ६ अर्थात् २१.४ प्रतिशत मुद्दामा कैद र जरिवाना दुवै सजाय गरिएको छ।

४.१० बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसला गर्न लागेको अवधि

क.स.	मुद्दाको प्रकृति	जम्मा फैसला मुद्दा संख्या	फैसला गर्न लागेको अवधि र मुद्दा संख्या				
			४ महिनाभित्र	६ महिनाभित्र	१ वर्षभित्र	२ वर्षभित्र	२ वर्षभन्दा बढि
१.	कर्तव्य ज्यान	१	०	१	०	०	०
२.	जवरजस्ती करणी	१५	११	१	३	०	०
३.	जवरजस्ती करणी उद्योग	८	६	२	०	०	०
४.	साधारण चोरी	५	२	२	१	०	०
५.	नकवजनी चोरी	३	१	१	१	०	०
६.	रहजनी चोरी	१	०	०	१	०	०
७.	केही सार्वजनिक अपराध	१	०	०	१	०	०
८.	लागूऔषध	३	२	१	०	०	०
९.	सवारी ज्यान	३	३	०	०	०	०
१०.	जवरजस्ती करणी (अप्राकृतिक मैथुन)	१	०	०	१	०	०
	जम्मा	४१	२५	८	८	०	०
		१००%	६१%	१९.५%	१९.५%	०%	०%

स्रोतः बाल न्याय समन्वय समिति सचिवालय, २०७१

आर्थिक वर्ष २०७०/०७१ सालमा जम्मा फैसला भएका ४१ वटा मुद्दाहरुको फैसला गर्न लागेको समय अवधि हेर्दा जम्मा २५ अर्थात् ६१ प्रतिशत मुद्दाहरु ४ महिनाभित्र, ८ अर्थात् १९.५ प्रतिशत मुद्दाहरु ६ महिनाभित्र र बाँकी ८ अर्थात् १९.५ प्रतिशत मुद्दाहरु १ वर्षभित्र फैसला गरिएको छ।

परिच्छेद ५

संस्थागत सुधारमा रहेका बालबालिकाहरूको विवरण

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ ले कानूनको विवादमा परेका बालबालिकाहरुका लागि संस्थागत सुधारका लागि बाल सुधार गृहको स्थापना र सञ्चालन व्यवस्था गरेको छ । सो प्रावधानबमोजिम हाल बाल सुधार गृहमा कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालक र प्रचलित कानूनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानु पर्ने बालक[1] गरी दुई प्रकारका बालबालिकाहरु रहने गरेका छन् । यस दफाबमोजिम नेपाल सरकारले २०५७ फाल्गुन १२ मा भक्तपुरको सानोठिमीमा पहिलो बाल सुधार गृहको स्थापना गरेको छ। नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग र न्युनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपाल बीच त्रिपक्षीय सम्झौता गरी सार्वजनिक-निजी साझेदारीको अवधारणाअन्तर्गत बाल सुधार गृहको व्यवस्थापना तथा सञ्चालन गरिएको छ। नेपाल सरकारले बाल सुधार गृह व्यवस्थापन तथा सञ्चालन निर्देशिका-२०५७ जारी गरी लागूसमेत गरेको छ। कानूनबमोजिम बाल सुधार गृहमा बस्नु पर्ने बालबालिकाहरुको चापलाई मध्यनजर गर्दै नेपाल सरकारले हरेक विकास क्षेत्रमा बाल सुधार गृह विस्तार गर्ने नीतिअनुरुप २०६८ साल फाल्गुण २७ गते कास्की जिल्लाको सराङकोटमा र २०७० पौष ७ गते मोरङ जिल्लाको विराटनगरमा बाल सुधार गृह सञ्चालनमा ल्याएको छ। पश्चिमाञ्चल विकास क्षेत्रको बाँकेको नेपालगञ्जमा बाल सुधार गृह निर्माणधीन अवस्थामा छ।

---

१ बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ बमोजिम लागूऔषधको कुलतमा लागेको बालक, बाबु, आमा वा घर परिवारबाट भागी हिड्ने गरेको बालक, अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिहरुसँग बस, उठ गर्ने वा त्यस्ता व्यक्तिहरुको क्रियाकलापमा सरिक हुने वा तिनीहरुको आम्दानीमा आश्रित रहने बालक, नेपाल सरकारले तोकेको वर्गीकरणका बालकहरु पनि बाल सुधार गृहमा रहन सक्ने व्यवस्था गरेको छ।

५.१ बाल सुधार गृहमा प्रवेश गरेका र पारिवारिक पूर्नमिलनमा गएका बालबालिकाहरुको विवरण



स्रोतः बाल सुधार गृह, भक्तपुर, २०७१

आर्थिक वर्ष २०५८/०५९ मा बालबिज्याँईमा परेका जम्मा १२ जना बालबालिकाहरु सुधार गृह प्रवेश गरेका छन् भने जम्मा २ जना बालबालिकाहरु छुटेर गएका छन् । आर्थिक वर्ष २०५९/०६० मा १५ जना बालबालिकाहरु प्रवेश गरेका छन् भने ७ जना बालबालिकाहरु छुटेर गएका छन् । आर्थिक वर्ष २०६०/०६१ मा जम्मा ३७ जना बालबालिकाहरु प्रवेश गरेको र २८ जना छुटेर गएका छन् । आर्थिक वर्ष २०६१/०६२ मा ४१ जना बालबालिकाहरु सुधार गृह प्रवेश गरेका छन् भने २६ जना बालबालिकाहरु छुटेर गएका छन् । आर्थिक वर्ष २०६२/०६३ मा ५८ जना बालबालिकाहरु प्रवेश गरेका छन् भने ५१ जना बालबालिकाहरु छुटेर गएका छन् ।

आर्थिक वर्ष २०६३/०६४ मा सुधार गृहमा प्रवेश पर्ने बालबालिकाहरुको संख्या बढेर ११० पुगेको छ भने सोही आर्थिक वर्षमा नै १०२ बालबालिकाहरु छुटेर गएका छन् । आर्थिक वर्ष २०६४/०६५ पनि बालबालिकाहरु सुधार गृहमा प्रवेश गर्ने संख्यामा बृद्धि देखिएको छ । यस आर्थिक वर्ष १२८ जना बालबालिकाहरु बाल सुधार गृह प्रवेश गरेका छन् भने १०७ जना बालबालिकाहरु छुटेर गएका छन् । आर्थिक वर्ष २०६५/०६६ मा भने सुधार गृहमा प्रवेशको दरमा भने केहि न्युन देखिएको छ । यस आर्थिक वर्षमा ८८ जना बालबालिकाहरुले सुधार गृहमा प्रवेश गरेका छन् भने ९२ जना बालबालिकाहरु छुटेर गएका छन् । सुधार गृहमा प्रवेश गर्ने बालबालिकाको संख्या आर्थिक वर्ष २०६६/०६७ मा अझै न्युन् हुने क्रम देखिएको छ । यस अर्थिक वर्षमा ५९ जना बालबालिकाहरु सुधार गृहमा प्रवेश गरेका छन् भने ५२ जना बालबालिकाहरु छुटेर गएका छन् । तर आर्थिक वर्ष २०६७/०६८ मा सुधार गृहमा बालबालिकाहरुको प्रवेशमा वृद्धि देखिएको छ । यस आर्थिक वर्षमा १२९ जना बालबालिकाहरु

प्रवेश गरेको र ११५ बालबालिकाहरु छुटेर गएका छन् । त्यस्तै आर्थिक वर्ष २०६८/०६९ मा १३६ बालबालिकाहरु प्रवेश गरेका छन् भने १४६ जना बालबालिकाहरु छुटेर गएका छन् ।

संस्थात सुधारमा बस्नु पर्ने बालबालिकाहरुको चापलाई मध्य नजर गर्दै नेपाल सरकारले २०६८ साल फाल्गुण २७ गते कास्की जिल्लाको सराङकोटमा र २०७० पौष ७ गते मोरङ जिल्लाको विराटनगरमा बाल सुधार गृह सञ्चालनमा ल्याएको छ । सो थप बाल सुधार गृह सञ्चालनमा आएलगत्तै आर्थिक वर्ष २०६९/०७० मा बाल सुधार गृह, भक्तपुरमा प्रवेश गर्ने बालबालिकाहरुको संख्या घटेर जम्मा ९४ देखिन्छ भने छुटेर जाने बालबालिकाको संख्या जम्मा ७६ देखिन्छ । आर्थिक वर्ष २०७०/०७१ मा पनि सुधार गृहमा प्रवेश गर्ने बालबालिकाहरुको संख्या जम्मा ७१ देखिन्छ भने छुटेर जाने बालबालिकाको संख्या ९५ देखिन्छ ।

५.२ बाल सुधार गृह, भक्तपुरमा स्थापनाकालदेखि हालसम्मको मुद्दागत विवरण

मुद्दा	आर्थिक वर्ष													जम्मा
	२०५८/०५९	२०५९/०६०	२०६०/०६१	२०६१/०६२	२०६२/६३	२०६३/०६४	२०६४/०६५	२०६५/०६६	२०६६/०६७	२०६७/०६८	२०६८/०६९	२०६९/०७०	२०७०/०७१	
चोरी	१	४	९	११	१३	३३	२२	१५	५	२४	२९	९	१७	१९२
जवरजस्ती करणी	२	७	८	४	७	१५	२०	१२	२०	२६	३२	३३	२९	२१५
कर्तव्य ज्यान	४	२	५	११	८	४	६	१८	१५	१२	२१	११	५	१२२
डाँका	१	१	१	७	३	९	१०	३	०	४	६	०	०	४५
मानव बेचविखन	१	०	०	०	०	०	२	३	२	०	३	०	१	१२
कुटपिट	१	०	०	०	०	०	३	०	०	०	२	०	०	६
लागूऔषध	०	१	२	४	४	०	८	२	५	७	५	१०	३	५१
सार्वजनिक अपराध	०	०	१०	०	१८	४५	४५	२२	२	२५	१२	२०	१०	२०९
ज्यान मार्ने उद्योग	०	०	१	३	२	१	३	२	३	१३	१२	८	०	४८
आगजनी	०	०	१	०	०	०	०	०	०	०	१	०	०	२
चौपाया	०	०	०	१	०	०	०	०	०	०	०	०	०	१
खोटाचलन	०	०	०	०	२	०	०	१	०	०	०	०	०	३

आतङ्ककारी तथा विध्वंशात्मक कसूर	०	०	०	०	१	०	०	०	०	०	०	०	०	१
हातहतियार खरखजाना	०	०	०	०	०	३	०	०	०	०	०	०	०	३
सवारी ज्यान	०	०	०	०	०	०	१	०	१	२	०	०	०	४
चोरी उद्योग	०	०	०	०	०	०	१	०	०	२	०	०	०	३
आवश्यक वस्तु संरक्षण	०	०	०	०	०	०	७	३	०	०	०	०	०	१०
दुर सञ्चार ऐन	०	०	०	०	०	०	०	५	०	१	०	०	४	१०
हातहतियार	०	०	०	०	०	०	०	१	०	०	०	१	०	२
जवरजस्ती करणी उद्योग	०	०	०	०	०	०	०	१	०	३	०	०	१	५
अपहरण	०	०	०	०	०	०	०	०	१	५	४	०	०	१०
नकवजनी चोरी	०	०	०	०	०	०	०	०	५	१	६	०	१	१३
नागरिकता कीर्ते	०	०	०	०	०	०	०	०	०	४	०	०	०	४
सवारी अङ्गभङ्ग	०	०	०	०	०	०	०	०	०	०	१	०	०	१
राहादानी कीर्ते	०	०	०	०	०	०	०	०	०	०	२	०	०	२
ठगि	०	०	०	०	०	०	०	०	०	०	०	१	०	१
सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०	०	०	०	१	०	१
जम्मा	१०	१५	३७	४१	५८	११०	१२८	८८	५९	१२९	१३६	९४	७१	९७६
	१.१%	१.६%	३.८%	४.२%	६%	११.२%	१३.१%	९.१%	५.१%	१३.२%	१३.९%	९.६%	७.३%	१००%

स्रोतः बाल सुधार गृह, भक्तपुर, २०७१

बाल सुधार गृह, भक्तपुरमा प्रवेश गरेका जम्मा ९७६ जना बालबालिकाहरुको मुद्दागत विवरण हेर्दा आर्थिक वर्ष २०५८/०५९ मा १० अर्थात् १.१ प्रतिशत, आर्थिक वर्ष २०५९/०६० मा १५ अर्थात् १.६ प्रतिशत, आर्थिक वर्ष २०६०/०६१ मा ३७ अर्थात् ३.८ प्रतिशत, आर्थिक वर्ष २०६१/०६२ मा ४१ अर्थात् ४.२ प्रतिशत, आर्थिक वर्ष २०६२/०६३ मा ५८ अर्थात् ६ प्रतिशत, आर्थिक वर्ष २०६३/०६४ मा ११० अर्थात् ११.२ प्रतिशत, आर्थिक वर्ष २०६४/०६५ मा १२८ अर्थात् १३.१ प्रतिशत, आर्थिक वर्ष

२०६५/०६६ मा ८८ अर्थात् ९.१ प्रतिशत, आर्थिक वर्ष २०६६/०६७ मा ५९ अर्थात् ५.१ प्रतिशत, आर्थिक वर्ष २०६७/०६८ मा १२९ अर्थात् १३.२ प्रतिशत, आर्थिक वर्ष २०६८/०६९ मा १३६ अर्थात् १३.९ प्रतिशत, आर्थिक वर्ष २०६९/०७० मा ९४ अर्थात् ९.६ प्रतिशत र आर्थिक वर्ष २०७०/०७१ मा ७१ अर्थात् ७.३ प्रतिशत बालबालिकाहरु विभिन्न बिज्याँईमा संलग्न भएको देखिन्छन् ।

५.३ बाल सुधार गृह भक्तपुर, सराङकोट र विराटनगरमा आर्थिक वर्ष २०७०/०७१ सम्ममा प्रवेश गरेका बालबालिकाहरुको लिङ्गगत विवरण



स्रोतः बाल सुधार गृह, भक्तपुर, २०७१

हालसम्म तीन वटै बाल सुधार गृहमा प्रवेश गरेका जम्मा १०८६ बालबालिकाहरुमध्ये बालक १०५१ अर्थात् ९७ प्रतिशत र बाँकी ३५ अर्थात् ३ प्रतिशत मात्र बालिका रहेका छन् ।

५.४ बाल सुधार गृह, सराङकोट, कास्कीमा प्रवेश गरेका र पारिवारिक पूर्नमिलनमा गएका बालबालिकाहरुको विवरण



स्रोतः बाल सुधार गृह, २०७१

नेपाल सरकारले हरेक विकास क्षेत्रमा बाल सुधार गृह विस्तार गर्ने नीतिअनुरुप २०६८ साल फाल्गुण २७ गते कास्की जिल्लाको सराङकोटमा बाल सुधार गृहको स्थापना गरी सञ्चालनमा ल्याएको छ। आर्थिक वर्ष २०६८/०६९ मा बालबिज्याँईमा परेका जम्मा ७ जना बालबालिकाहरु संस्थागत सुधारका लागि प्रवेश गरेका छन् भने जम्मा २ जना बालबालिकाहरु छुटेर गएका छन्। त्यस्तै आर्थिक वर्ष २०६९/०७० मा जम्मा ३८ जना बालबालिकाहरु प्रवेश गरेका छन् भने २२ जना बालबालिकाहरु छुटेर गएका छन्। र आर्थिक वर्ष २०७०/०७१ मा जम्मा २५ जना बालबालिकाहरु प्रवेश गरेको र २२ जना छुटेर गएका छन्।

५.५ बाल सुधार गृह, सराङकोट, कास्किमा रहेका बालबालिकाहरुको मुद्दागत विवरण

क.स.	मुद्दा	जम्मा मुद्दा संख्या	आर्थिक वर्ष		
			२०६८/०६९	२०६९/०७०	२०७०/०७१
१.	लागूऔषध	६	१	१	४
२.	चोरी	५	०	०	५
३.	नकवजनी चोरी	७	४	२	१
४.	जवरजस्ती करणी	१९	१	१३	५

५.	कर्तव्य ज्यान	२०	०	१९	१
६.	ज्यान मार्ने उद्योग	८	१	१	६
७.	कुटपिट	१	०	१	०
८.	मानव अपहरण	१	०	१	०
९.	जवरजस्ती करणी उद्योग	३	०	०	३
	जम्मा	**७०**	**७**	**३८**	**२५**

स्रोतः बाल सुधार गृह, २०७१

बाल सुधार गृह, सराङकोट, कास्कीमा आर्थिक वर्ष ०६८/०६९ मा प्रवेश गरेका जम्मा ७ जना बालबालिकाहरुको मुद्दागत विवरण हेर्दा ४ जना नकवजनी चोरीमा, १/१ जना लागूऔषध, ज्यान मार्ने उद्योग र जवरजस्ती करणी मुद्दामा संलग्न देखिन्छन् । आर्थिक वर्ष २०६९/०७० मा प्रवेश गरेका जम्मा ३८ जना बालबालिकाहरुमध्ये १९ जना कर्तव्य ज्यानमा, १३ जना जवरजस्ती करणीमा, २ जना नकवजनी चोरीमा र १/१ जना मानव अपहरण, कुटपिट र लागूऔषध मुद्दामा संलग्न भएको देखिन्छ । र आर्थिक वर्ष ०७०/०७१ मा जम्मा २५ जना बालबालिकाहरुमध्ये ६ जना ज्यान मार्ने उद्योग, ५/५ जना जवरजस्ती करणी र चोरीमा, ४ जना लागूऔषधमा र १/१ जना नकवजनी चोरी र कर्तव्य ज्यानमा संलग्न भएको देखिन्छ ।

५.६ बाल सुधार गृह, विराटनगर, मोरङमा प्रवेश गरेका र पारिवारिक पूर्नमिलनमा गएका बालबालिकाहरुको विवरण



स्रोतः बाल सुधार गृह, २०७१

नेपाल सरकारले २०७० पौष ७ गतेबाट मोरङ जिल्लाको विराटनगरमा बाल सुधार गृह सञ्चालनमा ल्याएको छ। जम्मा ४० जना बालबालिकाहरुलाई सुधारका लागि राख्न सक्ने क्षमता भएको सो सुधार गृहमा आर्थिक वर्ष २०७०/०७१ भित्र जम्मा ४० जना बालबालिकाहरु प्रवेश गरेका थिए भने तीमध्येबाट १८ जना पारिवारिक पुर्नमिलनका लागि छुटेर गएका छन्।

५.७ संस्थागत सुधारका लागि बाल सुधार गृह, विराटनगर मोरङमा स्थापनाकालदेखि हालसम्म रहेका बालबालिकाहरुको मुद्दागत विवरण

क.स.	मुद्दा	२०७०/०७१	जम्मा
१.	लागूऔषध	३	३
२.	नकवजनी चोरी	२	२
३.	जवरजस्ती करणी	३०	३०
४.	कर्तव्य ज्यान	४	४
५.	डाँका	१	१
	जम्मा	**४०**	**४०**

बाल सुधार गृह, विराटनगरमा मोरङमा आर्थिक वर्ष २०७०/०७१ मा प्रवेश गरेका जम्मा ४० जना बालबालिकाहरुको मुद्दागत विवरण हेर्दा जवरजस्ती करणी मुद्दामा ३० जना, कर्तव्य ज्यान मुद्दामा ४ जना, लागूऔषध मुद्दामा ३ जना, नकवजनी चोरी मुद्दामा २ जना र डाँका मुद्दामा १ जना संलग्न भएको देखिन्छ।

अनुसूची १

क्षेत्रगत आधारमा बाल इजलास गठन भएका जिल्लाहरू (जम्मा ५६)

१. **पुर्वाञ्चल**

ताप्लेजुङ, पाँचथर, इलाम, भोजपुर, झापा, तेह्रथुम, सोलुखुम्वु, धनकुटा, सुनसरी, मोरङ, खोटाङ, उदयपुर, सिराहा, सप्तरी

२. **मध्यमाअञ्चल**

दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, काठमाण्डौ, लालितपुर, भक्तपुर, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट

३. **पश्चिमाञ्चल**

लमजुङ, तनहुँ, गोरखा, कास्की, स्याङजा, पर्वत, पाल्पा, रुपन्देही, नवलपरासी, कपिलवस्तु, बाग्लुङ

४. **मध्यपश्चिमाञ्चल**

दाङ, प्युठान, रुकुम, सल्यान, सुर्खेत, बाँके, बर्दिया, जुम्ला

५. **सुदुर पश्चिमाञ्चल**

डोटी, कैलाली, कञ्चनपुर, डडेल्धुरा, जाजरकोट

अनुसूची २
सामाजसेवी र बालमनोवैज्ञानिकहरूको नामावली

क.स.	जिल्ला	समाजसेवी		बालमनोवैज्ञानिक	
		नाम	सम्पर्क नं.	नाम	सम्पर्क नं.
१.	ताप्लेजुङ्ग	धीरमाया इजम (मादेन)	९७४२६०२१५९	गोमा अधिकारी	९८४२७९३१३१
		देवराज गुरुङ	९८४२७४७०१५	डिमा छिरीङ शेर्पा	९८६२६५४००५
२.	पाँचथर	गंगामाया आडदाङ्बे	९८४२७७९०३२	सरस्वती सिवाकोटी	९८५२६८१९९६/ ९८४४६६७८३६
		अम्बिका लिङ्गदेन	९८४४६९०७३०	सन्तकुमार राई	९८४२७८१०१२/ ९८०६०७०६५४
३.	इलाम	उत्तम पौडेल	९८४२६२७२७७	शर्मिला शर्मा	९८४२६४७८४३
		मदनकुमार खड्का	९८४२६२७८८८	टीका पौडेल	९८४२६६२४४१
४.	झापा	टठबहादुर कार्कि	९८१५९०१७७२	ममता खनाल	९८४२६२६१५३
		सविना विस्ट	९८४२६५३९९९	नारायण भट्टराई	९८४२६२२००६
५.	धनकुटा	जयन्ती राई	९८४२११२६०७	हिमालय बराल	९८४२१०९८८५
		हिमादेवी बस्नेत	९८४२०४७३३१		
६.	तेह्रथुम	सन्जु तुम्बाहाङ्फे	९८४२१९२५६१	बिष्णुप्रसाद खनाल	९८४२३७९६११/ ९८४२४७३४००
		अर्जुन कार्की	९८६२०५०२२७	मनोज रिमाल	९८४२११३७००
७.	भोजपुर	उत्तम खड्का	९८५२०५०२२१	दिनेश अधिकारी	९८४२४४३०११/ ९८१४३२२७३४
		आनन्दकुमारी राई	९८१९३६३७६६ ९८००९७२५२४	निर्वा राई	९८५२०५२०४६
८.	सुनसरी	समिक्षा खर्पाली	९८०४०९८०८९	छत्रमणि न्यौपाने	९८४२१६२४५५/ ०२५५६०८३९
		जया पोखेल	९८४२१२५३२९/ ०२५५६०७४१		
९.	मोरङ	अरुणा काफ्ले	९८४२०४८५७४	कामेश्वर यादव	९८४२०२८१६०
		विशाल श्रेष्ठ	९८४२०४०३४३	विना कोइराला	९८४२०२९३३२
१०	सोलुखुम्बु	पासाङबम्जन तामाङ	९८४२८४८८५०	पुष्पलता बास्तोला	९७४३०२८२४९
		शुभलक्ष्मी कोइराला	९८४२८९६९३०	होमकुमारी खतिवडा	९८४२९३०२०९/ ९७४३००५६२३

११.	खोटाङ्ग	उर्मिला खड्का	९८६२८४६०४९	कटकबहादुर खत्री	९८४२९४२१६६
		सन्जीता आचार्य	९८४२९५३१८२	नारायणप्रसाद जोशी	९८४३३६७४९६/ ९७४३०३३१९०
१२.	उदयपुर	यशोदा निरौला	९८४२८७२३३४	दिपक बस्नेत	९८४२८२५९६२
		निर्मला आचार्य	९७४३००३१२१		
१३.	सिराहा	बसन्तीकुमारी श्रेष्ठ	९८४१४१५९१४	बिमलाकुमारी यादव	९७४३०२०२६६
		रामकिशोर यादव	९८४२८३५११४	कृष्णकुमार यादव	९८४२९७८४२०
१४.	सप्तरी	शशिकुमार लाल कर्ण	९८५२८३०३६३	हरिप्रसाद यादव	
		केशवप्रसाद दास	९८४२८२१४७०	सतिसकुमार पोखेल	९८४२८२१४५०
१५.	दोलखा	शान्ता बस्नेत श्रेष्ठ	९८४१६५२२३०	श्यामकृष्ण मास्के	९७४१०३८४४१
		देवि शिवाकोटी	९७४४०००६४५	ईश्वरबहादुर थापा	९७४४०३९८७३
१६.	रामेछाप	जीवनकुमार श्रेष्ठ	९७४४०१५९८७/ ९८४४३१६९७५	पाण्डवप्रसाद प्रसाई	९७४४०१५७९०/ ९८४४२०२९४८
		अन्जु अधिकारी	९८४४०७३९९५	लक्ष्मीमाया तामाङ	९७४१११८५३५
१७.	सिन्धुली	दुर्गाप्रसाद अधिकारी	९८४४०४२६२३	नारायण बराल	९७५४२०२२३६
		सेतरमान ठोकर	९८४४०४५८८४	गंगा संत्याल	९८४४०४०४६३
१८.	सर्लाही	महेन्द्र प्रसाद	९८४४०३२८७४	श्यामबाबु राय	९८४४१५१२३४
		शुभद्रा देवि	९८०७८६०२५२	रिन्की जयसवाल	९८०४८०४५७८
१९.	महोत्तरी	बिपिनबिहारी यदुबीर	९८४४१०६२४६	प्रमोदकुमार शाह	९८४४०५९६५०
		ज्योतिकुमारी सापकोटा	९८१७८९२०२५	कृष्णकुमारी पोखेल	९८०४८९७४३२
२०.	धनुषा	रामअनुग्रह प्रसाद साह	९८४५०५७२३१	डा. श्री मालाकुमारी	९८४९०७९२६७
		देवनारायण महतो	९८४४०४९२०७	उमेशकुमार साह	९८४९०७१३५९
२१.	काभ्रेपलाञ्चोक	राघव जङ्गम	९८४१४३६४०९	मायादेवि श्रेष्ठ	९८४१२४४२८९
		श्यामकृष्ण त्रिपाठी	९८४१२४६२७७	यादवराज पराजुली	९८४१५६५८८४
२२.	सिन्धुपाल्चोक	भगवती भण्डारी	९७४१०३०७८१	ललितबहादुर राना	९८४१३३०३११
		ईन्द्रमाया गुरुङ	९७४१००२६७५	कल्पना भण्डारी	९८४३२७४५४२
२३.	काठमाडौं	रिमा शर्मा	९८४१६३६०७७	सुचिता सुवेदी	९८४१७७७०८३
		शंकर बिरसिह बस्नेत	९८५२०२४२४४	नारायणप्रसाद शर्मा	९८४१३२९१९४
२४.	ललितपुर	उर्मिला भुषाल	९८४१९२०२३७	प्रेम धिताल	९८४१५५४६८२
		सुजाता रेग्मी	९८४१४०२६७६	पदम धिमिरे	९८०४३४७२८७
२५.	भक्तपुर	विवेकराज ढुंगेल	९८४१२७५७०८	प्रभाकर खनाल	९८५१०७७२४७
		सानु सुवाल	९८४१३१२०९९	इन्दु काफ्ले	९८४१३७६०७८
२६.	धादिङ	चिरञ्जिवी दनै	९७४१०३९८९८	सरस्वती अधिकारी	९८४१०६४५४०
		अर्पणा श्रेष्ठ	९८१४६४१९९२		

२७.	नुवाकोट	संजिव थपलिया	९८५११५४३५९	माधवराज सिलवाल	९७४१००१६१९
		ईश्वर रिमाल	९८०८७९९२०७	सजना कोइराला	९८४१६७१४५४
२८.	चितवन	खगराज कंडेल	९८४५०२६०४२	चुडामणी सापकोटा	९८५५०६३१२६
				रामबहादुर कार्की	९८४५०४५२१४
२९.	मकवानपुर	ललिता श्रेष्ठ	९८४५०३१९४५	अन्जु चौलागाई	९८५५०६७४३६
		शंकर बज्जाडे	९८५१०५५९८५	खेटराज मैनाली	९८५११३१४३४
३०.	बारा	निरमा चौधरी	९८१४२०००८९	प्रतिभा पाण्डे	९८४५१२८१४२
		सुशिलकुमार दास	९८४५१२९३५७	उतिमलाल प्रसाद बराई	९८४५२४९०८१
३१.	पर्सा	रेखा गौतम	९८४५२३१३९७	कृष्णबहादुर राउत	९७४४०३०८२९
		रफत शाहिन	९८४५०३६१७७	सावित्रि कुमारी भण्डारी	९८४५०३९९९०
३२.	रौतहट	श्रीनारायण झा		सरोज चौधरी	९८४५५६०५३९
		आदित्य ठाकुर	९८४९९४६७९६	सुशिलाकुमारी सापकोटा	९८४५५७०४६२
३३.	गोरखा	बिकला वाग्ले	९८४६३४००४३	बिमला ढकाल (अंगाई)	९८४६१२७४१६
		ज्ञानप्रसाद ढकाल	९८४५३३३२८२ ९८१७१९६००४	मसलीमाया थोकर	९८४६०७०३६३
३४.	पर्वत	गोविन्द पहाडी	९८५७६३०१८५	जगदिश शर्मा पौडेल	९८४७६२३८९४
		चुडामणि सुवेदी	९८६७६०९२७०	पुण्यप्रसाद सुबेदी	९८४७६२६४२५
३५.	लमजुङ्ग	कुमारी गुरुङ	९८४६२५११९१	भोजराज चिलुवाल	९८४६००१४८१
		हरिमाया घले	९८४६२२९७२६	जिया गुरुङ	९८४६३७०३१२
३६.	तनहुँ	सरस्वती खनाल	९७४६०१६७४२	सितादेवी गैरे पण्डित	९८४६२८१६५०
		दुर्गा न्यौपाने	९८४६४१७३०४	राजेश गैरे	९८४६२४२२००
३७.	कास्की	मदनप्रसाद तिवारी	९८४६०५१४०७	टंकप्रसाद शर्मा	९८४६०४१०९९
		लक्ष्मीदेवि श्रेष्ठ	९८४६०४२४७२	कृष्णकुमारी गुरुङ	९८४१७१११२
३८.	स्याङजा	तोयनारायण ढकाल	९८४६०४३५९७	दिवाकर शर्मा	९८४६११०४६८
		मञ्जु पँनेरु	९७४६०४११९७		
३९.	पाल्पा	हिरुसरा राना	९८४९८०६६६०		
		बाबुराम कार्कि	९८४७०६९३७७	बलबहादुर थापा	९८४७०२८०१३
४०.	रुपन्देही	सुनिलकुमार त्रिपाठी	९८४७०३०४०३	शिवलाल भन्डारी	९८४७०३६७५३
		प्रदिपकुमार यादव	९८४७०३०४०७	ईन्द्र दाहाल	९८५११८३४५०
४१.	नवलपरासी	सत्यदेव पाण्डेय	९७४७०१०५३९	कैलाश ठाकुर	९८४७०२३८४८
				सुमनगोपाल आचार्य	९८५७०२७०४०

४२.	कपिलवस्तु	कृष्णप्रसाद पौडेल	९८४७०२५५३४	शारदा आचार्य पौडेल	९८४७०८३५०२
		रिता थापा बोहरा	९८४७०२२३०२	पञ्चगुलाम नाउ	९८५७०६०७८६
४३.	बाग्लुङ	डा. प्रेमप्रसाद शर्मा पौडेल	९८५७६२००७६	ऋद्धिराज अधिकारी	
		पार्वती सापकोटा	९८४७६३५४८०	सरस्वती शर्मा	९८४७६३३०९७
४४.	रुकुम	मीनबहादुर पुन	९७५८५०१४६५	धनबीर दाहाल	९८५७८२१८७४
		डा. नवराज गौतम	९७४१०६४८३३	ज्ञानु बि.सि.	९८६६९०४४९९
४५.	सल्यान	रामचन्द्र रेग्मी	९८४७८४३५४२	डम्बरबहादुर ओली	९८५७८२१२४६/ ९८०९७०१२४६
		नबराज शर्मा	९७४८५०७७०९	सुमित्रा गिरी खड्का	९८४७९९४१५४/ ९८०९८८६१६३
४६.	प्यूठान	धनलक्ष्मी श्रेष्ठ	९८४१७१६३२६	दामोदर भट्ट	९८४७९०२१८५
		भीमा न्यौपाने	९८४९९१०९७३	उमा ए.सी.	९८४७८९८४६४
४७.	दाङ	गोमा महरा	९८५७८३०३९८	सिता सुवेदी	९८४७८३८५९७
		निर्मल गौतम	९८४७८२०६९९	माधवप्रसाद गौतम	९७४१११८४६७
४८.	जाजरकोट	ज्ञानु लामिछाने शर्मा	९८४८०६४९८५ ०८९४३०२४३	सरस्वती शर्मा	९८४४८८९९५५/ ०८९४३०१५४
		ईन्द्रबहादुर के.सी.	९८४८०८४१०४	मनसरा नेपाली	९८६८०१९६९३
४९.	सुर्खेत	पर्मप्रसाद थानी	९८४८०४१८४०	यामबहादुर कार्की	९८४९७८५००२/ ९८१९५०९३९७
५०.	बाँके	बिष्णु पोखेल	९८४८०२२१२६	बिनोदकुमार उपाध्याय	९८४८१७२२२१
		राधा शर्मा आचार्य			
५१.	बर्दिया	कमलप्रसाद गुप्ता	९८४८०४३२४७	गंगाबहादुर गुरुङ	९८४८०३०६०८
		दुर्गाकुमारी खनाल	९७४८००११४४	होमप्रसाद न्यौपाने	९८४८१२५०८८
५२.	जुम्ला	बलराज आचार्य	९८४८३०५४९९/ ९७५८९०६१९१	ऐमान नेपाली	९७४८९०७९३५/ ९८४८३२६७४०
		एकमाया न्यौपाने	९८४९९४६६१०	गंगा महत	९८४८३१२७६०
५३.	डोटी	ढाँकुकुमारी ऐर	९८४८८८८३४१	माया कार्की	९८१२६२२५८३
		ईश्वरी ऐर	९८४८८९४५३०	कैलाशसिंह साउद	९८६८४३८१९९
५४.	कैलाली	बिमला पन्त (ओझा)	९८५८४२०६४०	अम्बादत्त जोशी	९८४८४२०७८०
		डिला जोशी (रेग्मी)	९८४८४३२७५७	महेन्द्रप्रसाद अवस्थी	९७४९०२०७७७
५५.	डडेल्धुरा	धाना कुमारी भट्ट	९८४८८७०४०८	पवित्रा खतिवडा (भट्ट)	९७४१००५६८४
		हेमराज भट्ट	९८४८७६९०५८	हरिनादेवी ऐर (मडै)	९८४८८५९९२६
५६.	कन्चनपुर	भवानीदत्त शर्मा चटौत		राधिका बम	९८०३२०३०५१
		जगतप्रसाद जोशी	९८५८७५०४७८	चन्द्रकला पन्त	९८४१२१३२२२

अनुसूची ३

बाल न्याय (कार्यविधि) नियमावली), २०६३

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "बाल न्याय (कार्यविधि) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :–

(क) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) "बाल अदालत" भन्नाले ऐनको दफा ५५ को उपदफा (३) बमोजिम गठित बाल अदालत सम्झनु पर्छ ।

(ग) "बाल इजलास" भन्नाले ऐनको दफा ५५ को उपदफा (३) बमोजिम गठित इजलास सम्झनु पर्छ ।

(घ) "अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी" भन्नाले नियम ३ बमोजिम कसूरको अनुसन्धान तथा तहकिकात गर्ने अधिकारप्राप्त अधिकारी सम्झनु पर्छ ।

(ङ) "अभियोगपत्र" भन्नाले सरकारी मुद्दा ऐन, २०४९ बमोजिम तयार गरेको अभियोगपत्र सम्झनु पर्छ ।

(च) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(छ) "सेवा प्रदान गर्ने व्यक्ति वा संस्था" भन्नाले नियम २१ बमोजिम सूचीकृत व्यक्ति वा संस्था सम्झनु पर्छ ।

३. **छुट्टै एकाई वा प्रहरीकर्मचारी तोक्नु पर्ने**

बालकले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानूनबमोजिम योग्यता पुगेको प्रहरी कर्मचारी रहेको छुट्टै एकाई रहनेछ । त्यस्तो एकाई नभएसम्म प्रहरी प्रधान कार्यालयले कुनै प्रहरी कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ ।

४. **तहकिकात व्यवस्था**

बालकले गरेको कसूर प्रचलित कानूनबमोजिम अनुसन्धान तथा तहकिकात गर्दा नियम ३ बमोजिमको प्रहरी एकाई वा कर्मचारीले प्रचतिल कानूनमा लेखिएको व्यवस्थाको अतिरिक्त देहायबमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछ :–

(क) प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई सादा पोसाक लगाउनु पर्ने,

(ख) बालकलाई पक्राउ गर्नु पर्दा आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्ने, बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनु पर्ने,

(ग) पक्रिएको बालकलाई निजका संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउने,

(घ) सम्भव भएसम्म बालकका आमाबाबु भए दुबैलाई वा कम्तीमा एक जनालाई र बाबुआमा नभए निजको संरक्षकलाई बालकले गरेको कसूरका सम्बन्धमा सूचना दिनु पर्ने,

(ङ) नजिकैको सरकारी अस्पतालमा वा चिकित्सकबाट तुरून्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने,

(च) सर्जमिन गर्दा बालकको बाबुआमा भएसम्म दुवै जना वा कम्तीमा एक जना र बाबुआमा नभए निजको सरक्षकलाई रोहबरमा राख्नु पर्ने,

(छ) सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अधययन प्रतिवेदन तयार गरी दिन अनुरोध गर्ने ।

५. सोधपुछ

(१) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बाल कल्याण गृह वा अनाथालयमामा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिनेछ ।

(३) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले उपनियम (१) बमोजिम सोधपुछ गर्दा सम्बन्धित कसूर, बालकको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्न सक्नेछ ।

(४) बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्नु हुँदैन ।

६. बाल इजलासको गठनविधि

(१) प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गरी बाल इजलास गठन गरिनेछ ।

(२) एक जनाभन्दा बढी जिल्ला न्यायाधीश भएको अदालतमा बाल इजलासका लागि प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीशले बाल इजलासको न्यायाधीशको रुपमा काम गर्नेछ ।

७. जानकारी दिनु पर्ने

(१) बालकविरूद्ध अभियोगपत्र दायर भएपछि बाल अदालत वा बाल इजलासले त्यस्तो अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एकएक प्रति बालकको बाबुआमा वा संरक्षकलाई तुरून्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना दिँदा बालकको बाबुआमा वा संरक्षक नभेटिएमा निजले त्यस्तो सूचना बुझ्न नमानेमा त्यस्तो सूचना बालकको कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालकको बाबुआमा वा संरक्षक आफैँ बाल अदालत वा इजलाससमक्ष उपस्थित भई त्यस्तो सूचना बुझ्न सक्नेछन् ।

८. समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको योग्यता

बाल अदालत वा बाल इजलासमा रहने समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकका रुपमा सहभागी हुने व्यक्तिको योग्यता देहायबमोजिम हुनेछ :–

(क) बालअधिकार वा बाल कल्याण वा बालमनोविज्ञानका सम्बन्धमा तालीम प्राप्त,

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ग) कम्तिमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको ।

९. समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको छनौट

(१) प्रत्येक बाल इजलासमा रहने समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक छनौट गर्ने प्रयोजनका लागि जिल्ला अदालतले ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी नियम ८ बमोजिम योग्यता पुगेका व्यक्तिहरुबाट दरखास्त आह्वान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेका दरखास्तमध्ये जिल्ला अदालतले आवश्यक छानविन गरी उपयुक्त देखिएका व्यक्तिको सूची तयार गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सूचीबाट उपयुक्त देखिएका व्यक्तिको नाम ऐनको दफा ५५ को उपदफा (५) बमोजिम परामर्शका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सर्वोच्च अदालतमा पठाउनु पर्नेछ ।

(४) सर्वोच्च अदालतबाट प्राप्त हुन आएका समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको सूचीबमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्ला अदालतका लागि छुट्टाछुट्टै समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको नाम तोक्नेछ ।

(५) बाल इजलासमा उपस्थित हुने समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा उपलब्ध हुनेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समाजसेवी, बालविशेषज्ञ वा

बालमनोवैज्ञानिकले प्रचलित कानूनबमोजिम मुद्दा हेर्न नहुने भएमा वा हेर्न इन्कार गरेमा सोको जानकारी प्राप्त भएपछि सम्बन्धित जिल्ला न्यायाधीशले उपनियम (३) बमोजिमको सूचीमा समावेश भएका व्यक्तिहरुमध्येबाट तोकेको समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले मुद्दाको कारवाई र किनारा गर्दा भाग लिनेछ ।

१०. समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई हटाउन सक्ने

(१) नियम ९ बमोजिम तोकिएको सूचीमा उल्लिखित समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले खराब आचरण गरेमा वा कार्य क्षमताको अभावले काम गर्न नसकेमा वा निजले अधिकारको दुरुपयोग गरेमा वा बाल अदालत वा बाल इजलास बस्न सूचित गर्दा लगातार तीन पटकसम्म उपस्थित नभएमा निजको नाम सम्बन्धित जिल्ला अदालतले सूचीबाट हटाउन सक्नेछ ।

(२) नियम ९ बमोजिम सूचीमा रहेको कुनै समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो नाम हटाउन जिल्ला अदालतसमक्ष निवेदन दिएमा जिल्ला अदालतले निजको नाम सूचीबाट हटाई सोको जानकारी सर्वोच्च अदालत र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सूचीबाट नाम हटाउनुपूर्व सम्बन्धित जिल्ला अदालतले निजलाई सुनुवाईको मौका दिनु पर्नेछ ।

११. अधिकार क्षेत्रको प्रयोग

(१) बाल अदालत वा बाल इजलासमा सुनवाई गर्दा न्यायाधीश, समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले सामूहिक रुपमा गर्नेछन् ।

तर, बाल इजलासमा समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक सबै वा कोही उपस्थित नभएमा पनि न्यायाधीशले सम्पादन गरेको कामकारवाई अमान्य हुने छैन ।

(२) समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेश गर्नेछन् ।

(३) उपनियम (२) बमोजिमको राय प्राप्त भएपछि न्यायाधीशले मुद्दाको फैसला गर्नेछ ।

१२. मुद्दाको सुनुवाई

(१) बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा सुनुवाई गर्नु पर्नेछ ।

(२) बाल अदालत वा बाल इजलासले बालकले बुझ्ने एवं उमेर र निजको शारीरिक तथा मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नु पर्नेछ ।

(३) बाल अदालत वा बाल इजलासले सुनुवाई गर्दा आरोपित बालकलाई कसूरको प्रकृति र प्राप्त साक्षी प्रमाणका सम्बन्धमा जानकारी दिनु पर्नेछ ।

(४) बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम सोधपुछ गर्न बालमनोविज्ञानवेत्ता वा बालकसँग सहज रुपमा सञ्चार वा संवाद सक्ने व्यक्ति बाल अदालत वा बाल इजलासले तोक्न सक्नेछ ।

(६) उपनियम (४) बमोजिम सोधपुछ गर्दा बालकसँगै निजका बाबु, आमा, संरक्षक वा कानून व्यवसायी बस्न सक्नेछन् ।

१३. प्रमाण बुझ्ने

(१) बालविरूद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संघसंस्थालाई आदेश दिन सक्नेछ ।

(२) बालकविरूद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण आफूसँग भएमा त्यस्तो प्रमाण बुझि पाउनको लागि बाल अदालत वा बाल इजलाससमक्ष जो सुकैले निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रमाण पेश गर्न अनुमति दिन सक्नेछ ।

१४. साक्षी बुझ्ने

(१) बालकले आफ्नो तर्फबाट आफैँ साक्षी उपस्थित गराउन चाहेमा बाल अदालत वा बाल इजलासले त्यस्तो साक्षी झिकाउन अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम झिकाइएको साक्षीले सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ मा उल्लेख भएबमोजिमको सुविधा पाउनेछन् ।

१५. उमेर निर्धारण

बालकको उमेर विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातका आधारमा बालकको उमेर निर्धारण गर्नु पर्नेछ :–

(क) अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,

(ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर ।

१६. फैसला

बाल अदालत वा बाल इजलासले मुद्दा दायर भएको एक सय बीस दिनभित्र फैसला गरी सक्नु पर्नेछ ।

१७. फैसलामा खुलाउनु पर्ने व्यहोरा

नियम १६ बमोजिमको फैसलामा प्रचलित कानूनमा भएका कुराका अतिरिक्त देहायका कुरा उल्लेख गर्नु पर्नेछ :

(क) अभियोगपत्रको संक्षिप्त व्यहोरा,
(ख) पेश भएको र बुझेको प्रमाण,
(ग) बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको रायको संक्षिप्त व्यहोरा,
(घ) कानून व्यवसायीको जिकिर,
(ङ) सान्दर्भिक नजिर,
(च) कसूर प्रमाणित भए वा नभएकोमा सोको आधार,
(छ) निर्णय गर्दा लिइएको आधार र कारणहरु,
(ज) बालकलाई सुधार गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने उपाय,
(झ) क्षतिपूर्ति वा जरिवाना तिर्नु बुझाउनु पर्ने भए सोसम्बन्धी व्यहोरा ।

१८. फैसला कार्यान्वयनसम्बन्धी व्यवस्था

यस नियमावलीबमोजिम भएको फैसलाको कार्यान्वयन प्रचलित कानूनबमोजिम हुनेछ ।

१९. निःशुल्क प्रतिलिपि दिनु पर्ने

बाल अदालत वा बाल इजलासले फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क उपलब्ध गराई दिनु पर्नेछ ।

२०. सहयोग लिन सक्ने

अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले कसूरको अनुसन्धान तथा तहकिकातका क्रममा तथा बाल अदालत वा बाल इजलासले मुद्दाको कारवाई र किनाराका क्रममा स्थानीय निकाय, प्रहरी, स्थानीय प्रशासन, सामाजिक तथा गैरसरकारी संघसंस्थासमेतको सहयोग लिन सक्नेछ । त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२१. सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको सूची

(१) कुनै कसूरको अभियोग लागेको बालकका सम्बन्धमा सामाजिक अध्ययन गर्न, मनोविमर्श

सेवा, कानूनी सहायता तथा बाल सुधार सेवाहरु निजलाई आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउन चाहने व्यक्ति वा संस्थाको छुट्टाछुट्टै रुपमा जिल्ला बाल कल्याण समितिले तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचीमा संलग्न हुन चाहने देहायबमोजिमको योग्यता भएको नेपाली नागरिकले जिल्ला बाल कल्याण समितिमा निवेदन दिन सक्नेछन् :

(क) बालअधिकार वा बाल कल्याणको क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त भएको,

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ग) सम्बन्धित जिल्लामा कम्तीमा दुई वर्षदेखि बसोबास गरी आएको ।

(३) उपनियम (१) बमोजिमको सूचीमा संलग्न हुन इच्छुक संस्थाले आफ्नो संस्थाको दर्ता प्रमाणपत्र, विधान, सदस्यको नामावली, उपलब्ध गराउने सेवा बाल कल्याण समितिले तोकेको अन्य कागजात संलग्न गर्नु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिमको निवेदनउपर जाँचबुझ गर्दा कुनै व्यक्ति वा संस्थाले त्यस्तो सेवा प्रदान गर्न सक्छ भन्ने कुरा जिल्ला बाल कल्याण समितिलाई लागेमा त्यस्तो व्यक्ति वा संस्थालाई सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको सूचीमा सूचीकृत गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सूचीकृत भएको व्यक्ति वा संस्थाले खराब आचरण गरेमा वा निजले प्रदान गरेको सेवाको गुणस्तर जिल्ला बाल कल्याण समितिले तोकेको मापदण्डबमोजिम नभएमा सो समितिले त्यस्तो सूचीबाट निजको नाम हटाउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम सूचीबाट नाम हटाउँदा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सुनुवाईको मौका दिनु पर्नेछ ।

(७) उपनियम (१) बमोजिमको सूची जिल्ला बाल कल्याण समितिले बाल अदालत वा जिल्ला अदालतलाई उपलब्ध गराउनु पर्नेछ ।

२२. बाल न्याय समन्वय समिति

(१) बाल न्यायसँग सम्बन्धित विभिन्न निकायका बीच समन्वय गर्न देहायबमोजिमको बाल न्याय समन्वय समिति रहनेछः

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश – अध्यक्ष

(ख) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय – सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि – सदस्य

(घ) सचिव, गृहमन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि – सदस्य

(ङ) सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा निजले ताकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि – सदस्य

(च) प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय – सदस्य

(छ) कार्यकाली निर्देशक, केन्द्रीय बालकल्याण समिति – सदस्य

(ज) बालबालिकाको क्षेत्रमा कार्यरत संस्थामध्येबाट केन्द्रीय बाल कल्याण समितिले मनोनयन गरेको संस्थाको प्रतिनिधि एक जना – सदस्य

(झ) रजिस्ट्रार, सर्वोच्च अदालत – सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(३) समितिको बैठक अन्य कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले आवश्यकताअनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) बाल न्याय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) बाल न्याय प्रणाली सुदृढिकरण र विकासका लागि आवश्यक पर्ने कानूनी तथा नीतिगत व्यवस्थाका लागि नेपाल सरकारलाई आवश्यक सुझाव, परामर्श दिने,

(ख) नेपालमा बालअधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट भइरहेका कार्यक्रमहरु बीच समन्वय गर्ने गराउने,

(ग) बाल न्याय सम्पादनलाई छिटोछरितो प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि बाल न्याय सम्पादनमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,

(घ) बालअधिकार र बाल न्यायको विषय नेपालका विद्यालय, विश्वविद्यालय तथा शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

(ङ) बाल न्याय सम्पादनमा संलग्न हुने निकायबाट सम्पादन भएका सेवा र कार्यहरुको स्तर रेखदेख तथा व्यवस्थापन कामकारवाई गर्ने, गराउने ।

(६) समितिको कामकारवाई सुचारू रुपले सञ्चालन गर्न नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिसमा नेपाल न्याय सेवाका अधिकृत स्तरको कर्मचारीलाई समितिको सचिवालयको कामकाज गर्न तोक्न सक्नेछ । यसरी तोकिएको कर्मचारीले बाल न्याय प्रशासन काम गर्नेछ र निजको अन्य काम, कर्तव्य, अधिकार तथा सुविधा समितिले तोकेबमोजिम हुनेछ ।

२३. सचिवालय

बाल न्याय समन्वय समितिको सचिवालय केन्द्रीय बाल कल्याण समितिमा रहनेछ ।

२४. दोभासे राख्न सकिने

जिल्ला अदालत तथा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा आवश्यक परेमा दोभासेको सुविधा उपलब्ध गराई सोधपुछ गर्न सक्नेछ ।

२५. निर्देशन दिन सक्ने

यस नियमावलीमा उल्लेखित कामकारवाई सुचारू रुपले सञ्चालन गर्न सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिले आफ्ना मातहतका कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछन् ।

२६. अन्य कुरा प्रचलित कानूनबमोजिम हुने

यस नियमावलीमा लेखिएकोमा यसैबमोजिम र अन्य कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

२७. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसूची (नियम ४ को खण्ड (छ) सँग सम्बन्धित)
सामाजिक अध्ययन प्रतिवेदन

..... बाल अदालत वा बाल इजलास/प्रहरी एकाई/कर्मचारी
..... (ठेगाना)

खण्ड क : बालकमाथि लगाइएको आरोपको व्यहोरा, व्यक्तिगत र पारिवारिक विवरण

बालकमाथि लगाइएको आरोपको व्यहोराः

.....

व्यक्तिगत विवरणः
नाम थरः
उमेरः
लिङ्गः
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
पहिले कुनै संस्थामा बसेको भए त्यसको विवरणः
पारिवारिक विवरणः
बाबुको :
नामः
पेशाः
ठेगानाः
आमाको :
नामः
पेशाः
ठेगानाः
सौतेनी आमा भएः
नामः
पेशाः
ठेगानाः
संरक्षक भए निजको नाम, पेशा र ठेगानाः
पाल्ने वा हुर्काउने अरु कोही भएः
दाजु, भाइः
दिदी, बहिनीः
सँगै बसेका अन्य नातेदारः
सामाजिक र आर्थिक स्थितिः

परिवारका अन्य सदस्यको कुनै आपराधिक क्रियाकलापमा संलग्नता भए/नभएको :
जीविकोपार्जनको स्तरः
बाबु, आमा तथा परिवारका अन्य सदस्यसँग आपसी सम्बन्धः
अन्य आवश्यक कुराः

खण्ड ख : बालकको विवरण

मानसिक स्थितिः
शारीरिक स्थितिः
बानीबेहोरा, रूचि, चाखः
खास विशेषता वा व्यक्तिगत स्वभावः
साथीसँगको सम्बन्ध र उनीहरुको प्रभावः
घर छाडेर आएको भए सोको विवरणः
विद्यालय र शैक्षिक विवरणः
काम गरेको भए कामको प्रकृतिः
काम छाडेको भए सोको कारणः
छिमेकीहरुको भनाईः
घर तथा विद्यालयमा अनुशासन प्रतिको दृष्टिकोणः
अन्य केही कुराः

खण्ड ग : छानबिन/अध्ययनको निष्कर्ष

संवेदनात्मक तथ्यः
शारीरिक अवस्थाः
बौद्धिक क्षमता वा स्तरः
सामाजिक तथा आर्थिक पक्षः
समस्या देखिनुका कारकतत्वः
आपराधिक प्रवृत्ति बढ्नुको कारणः
बालकलाई सुधारका लागि सुझाबः
सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको योजनाः

प्रतिवेदन तयार गर्ने व्यक्तिकोः
हस्ताक्षरः
नाम थरः
अध्ययन प्रतिवेदन तयार गर्ने संस्थाको नामः
सङ्केत नम्बरः
मितिः

अनुसूची ४
बालअधिकारसम्बन्धी महासन्धि, १९८९

प्रस्तावना

संयुक्त राष्ट्र संघको बडापत्रमा उद्घोषित सिद्धान्तहरुअनुरुप नैसर्गिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरुको समान तथा अखण्डनीय अधिकारहरुको मान्यतानै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला हुन् भन्ने तथ्यलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघको समस्त जनताले बडापत्रमा उल्लिखित मौलिक मानव अधिकारहरु तथा मानवीय मूल्य र मान्यतामा आफ्नो आस्थाको पुनःसमर्थन गर्दै व्यापक स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र स्तरीय जीवनको प्रवर्धन गर्ने अठोट गरेको कुरालाई मनन् गर्दै,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारबारे अन्तर्राष्ट्रिय महासन्धिहरुमा उल्लिखित सम्पूर्ण अधिकार र स्वतन्त्रता सबैलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारको आधारमा विना कुनै भेदभाव प्रदान गर्न घोषणा र मञ्जुरी गरेका कुरालाई मान्यता दिदैं,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणापत्रको माध्यमबाट बाल्यावस्थालाई विशेष स्याहार र सहयोग प्रदान गर्नु पर्ने कुरालाई घोषणा गरेको स्थितिलाई संस्मरण गर्दै, परिवारले आफ्ना सम्पूर्ण सदस्यहरुको र खास गरी बालबालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण तथा समाजको आधारभूत एकाईको रुपमा कार्य गर्ने भएकोले यसलाई आवश्यक संरक्षण र सहयोग प्रदान गरी सम्बन्धित समूदायभित्र रही आफ्नो जिम्मेवारी पूर्ण रुपले बहन गर्न सक्ने बनाउनु पर्ने आवश्यकतामा विश्वस्त हुँदै,

बालबालिकाले आफ्नो व्यक्तित्वको पूर्ण र सामन्जस्यपूर्ण विकासको लागि एउटा पारिवारिक वातावरण तथा प्रसन्नता, ममता र समझदारीको वातावरणमा हुर्कन पाउनु पर्छ भन्ने कुरालाई मान्यता दिदैं, बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बाँच्न पूर्ण रुपले समर्थ बनाइनु पर्ने र संयुक्त राष्ट्र संघको बडापत्रमा घोषित आर्दशहरुअनुरुप र खास गरी शान्ती, सम्मति, सहिष्णुता, समानता र एकताको भावनामा निजको लालनपालन गर्नु पर्ने कुरालाई ध्यानमा राख्दै,

बालबालिकालाई विशेष स्याहार पुऱ्याइनु पर्दछ भन्ने कुरालाई बालबालिकाको अधिकारबारे जेनेभामा १९२४ मा भएको घोषणापत्र, संयुक्त राष्ट्र संघले १९५९ मा पारित गरेको बालबालिकाका अधिकारहरुको घोषणापत्र, विश्वव्यापी मानव अधिकार घोषणापत्रमा मान्यता दिइएको एवं नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (विशेषगरी धारा २३ र २४) मा उल्लेख भएको एवं आर्थिक,

सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुवन्ध (विशेष गरी धारा १०) मा उल्लेख भएको र बालबालिकाको कल्याणमा समर्पित विशिष्टीकृत सङ्गठन तथा अन्तर्राष्ट्रिय संस्थाहरुको ऐनहरु तथा सम्बद्ध अध्यालेखहरुमासमेत उल्लेख भएको तथ्यलाई हृदयङ्गम गर्दै,

सन् १९५९ नोभेम्वर २० मा संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित बालबालिकाको अधिकार घोषणापत्रमा "शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले बालबालिकालाई जन्मनु अघि र जन्मेपछि पनि विशेष हेरचाह र स्याहार साथै उचित कानूनी संरक्षणको आवश्यकता पर्छ" भन्ने उल्लेख भएको कुरालाई हृदयङ्गम गर्दै,

बालबालिकाको संरक्षण एवं कल्याण सामाजिक एवं कानूनी सिद्धान्तहरु, खास गरी राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा बालबालिकाको हेरचाह र धर्मसन्तान ग्रहण गर्ने प्रक्रिया घोषणापत्र, बाल न्याय प्रशासन संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (वेइजिङ नियमहरु) र सङ्कटकाल तथा सशस्त्र द्वन्द्वमा महिला र बालबालिकाको संरक्षण घोषणापत्रका प्रावधानहरुलाई संस्मरण गर्दै,

विश्वका सबै देशहरुमा केही बालबालिकाहरु अति कठिन अवस्थामा बाँचेका र यी बालबालिकाहरुलाई विशेष ध्यान दिनु पर्ने कुरालाई मान्यता दिँदै,

बालबालिकाको संरक्षण र सामान्जस्यपूर्ण विकासको लागि प्रत्येक राष्ट्रका परम्परा र साँस्कृतिक मूल्यहरुको महत्वलाई उचित ध्यान दिँदै,

प्रत्येक देशमा विशेषतः विकासशील मुलुकहरुमा बालबालिकाको जीवनस्तर सुधार गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई मान्यता दिँदै,

यस महासन्धिका राज्य पक्षहरुले निम्न कुराहरुमा सहमति जनाएका छन् :-

भाग-१

धारा १

यस महासन्धिको प्रयोजनको लागि बालकसम्बन्धी कानूनअन्तर्गत वयस्कताको उमेर योभन्दा कम रहने गरी तोकिएको स्थितिमा बाहेक बालबालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक मानवलाई सम्झनु पर्छ ।

धारा २

(१) यस महासन्धिमा पक्ष रहेका राज्यहरुले यस महासन्धिमा उल्लिखित आफ्नो क्षेत्रभित्रको प्रत्येक बालकको अधिकारको सम्बन्धमा बालकको वा उसका बाबुआमाको वा वैधानिक

अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक, वा अन्य विचारहरु राष्ट्रिय, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, असक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी सम्मान र प्रत्याभूति दिनु पर्नेछ ।

(२) बालकका बाबुआमाहरु, वैधानिक अभिभावकहरु वा अन्य पारिवारिक सदस्यहरुको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरु वा आस्थाहरुको आधारमा गरिने सबै किसिमका भेदभाव वा सजायबाट बालबालिकाको संरक्षण गर्न यस महासन्धिका राज्य पक्षहरुले सबै उचित कदमहरु चाल्नेछन् ।

धारा ३

(१) सार्वजनिक अथवा निजामती कल्याणकारी, सामाजिक संस्थाहरु, अदालतहरु, प्रशासनिक यन्त्रहरु वा विधायिकाहरु सबैले बालबालिकाहरुसँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम् हितलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) राज्य पक्षहरुले बालबालिकाको आमा, बाबु, वैधानिक अभिभावक वा कानूनी रुपमा उनीहरुका लागि जिम्मेवार अन्य व्यक्तिहरुको बालबालिकाप्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै, बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नेछन् र यस उद्देश्यको निमित्त सबै उचित वैधानिक र प्रशासनिक उपायहरु गर्नेछन् ।

(३) राज्य पक्षले बालबालिकाको स्याहार र संरक्षणका लागि जिम्मेदार संस्थाहरु तथा सेवा र सुविधा निकायहरु, सक्षम अधिकारीहरुले निर्धारण गरेका मापदण्डहरु खास गरी सुरक्षा, स्वास्थ्य, आवश्यक कर्मचारीहरुको संख्या र उपयुक्तताको साथ साथै दक्ष सुपरिवेक्षणको व्यवस्था गर्नेछन् ।

धारा ४

राज्य पक्षहरुले यस महासन्धिले मान्यता दिएको अधिकारहरुको कार्यान्वयनका लागि सबै उपयुक्त वैधानिक, प्रशासनिक र अन्य उपायहरु अपनाउनेछन् । विशेष गरी आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको सन्दर्भमा राज्य पक्षहरुले आ-आफ्ना स्रोतहरुले भ्याएसम्म र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट बढी मात्रामा यस्ता कदमहरु चाल्नेछन् ।

धारा ५

राज्य पक्षहरुले यस महासन्धिले मान्यता दिएको बालबालिकाहरुको अधिकारको प्रयोगको सिलसिलामा निजहरुको उदयोन्मुख व्यक्तिगत क्षमतासँग मेल खाने किसिमबाट उपयुक्त निर्देशन र मार्गदर्शन प्रदान गर्न बाबु, आमा वा स्थानीय परम्पराले दिएअनुसार परिवार वा समुदायका वैधानिक अभिभावकहरु वा बालबालिकाको निम्ति कानूनी रुपमा जिम्मेवार अन्य व्यक्तिहरुको दायित्व, अधिकार तथा कर्तव्यलाई मान्यता दिनेछन् ।

धारा ६

(१) राज्य पक्षहरुले प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार हो भनी मान्यता दिन्छन् ।

(२) राज्य पक्षहरुले बालबालिकाको दीर्घ जीवन र विकासको लागि यथासम्भव बढीभन्दा बढी प्रयास गर्ने अठोट गर्नेछन् ।

धारा ७

(१) बालबालिकाहरुलाई जन्मना साथ दर्ता गरिनेछ र जन्मेपछि उसले आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकार पाउनेछ ।

(२) राज्य पक्षहरुले आ-आफ्ना राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय अध्यालेखअन्तर्गतको दायित्वअनुसार माथि उल्लिखित अधिकारहरु विशेष गरी बालबालिका राज्यविहीन हुने भएमा, कार्यान्वयन गर्नेछन् ।

धारा ८

(१) राज्य पक्षहरुले कानूनले मान्यता दिएअनुसारको बालबालिकाको आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायतको परिचय यथावत राख्न पाउने अधिकारलाई, विना गैरकानूनी हस्तक्षेप, मान्यता दिनेछन् ।

(२) कुनै बालबालिकाको आफ्नो परिचयसम्बन्धी कुनै वा सबै तत्वहरु गैरकानूनी ढङ्गले वञ्चित हुन गएमा राज्य पक्षहरुले तिनका ती परिचयात्मक तत्वहरुको यथाशीघ्र पुनर्स्थापनाको लागि उपयुक्त सहयोग र संरक्षण प्रदान गर्नेछन् ।

धारा ९

(१) बालबालिकाको सर्वोत्तम हितका लागि निजलाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानून र कार्यविधिअनुरुप सक्षम अधिकारीहरुले, न्यायिक पुनरावलोकनको अधीनमा रही निर्णय गरेमा बाहेक कुनै पनि बालबालिकालाई बाबुआमाको इच्छाविरूद्ध अलग गरिने छैन भनी राज्य पक्षहरुले निश्चित गर्नेछन् । बालबालिकालाई यस प्रकारले अलग राख्ने निर्णय, खास गरेर कुनै बालबालिका आफ्नो आमाबाबुबाट दुर्व्यवहार र उपेक्षित गरिएमा वा आमाबाबु छुट्टिएर बसोबास गरेमा र त्यस्तो अवस्थामा बालबालिकाको बासस्थानको निधो गर्नु पर्ने भएमा, आवश्यक हुनेछ ।

(२) प्रकरण १ मा उल्लिखित कुनै पनि कामकारवाईमा सरोकारवालालाई सहभागी हुने र आफ्नो कुरा भन्ने अवसर प्रदान गरिनेछ ।

(३) बालबालिकाको सर्वोत्तम हितमा प्रतिकूल असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले आमाबाबुसँग नियमित रुपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने बालबालिकाको अधिकारलाई राज्य पक्षहरुले मान्यता दिनेछन् ।

(४) राज्य पक्षबाट उठाइएका कुनै कामकारवाई जस्तो कि बाबु वा आमा वाा दुवै वा बालबालिकाको नजरवन्द, कैद, निर्वासन, देश निकाला वा मृत्युदण्ड (कुनै व्यक्ति राज्यको हिरासतमा रहँदा हुन गएको कुनै प्रकारको मृत्यु लगायत) ले गर्दा यस प्रकारको बिछोड भएमा त्यस्तो राज्य पक्षले सम्बन्धित आमाबाबु वा बालबालिका वा उपयुक्त देखिएमा परिवारको कुनै सदस्यको अनुरोधमा, बालबालिकाको हित विपरीत असर पर्ने अवस्थामा बाहेक, परिवारको त्यस्तो अनुपस्थित सदस्यको अवस्थाको सम्बन्धमा आवश्यक तथ्यगत जानकारी दिने व्यवस्था गर्नेछ । यस प्रकारको अनुरोधको प्रस्तुतिको कारणले गर्दा सम्बन्धित व्यक्तिहरुको विरूद्ध कुनै प्रतिकूल असर पर्ने छैन भन्ने कुरामा पनि राज्य पक्षले निश्चित गर्नु पर्नेछ ।

धारा १०

(१) धारा ९ को प्रकरण १ अन्तर्गत राज्य पक्षहरुको दायित्वअनुरुप पारिवारिक पुनर्मिलनको उद्देश्यले कुनै बालबालिका वा उनीहरुका बाबुआमाले कुनै राज्यमा प्रवेश गर्ने वा त्यसलाई त्याग्ने उद्देश्यले दिइएका आवेदनहरु माथि राज्य पक्षहरुले सकारात्मक, मानवीय र छिटो तवरले कार्य गर्नेछन् । राज्य पक्षहरुले आवेदकहरु र उनीहरुको परिवारका सदस्यहरुप्रति यस आवेदनले कुनै प्रकारका प्रतिकूल असर पार्ने छैन भन्ने कुरा पनि निश्चय गर्नेछन् ।

(२) कुनै बालबालिकाको बाबुआमा बेग्लाबेग्लै राज्यहरुमा बसेका रहेछन् भने ती बालबालिकालाई, अति विशेष परिस्थितिमा बाहेक, दुवै बाबुआमासँग नियमित रुपमा व्यक्तिगत सम्बन्ध राख्ने र प्रत्यक्ष भेटघाट गर्ने अधिकार हुनेछ । यसको लागि धारा ९ को प्रकरण १ अन्तर्गत राज्य पक्षहरुमा भएको दायित्वअनुरुप राज्य पक्षहरुले बालबालिका र उनीहरुका बाबुआमाहरुले आफ्नो लगायत कुनै पनि देशलाई छाड्न पाउने र आफ्नो देशमा प्रवेश पाउने अधिकारलाई मान्यता दिनेछन् । कुनै पनि देशलाई छाड्न पाउने अधिकार कानूनी प्रावधानबाट गरिएको प्रतिबन्धहरुको अधीनमा रही हुनेछ, जुन प्रतिवन्ध राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षण गर्न आवश्यक भएको हुनु पर्छ र त्यस्ता प्रतिवन्ध यस महासन्धिमा मान्यता दिइएका अन्य अधिकारहरुसँग अनुकूल हुनु पर्नेछ ।

धारा ११

(१) राज्य पक्षहरुले बालबालिकाको अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्ने उद्देश्यले पाइला चाल्नेछन् ।

(२) यसको लागि राज्य पक्षहरुले द्विपक्षीय वा बहुपक्षीय सन्धिहरु गर्ने वा भइरहेका सन्धिहरुमा सामेल हुने कुरामा जोड दिनेछन् ।

धारा १२

(१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्वद्ध विषयमा स्वतन्त्र रुपले आफ्नो विचार व्यक्त गर्न पाउने व्यवस्था राज्य पक्षहरुले गर्नु पर्दछ । बालबालिकाले त्यस्तो विचारलाई उसको उमेर र परिपक्वताअनुसार उचित मान्यता दिइनेछ ।

(२) यस प्रयोजनको लागि बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक कामकारवाईमा सम्बन्धित राष्ट्रिय कानूनका प्रावधानबमोजिम प्रत्यक्ष रुपमा वा प्रतिनीधिद्वारा वा कुनै उपयुक्त निकायद्वारा विशेषतः सुनुवाई हुने अवसर प्रदान गरिनेछ ।

धारा १३

(१) बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सिमानाको कुनै हद नराखी यस अधिकारभित्र सबै प्रकारका जानकारीहरु र विचारहरु खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रित रुपमा, कलाको रुपमा वा बालबालिकाको रुचिअनुसार कुनै पनि प्रचार माध्यमद्वारा अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुँनेछ ।

(२) यो अधिकार केही प्रतिबन्धहरुको अधीनमा रही प्रयोग गर्न सकिन्छ, तर ती प्रतिबन्धहरु कानूनद्वारा व्यवस्थित भएको र निम्न कारणले आवश्यक भएको हुनु पर्दछ :-

(क) अरुको अधिकारहरु वा प्रतिष्ठाको आदर गर्नको लागि, वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा जनस्वास्थ्य वा नैतिकताको संरक्षणका लागि ।

धारा १४

(१) राज्य पक्षहरुले बालबालिकाको विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्य पक्षहरुले बालबालिकाको विकसित हुँदै गरेको क्षमतासँग मेल खाने किसिमले निजको अधिकार प्रयोगको सिलसिलामा बाबुआमा र उपयुक्त अवस्थामा वैधानिक अभिभावकहरुको निर्देशन दिने अधिकार र कर्तव्यहरुलाई मान्यता दिनेछन् ।

(३) कानूनद्वारा व्यवस्था गरिएका बन्देजहरुका अधीनमा रही आफ्नो धर्म र आस्थालाई प्रदर्शन गर्न स्वतन्त्रता हुनेछ । कानूनका ती बन्देजहरु पनि सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य वा नैतिकता तथा अरुको मौलिक अधिकार र स्वतन्त्रताको संरक्षणको लागि आवश्यक हुनु पर्नेछ ।

धारा १५

(१) राज्य पक्षहरुले बालबालिकाको सङ्गठनसम्बन्धी स्वतन्त्रता र शान्तिपुर्ण भेला हुने स्वतन्त्रताको अधिकारलाई मान्यता दिन्छन् ।

(२) यी अधिकारहरुको प्रयोगमा कानून अनुकूल तथा राष्ट्रिय सुरक्षा वा जनसुरक्षा, सार्वजनिक व्यवस्था, जनस्वास्थ्य एवं नैतिकताको संरक्षण वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षणको लागि प्रजातान्त्रिक समाजमा आवश्यक पर्ने बन्देजबाहेक अन्य कुनै पनि बन्देज लगाइने छैन ।

धारा १६

(१) बालबालिकाको निजीपना, परिवार, घर वा पत्राचार माथि बलजफ्ती वा गैरकानूनी हस्तक्षेप गरिने छैन, न त उनीहरुका मर्यादा र इज्जतमाथि नै गैरकानूनी आक्रमण गरिनेछ ।

(२) यस्तो हस्तक्षेप र आक्रमणकोविरुद्ध कानूनी संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ ।

धारा १७

राज्य पक्षहरुले सार्वजनिक सञ्चार माध्यमहरुले खेलेको महत्वपूर्ण भूमिकाहरुलाई मान्यता दिनेछन् । विशेषतः बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक हितहरुमा शारीरिक एवं मानसिक स्वास्थ्य संवर्धनको उद्देश्य राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरुको विविधताबाट बालबालिकाले जानकारी र सामग्री प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनेछन् ।

यस प्रयोजनको लागि राज्य पक्षहरुले :-

(क) सार्वजनिक प्रचार माध्यमलाई धारा २९ को व्यवस्थाको भावना अनुरुप तथा बालबालिकाको सामाजिक र साँस्कृतिक हित हुने खालको सूचना र सामग्री प्रचारप्रसार गर्न प्रोत्साहन दिनेछन्,

(ख) साँस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरुको विविधताबाट प्राप्त हुने जानकारी र सामग्रीको उत्पादन, आदानप्रदान र वितरणमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिनेछन्,

(ग) बाल पुस्तकहरुको उत्पादन र वितरणलाई प्रोत्साहन दिनेछन्,

(घ) सार्वजनिक प्रचारप्रसार संस्थाहरुलाई अल्पसंख्यक समूदाय वा आदिवासी समुदायका बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन्,

(ङ) धारा १३ र १८ का प्रावधानहरुलाई ध्यानमा राख्दै बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामग्रीबाट उनीहरुको संरक्षण गर्नका लागि सहि मार्गदर्शनको विकासलाई प्रोत्साहन दिनेछन् ।

धारा १८

(१) राज्य पक्षहरुले बालबालिकाको लालनपालन र विकासको लागि बाबुआमा दुबैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तलाई मान्यता दिलाउन भरपूर्ण प्रयासहरु गर्नेछन् । बालबालिकाको

लालनपालन र विकासको निमित्त बाबुआमाहरु वा त्यस्तै अवस्थामा वैधानिक अभिभावकको प्रथम दायित्व हुनेछ । बालबालिकाको सर्वोपरि हितको कुरा उनीहरुको प्रमुख चासोको विषय हुनेछ ।

(२) यस महासन्धिमा व्यवस्था भएका अधिकारीहरुलाई प्रत्याभूत तथा संवर्धन गर्ने प्रयोजनको लागि राज्य पक्षहरुले बालबालिकाको पालनपोषणको दायित्व पूरा गर्न सक्षम बनाउन बाबुआमा वा वैधानिक अभिभावकलाई उचित सहयोग प्रदान गर्नेछन् र बालबालिकाको स्याहार सम्बन्धमा संस्था, सुविधा र सेवाको विकास गर्नेछन् ।

(३) राज्य पक्षहरुले श्रमिक बाबुआमाका बालबालिकाहरुले पाउनु पर्ने बालस्याहार सेवा र सुविधाहरुको उपभोग गर्ने अधिकार छ भन्ने कुराको सबै आवश्यक व्यवस्था मिलाउनेछन् ।

धारा १९

(१) राज्य पक्षहरुले बालबालिकाप्रति निजको बाबुआमा वा वैधानिक अभिभावक वा अन्य व्यक्तिहरुको हेरचाहमा रहेको अवस्थामा त्यस्ता व्यक्तिका तर्फबाट हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक चोट वा दुर्व्यवहार, हेला वा उपेक्षित व्यवहार वा यौन दुराचार लगायतका शोषणहरुबाट बालबालिकालाई जोगाउन उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरु अपनाउनेछन् ।

(२) यस प्रकारका संरक्षात्मक कार्यहरुमा उपयुक्त भएसम्म सामाजिक कार्यक्रमहरुको संस्थापनाको लागि प्रभावकारी कार्यविधिहरु समावेश गरी बालबालिका र बालबालिकाको स्याहार गर्नेहरुलाई सहायता पुऱ्याउनुका साथै अन्य प्रकारका निवारक उपायहरु गर्नु पर्नेछ र साथै माथि उल्लेख गरिएका प्रकारका बाल दुर्व्यवहारका घटनाहरु पत्ता लगाउने, खबर गर्ने, सोध्ने एवं तिनीहरुको जानकारी, अनुसन्धान, उपचार तथा अनुगमनको लागि र आवश्यक भएमा न्यायिक हस्तक्षेपको लागिसमेत प्रभावकारी उपाय गरिनु पर्दछ ।

धारा २०

(१) कुनै पनि बालबालिका स्थायी वा अस्थायी रुपमा आफ्नो पारिवारिक वातावरणबाट वञ्चित भएमा वा त्यस प्रकारको वातावरणमा रहँदा निजको सर्वोपरि हितको विपरीत हुने भएमा त्यस्ता बालबालिकाले राज्यद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) राज्य पक्षहरुले आफ्नो राष्ट्रिय कानूनअनुसार यस्ता बालबालिकाको लागि वैकल्पिक स्याहार प्रदान गर्ने उपाय निश्चित गर्नेछन् ।

(३) यस प्रकारले गरिने स्याहार कार्यमा अन्य व्यवस्थाहरुका अतिरिक्त बालबालिकाहरुको पालन पद्वति, इस्लामिक कानूनअन्तर्गतको कफाला, धर्म सन्तान लिने वा आवश्यकताअनुसार बाल स्याहारका उपयुक्त संस्थाहरुमा भर्ना गर्ने जस्ता कार्यहरु समावेश हुनेछन् । यस्ता कुराहरुको

समाधान गरिदा बालबालिकाको जातीय, धार्मिक, साँस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई ध्यानमा राखी निजको लालनपालनमा निरन्तरता कायम रहने तरिकामा ध्यान दिइनु पर्दछ ।

धारा २१

धर्म सन्तान लिने प्रथालाई मान्यता वा अनुमति दिने राज्य पक्षहरुले तिनीहरुले बालबालिकाको सर्वोपरि हितलाई प्राथमिकता दिनेछन् र तिनीहरुले :-

(क) बालबालिकालाई धर्म सन्तान लिने विषयमा सक्षम अधिकारीले मात्र स्वीकृति दिइएको हुनु पर्दछ । उपयुक्त कानून र कार्यविधिअनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बाबु, आमा, नातेदार र वैधानिक संरक्षकहरुको स्थितिलाई दृष्टिगत गरी त्यस्ता बालबालिकालाई धर्म सन्तान लिनदिन हुन्छ भन्ने लागेमा त्यस्तो स्वीकृति दिन हुन्छ । आवश्यक परेमा सम्बन्धित व्यक्तिहरुले धर्म सन्तान लिने विषयमा उपलब्ध सरसल्लाहको आधारमा पूर्ण जानकारी लिएर मात्र आफ्नो स्वीकृति दिएको हुनु पर्दछ ।

(ख) यदि कुनै बालबालिकालाई पालनपोषण गर्ने वा धर्म सन्तान लिने परिवारमा राख्न सकिने भन्ने सम्भावना नभएमा वा निजको जन्मभूमिमा उचित स्याहार पुऱ्याउन सकिन्न भन्ने लागेमा अन्तरदेशीय रुपमा धर्म सन्तान लिने दिने प्रक्रियालाई पनि बाल स्याहारको एउटा वैकल्पिक उपायको रुपमा लिन सकिन्छ भन्ने कुरालाई मान्यता दिइनेछ ।

(ग) अन्तरदेशीय रुपमा धर्म सन्तान ग्रहण गरिएका बालबालिकालाई स्वदेशमा धर्म सन्तान लिइएका बालबालिकासरह समान सुरक्षा तथा स्तर प्राप्त छ भन्ने कुराको पूर्वनिश्चित गरिनु पर्दछ ।

(घ) अन्तरदेशीय रुपमा धर्म सन्तान लिने प्रक्रियाको क्रममा यसमा संलग्न व्यक्तिहरुले अनुचित आर्थिक फाइदा उठाएका छैनन् भन्ने कुरा यकिन गर्नको लागि उपयुक्त कदमहरु चाल्नेछन् ।

(ङ) यस धारामा उल्लिखित उद्देश्यहरु उपयुक्ततताअनुसार द्विपक्षीय वा बहुपक्षीय व्यवस्था वा सम्झौताद्वारा संवर्धन गर्नेछन् र यस्तो बन्दोबस्तअनुसार अन्य देशमा गरिएको बालबालिकाको पालनपोषणको काम सक्षम अधिकारी वा निकायहरुबाट हुनेछ भनी निश्चित गर्ने प्रयास गर्नेछन् ।

धारा २२

(१) राज्य पक्षहरुले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानून र कार्यविधिहरुअनुसार शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिकाले आफ्नो बाबु, आमा वा अन्य कोहीसँग बसे पनि वा नबसे पनि यस महासन्धिमा र आफूसमेत पक्ष भएको अन्य अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय व्यवहारसम्बन्धी अन्य अध्यालेखहरुमा उल्लिखित अधिकारको उपभोग उचित संरक्षण र मानवीय सहयोग प्राप्त गर्न पाउने व्यवस्था गर्नेछन् ।

(२) यस उद्देश्यको निमित्त राज्य पक्षहरुले बालबालिकाको परिवारसँग पुनर्मिलन गराउनको लागि

आवश्यक जानकारी प्राप्त गर्न यस्ता शरणार्थी बालबालिकाको बाबुआमा वा परिवारका अन्य सदस्यहरुलाई पत्ता लगाउने काममा संयुक्त राष्ट्र संघसँग सम्बद्ध अन्य सम्बन्धित अन्तरसरकारी सङ्गठनहरु र यस प्रकारको बाल संरक्षण तथा सहायता कार्यमा संयुक्त राष्ट्र संघलाई सहयोग गरि रहेका गैरसरकारी सङ्गठनलाई उपयुक्ततानुसार सहयोग प्रदान गर्नेछन् ।

धारा २३

(१) कुनै पनि मानसिक वा शारीरिक रुपमा अपाङ्ग बालबालिकालाई निजको मर्यादा कायम गराउने, स्वावलम्बनमा अभिवृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता लिन सघाउ पुऱ्याउने वातावरणमा पूर्ण तथा सम्मानपूर्वक जीवनयापन गर्न पाउनु पर्दछ भन्ने कुरा राज्य पक्षहरुले मान्यता दिन्छन् ।

(२) राज्य पक्षहरुले अपाङ्ग बालबालिकाको विशेष स्याहारको अधिकारलाई मान्यता दिन्छन् र उपलव्ध स्रोतहरुले भ्याएसम्म योग्य बालबालिकालाई र उनीहरुका हेरचाह गर्न जिम्मा लिनेलाई आवश्यक सहायता उपलब्ध गराउन त्यस सम्बन्धमा आवेदन परेमा र त्यस्तो बालकको अवस्था र निजको हेरचाह गर्ने बाबु, आमा वा अन्य व्यक्तिको परिस्थितिअनुसार उपयुक्त भएमा यस्तो सहायता विस्तार गर्न प्रोत्साहन र निश्चित गर्नेछन् ।

(३) अपाङ्ग बालबालिकाको विशेष आवश्यकतालाई विचार गर्दै बालबालिकाको स्याहार गर्ने बाबुआमा वा अन्य व्यक्तिहरुको आर्थिक स्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म प्रकरण २ मा उल्लिखित सहयोग निःशुल्क उपलव्ध गराइनेछ र कुनै पनि अपाङ्ग बालबालिकाको साँस्कृतिक तथा आध्यात्मिक अभिवृद्धि लगायत निजले हुन सक्नेसम्म पूर्ण रुपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट, शिक्षा, प्रशिक्षण, स्वास्थ्य स्याहार सेवाहरु, पुनर्स्थापनाका सेवाहरु र रोजगारीको तयारी र मनोरञ्जनका अवसरहरु प्राप्त गर्ने र त्यसमा वास्तविक पहुँच हुने गरी व्यवस्था गर्ने कुरामा निश्चय गर्नेछन् ।

(४) राज्य पक्षहरुले पुनर्स्थापना, शिक्षा र व्यवसायिक सेवाहरुको तरिकासम्बन्धी सूचनाहरु वितरण गर्ने र प्राप्त गर्ने लगायत अपाङ्ग बालबालिका निवारक स्वास्थ्य स्याहार र औषधोपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उचित जानकारीको आदानप्रदान गर्ने कुरालाई अन्तर्राष्ट्रिय सहयोगको भावनाअनुसार अभिवृद्धि गर्नेछन् । यस क्षेत्रमा आफ्नो अनुभवलाई विस्तार गर्न र आफ्नो क्षमता र सीपलाई विकास गर्न राज्य पक्षहरुलाई सक्षम बनाउने उद्देश्यले पनि त्यस्तो भावनालाई अन्तर्राष्ट्रिय सहयोगको संवर्धन गर्नेछन् । यस विषयमा विकासोन्मुख देशहरुको आवश्यकताबारे विशेष रुपमा विचार गरिनेछ ।

धारा २४

(१) राज्य पक्षहरुले बालबालिकाको उच्चतम् स्तरको स्वास्थ्य कायम गर्ने र विरामीको लागि उपचार गर्न पाउने सुविधा र स्वास्थ्यको पुनर्लाभ लिन पाउने अधिकारलाई मान्यता दिनेछन् । राज्य

पक्षहरुले कुनै पनि बालबालिकाले यस्तो स्वास्थ्य स्याहार सेवाहरु पाउने अधिकारबाट वञ्चित हुनु नपरोस् भनी निश्चित गर्न सक्दो प्रयास गर्नेछन् ।

(२) राज्य पक्षहरुले यो अधिकारको पूर्ण कार्यान्वयन गर्नेछन् र विशेषतः देहायका कदम चाल्नेछन् :-

(क) शिशु तथा बाल मृत्युदर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई दिइने आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने,

(ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरुलाई मध्य नजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही सहज रुपमा उपलव्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणका विरुद्ध लड्ने,

(घ) आमाहरुको निम्ति गर्भिणी र सुत्केरी अवस्थामा उचित स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने,

(ङ) समाजको प्रत्येक क्षेत्रमा, खास गरी बाबुआमा र बालबालिकाहरुलाई बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय सरसफाईका फाइदाहरु र दुर्घटनाको रोकथामबारे जानकारी दिइएको छ, शिक्षा उपलव्ध छ तथा यस काममा सहयोग पुऱ्याइएको छ भन्ने कुरामा निश्चित गर्ने,

(च) निवारक स्वास्थ्य स्याहार, बाबुआमाको लागि सरसल्लाह र परिवार नियोजनसम्बन्धी शिक्षा र सेवाहरुको विकास गर्ने ।

(३) राज्य पक्षहरुले बालबालिकाको स्वास्थ्यलाई हानि पुऱ्याउने खालको परम्परागत उपचारलाई निर्मुल गर्ने उद्देश्यले सम्पूर्ण प्रभावशाली र उपयुक्त कदमहरु चाल्नेछन् ।

(४) राज्य पक्षहरुले यस धारामा मान्यता दिइएको अधिकारलाई पूर्ण रुपमा लागू गर्न अन्तर्राष्ट्रिय सहयोगलाई संवर्धन र प्रोत्साहन गर्न जिम्मा लिन्छन् । यस सन्दर्भमा विकासोन्मुख देशहरुको आवश्यकता बारेमा विशेष रुपमा विचार गरिनेछ ।

धारा २५

राज्य पक्षहरुले बालबालिकालाई निजको स्याहार, संरक्षण वा शारीरिक र मानसिक स्वास्थ्यको उपचारको लागि सक्षम निकायबाट पालन व्यवस्थामा राखिएको भए सो सम्बन्धमा आफू उपर भएको व्यवहार तथा आफू राखिएको व्यवस्थासम्बन्धी परिस्थितिहरुको आवधिक समिक्षा गराउने निजको अधिकारलाई मान्यता दिनेछन् ।

धारा २६

(१) राज्य पक्षहरुले सामाजिक बिमा लगायत सामाजिक सुरक्षासम्बन्धी सुविधाबाट लाभ उठाउन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् र यस अधिकारको पूर्ण प्राप्ति तर्फ आ-आफ्नो राष्ट्रिय कानूनबमोजिम आवश्यक सबै कदमहरु चाल्नेछन् ।

(२) यस्ता सुविधाहरु बालबालिकाको र बालबालिकाको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरुको स्रोत र परिस्थितिका साथै सुविधाको लागि बालबालिकाले वा निजका तर्फबाट गरिएका आवेदनसँग सम्बन्धित अन्य कुरालाईसमेत ध्यानमा राखेर उपयुक्तताको आधारमा प्रदान गरिनेछ ।

धारा २७

(१) राज्य पक्षहरुले कुनै पनि बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई मान्यता दिनेछन् ।

(२) बाबुआमाहरु वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरुको आफ्नो सामर्थ्य र आर्थिक क्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि चाहिने रहनसहनका अवस्थाको बन्दोबस्त गर्नु प्राथमिक दायित्व हुनेछ ।

(३) राज्य पक्षहरुले राष्ट्रिय परिस्थिति अनुरुप आफ्नो स्रोतसाधनले भ्याएसम्म यो अधिकारलाई कार्यान्वयन गराउन बाबुआमाहरु वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरुलाई सहयोग गर्न उचित पाइला चाल्नेछन् र आवश्यक परेमा खास गरी गाँस, बास र कपासको सम्बन्धमा भौतिक सहायता प्रदान गर्नेछन् तथा यस्ता कार्यक्रम सञ्चालन गर्नेछन् ।

(४) राज्य पक्षहरुले स्वदेशमा तथा विदेशमा रहेका बाबुआमाहरु वा बालबालिकाको आर्थिक दायित्व बहन गर्ने व्यक्तिहरुबाट बालबालिकाको स्याहारसुसारका लागि चाहिने मानाचामल असूलउपर गर्न उचित पाइलाहरु चाल्नेछन् । खास गरी, बालबालिकाप्रति आर्थिक दायित्व बहन गर्ने व्यक्ति बालबालिका बस्ने ठाँउभन्दा भिन्दै राज्यमा बसेका रहेछन् भने राज्य पक्षहरुले यस प्रयोजनको लागि अन्तर्राष्ट्रिय सन्धिहरुमा संलग्न हुनेछन् वा त्यस प्रकारको सम्झौता गर्ने तथा अन्य उपयुक्त व्यवस्थाहरु गर्ने प्रक्रियालाई संवर्धन गर्नेछन् ।

धारा २८

(१) राज्य पक्षहरुले बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिन्छन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तिको लागि विशेष गरी देहायको व्यवस्था गर्नेछन् :-

(क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निशुल्क उपलब्ध गराउने,

(ख) साधारण र व्यवसायिक शिक्षासहित विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने तथा निशुल्क शिक्षाको सुरूवात गर्ने र आवश्यक परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उपयुक्त उपायहरु गर्ने,

(ग) क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनहरुद्वारा उच्च शिक्षा प्राप्त हुन सक्ने गराउने,

(घ) सम्पूर्ण बालबालिकाहरुलाई शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन उपलव्ध गराउने र पुऱ्याउने,

(ङ) विद्यालयमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाई परित्याग गर्नेहरुको संख्या घटाउन विभिन्न उपायहरु अपनाउने ।

(२) राज्य पक्षहरुले बालबालिकाको मानवीय मर्यादा अनुकूल र वर्तमान महासन्धिको प्रावधानबमोजिम विद्यालयमा अनुशासनसम्बन्धी नियम लागू गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

(३) राज्य पक्षहरुले शिक्षाको क्षेत्रमा, खास गरी विश्वबाटै अज्ञानता र निरक्षरतालाई हटाउनका लागि अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्धन तथा प्रोत्साहन दिनेछन् । उक्त सहयोगभित्र वैज्ञानिक तथा प्राविधिक ज्ञान प्राप्त गर्न सहज तुल्याउने तथा आधुनिक शिक्षण तरिकामा योगदान गर्ने कुरा पनि समावेश छन् । यस सम्बन्धमा विकासोन्मुख देशहरुको आवश्यकताहरुलाई विशेष ध्यान दिइनेछ ।

धारा २९

(१) राज्य पक्षहरु बालबालिकाको शिक्षा निम्न विषयमा निर्दिष्ट हुनु पर्ने कुरामा सहमत छन् :–

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरता विकास गर्ने,

(ख) मानव अधिकार र मौलिक स्वतन्त्रता र संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लिखित सिद्धान्तहरुको आदर गर्ने भावनालाई विकास गर्ने,

(ग) बालबालिकाको बाबुआमाप्रति, उसको आफ्नै साँस्कृतिक परिचय, भाषा र मूल्यहरु प्रति, बालबालिका जन्मेको देशको राष्ट्रिय मूल्यप्रति, निजको उत्पत्तिको देशप्रति र बालबालिकाको आफ्नोभन्दा फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने,

(घ) सम्पूर्ण जनताहरु, जाति, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरु बीच समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग, समानता र मित्रताको भावना अनुरुप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने,

(ङ) प्राकृतिक वातावरणको सम्मानको विकास गर्ने ।

(२) शैक्षिक संस्थाहरु स्थापना गर्न र सञ्चालन गर्न व्यक्ति र संस्थानहरुको स्वतन्त्रतालाई वाँधा पुग्ने गरी यो धारा वा धारा २८ को कुनै पनि अंशको अर्थ लगाइने छैन । तर त्यस्ता शैक्षिक संस्थाहरुको सञ्चालन तथा स्थापना यस धाराको प्रकरण १ मा व्यवस्था गरिएको सिद्धान्तहरुअन्तर्गत र यस्ता संस्थाहरुमा दिइने शिक्षा राज्यद्वारा तोकिएको न्यूनतम् स्तरअनुसार हुनु पर्ने शर्तका अधीनमा रही व्यवस्थित हुनेछ ।

धारा ३०

जाति, धर्म वा धार्मिक अल्पसंख्यकहरु वा आदिबासी मूलका समुदायहरु बसोवास गरेका राज्यहरुमा त्यस्तो अल्पसंख्यक वा आदिबासी समुदायका बालबालिकालाई आफ्नो समूहको अन्य सदस्यहरुसँग सामुदायिक रुपमा आफ्नो सँस्कृति मान्न पाउने, आफ्नो धर्म पालन तथा प्रयोग गर्न पाउने वा आफ्नो भाषा बोल्न पाउने अधिकारबाट वञ्चित गरिने छैन ।

धारा ३१

(१) राज्य पक्षहरुले बालबालिकाको आराम गर्ने र फुर्सद लिन पाउने, उमेर सुहाउदो खेल र मनोरञ्जनपूर्ण गतिविधिहरुमा संलग्न हुन पाउने र साँस्कृतिक जीवन र कलामा स्वतन्त्र रुपले सहभागी हुन पाउने अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्य पक्षहरुले साँस्कृतिक र कलात्मक जीवनमा पूर्ण रुपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र संवर्धन गर्नेछन् र साँस्कृतिक, कलात्मक, मनोरञ्जनात्मक र फुर्सद क्रियाकलापका लागि सुहाउँदो र समान अवसर प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन् ।

धारा ३२

(१) राज्य पक्षहरुको आर्थिक शोषण र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा असर पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरुको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्य पक्षहरुले यो धाराको कार्यान्वयन निश्चित गर्न वैधानिक, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरु चाल्नेछन् । यस प्रयोजनको लागि तथा अन्य अन्तर्राष्ट्रिय अध्यालेखका सम्बन्धित प्रावधानहरुलाई ध्यानमा राख्दै, विशेष गरी देहायका व्यवस्थाहरु गर्नेछन् :-

(क) रोजगारीमा प्रवेश गर्न उमेरको न्यूनतम् हद वा न्यूनतम् उमेर तोक्ने व्यवस्था गर्ने,

(ख) काम गर्ने समय र रोजगारीका शर्तहरुसम्बन्धी उपयुक्त नियमहरुको व्यवस्था गर्ने,

(ग) यस धाराको प्रभावकारी कार्यान्वयनको लागि उचित सजाय र दण्डभारको व्यवस्था गर्ने ।

धारा ३३

राज्य पक्षहरुले सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरुमा उल्लेख भएअनुसार लागूऔषध तथा मनोदीपक पदार्थहरुको गैरकानूनी प्रयोगबाट बालबालिकाहरुलाई जोगाउन र त्यस प्रकारको वस्तुको अवैध उत्पादन र विक्री वितरणमा बालबालिकाको उपयोगलाई रोकथाम गर्न वैधानिक, प्रशासकीय, सामाजिक र शैक्षिक लगायतका सबै उचित उपायहरु गर्नेछन् ।

धारा ३४

राज्य पक्षहरुले बालबालिकाहरुलाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्ने काम गर्नेछन् । यस प्रयोजनको निम्ति राज्य पक्षहरुले निम्न कुराहरुलाई रोक्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र वहुपक्षीय उपायहरु अपनाउनेछन् :-

(क) कुनै प्रकारको गैरकानूनी यौन कार्यहरुमा बालबालिकालाई संलग्न गराउने, प्रलोभन वा दवाब दिने;

(ख) देहव्यापार र अन्य गैरकानूनी यौन कार्यहरुमा बालबालिकाको शोषणयुक्त प्रयोग गर्ने;

(ग) अश्लील चित्रणको काममा वा पत्रपत्रिकाहरुमा बालबालिकाहरुलाई शोषणपूर्ण प्रयोग गर्ने ।

धारा ३५

राज्य पक्षहरुले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रुपमा बालबालिकाहरुको अपहरण बेचविखन वा सौदाबाजीलाई रोकथाम गर्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरु अपनाउनेछन् ।

धारा ३६

राज्य पक्षहरुले बाल कल्याणको कुनै पनि कुराको विपरीत हुने सबै किसिमका शोषण विरुद्ध बालबालिकाको संरक्षण गर्नेछन् ।

धारा ३७

राज्य पक्षहरु के निश्चित गर्छन् भने :

(क) कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रूरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजाय दिइने छैन । १८ वर्षभन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका अपराधहरुका लागि मृत्युदण्डको सजाय वा रिहाई पाउने नसकिने गरी आजीवन कारावासको सजाय दिइने छैन ।

(ख) कुनै पनि बालबालिकालाई गैरकानूनी वा अनुचित तवरले उनीहरुको स्वतन्त्रताबाट वञ्चित गरिने छैन । बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानून अनुकूल तवरबाट मात्र हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम उपायको रुपमा मात्र अपनाइनेछ ।

(ग) स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई मानवीयता र मानवको अन्तर्निहित मर्यादा अनुरुप तथा निजहरुको उमेरअनुसारको व्यक्तिको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउँदो सम्मान गरिनेछ । खास गरेर स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई निजको सर्वोपरि हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरुबाट छुट्टै

राखिनेछ। बालबालिकालाई खास अवस्थामा बाहेक पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार प्राप्त हुनेछ।

(घ) स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई कानूनी वा अन्य उपयुक्त सहयोग पाउने अधिकार साथै कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी समक्ष आफ्नो स्वतन्त्रता वञ्चित गर्ने प्रक्रियाको वैधता बारेमा उजुरी दिने अधिकार र त्यस्तो उजुरीमा तदारुख निर्णय पाउने अधिकार हुनेछ।

धारा ३८

(१) सशस्त्र संघर्षको सम्बन्धमा राज्यहरुलाई लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानूनको बालबालिकासँग सम्बन्धित व्यवस्थाको आदर गर्ने र गराउने अभिभारा राज्य पक्षहरुले लिन्छन्।

(२) राज्य पक्षहरुले १५ वर्ष नपुगेका बालबालिकालाई लडाईमा प्रत्यक्ष भाग लिन नलगाउने व्यवस्था गर्न हरसम्भव उपायहरु चाल्नेछन्।

(३) राज्य पक्षहरुले १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई आफ्नो सशस्त्र सेनामा भर्ना गर्नबाट रोक लगाउनेछन्।

(४) राज्य पक्षहरुले अन्तर्राष्ट्रिय मानवीय कानून मुताविक सशस्त्र लडाईबाट गैरसैनिक मानिसहरुलाई जोगाउने आफ्नो दायित्वअनुसार सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरु चाल्नेछन्।

धारा ३९

राज्य पक्षहरुले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रूर, अमानवीय र होच्याउने किसिमको व्यवहार वा सजाय वा सशस्त्र द्वन्द्वको सिकार बनेका कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापनालाई संवर्धन गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन्। यस प्रकारको पुनर्लाभ तथा पुनर्स्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादालाई सघाउ पुऱ्याउने वातावरणमा हुनेछ।

धारा ४०

(१) राज्य पक्षहरुले आरोपित, अभियुक्त वा फौजदारी कानूनको उल्लंघन गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई संवर्धन गर्ने किसिमबाट उनीहरुको मनमा अरुहरुको मानव अधिकार र मौलिक स्वतन्त्रताहरु प्रतिको आदर जागृत हुने एवं उनीहरुको उमेर एवं पुनर्स्थापना तथा समाजमा उनीहरुको सिर्जनात्मक भूमिकाको संवर्धन हुने वान्छनीयतालाई ध्यानमा राखी व्यहार गर्नु पर्नेछ।

(२) यसको लागि एवं अन्तर्राष्ट्रिय अध्यालेखहरुमा भएका प्रासंङ्गिक प्रावधानहरुलाई मध्यनजर राख्दै, राज्य पक्षहरुले विशेषतः देहायका कुरा मिलाउनेछन् :-

(क) कुनै पनि बालबालिकालाई त्यस्ता कार्यहरु गरे बापत वा नगरेको कारणबाट त्यस्तो कार्य हुन गएको समयमा ती कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा निषेध गरिएको रहेनछ भने निजलाई त्यस्तो फौजदारी कानून सम्बन्धमा आरोप लगाउने वा अभियुक्त बनाउने वा उल्लंघन गरेको मानिने छैन ।

(ख) फौजदारी कानूनको उल्लंघन गरेको आरोप लागेको वा अभियुक्त बनाइएको कुनै पनि बालबालिकाले कम्तीमा निम्न कुराको प्रत्याभूति पाउनेछन् :-

(१) कानूनद्वारा दोषी सावित नहुन्जेल निर्दोष अनुमान गरिने,

(२) निज विरुद्ध लगाइएका अभियोगको सम्बन्धमा तुरून्त र प्रत्यक्ष रुपमा निजलाई र उचित भएमा निजका बाबुआमा वा वैधानिक अभिभावकमार्फत जानकारी गराइने र आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानूनी र अन्य उचित सहयोग पाउने,

(३) कानूनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाहरुबाट कानूनबमोजिम यथेष्ट सुनवाईपश्चात् सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनवाई बालबालिकाको उच्चतम् हितको विपरीत नहुने भएमा निजको उमेर र अवस्थाकोसमेत विचार गरी निजको बाबुआमा वा वैधानिक अभिभावकको उपस्थिति हुनु पर्ने;

(४) बयान गर्न कर नलगाइने, सावित हुन कर नलगाइने, विपरीतमा बक्ने साक्षीहरुको जिरह गर्ने वा गर्न लगाउने र आफ्नो पक्षका साक्षीहरुलाई विपक्षीसरहको समान स्थितिमा सम्मिलित गराउने र बयान गराउने अवसर दिने;

(५) फौजदारी कानूनको उल्लंघन गरेको भन्ने ठहरिएमा सो कुराको फैसला र त्यसको परिणाम स्वरुप तोकिएको कुनै पनि कार्यको सम्बन्धमा कानूनबमोजिमको उच्च, सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट पुनरावलोकन हुने;

(६) प्रयोग गरिएको भाषा सो बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने भाषा अनुवाद गर्ने व्यक्तिको निःशुल्क सहयोग पाउने;

(७) कारवाईको सम्पूर्ण अवस्थामा निजको निजीपनाको पूर्ण आदर हुने ।

(३) राज्य पक्षहरुले फौजदारी कानूनको उल्लंघन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लंघन गरेको मानिएका बालबालिकाहरुका लागि उपयुक्त हुने खालका कानूनहरु, कार्यविधिहरु, अधिकारीहरु र निकायहरुको स्थापनालाई प्रवर्धन गर्ने कार्य गर्नेछन् र विशेषतः निम्न कुराहरुको व्यवस्था गर्नेछन् :-

(क) न्यूनतम् उमेरको हद तोक्ने, यसभन्दा मुनिका बालबालिकाहरु फौजदारी कानून उल्लंघन गर्न सक्ने क्षमता नभएका भनी अनुमान गरिनेछन् ।

(ख) उचित र मनासिव भएको खण्डमा यस्ता बालबालिकाहरुका सम्बन्धमा न्यायिक कारवाई नगरी मानव अधिकार र कानूनी संरक्षणको अनुकूल हुने गरी अन्य उपायहरु अवलम्बन गरिनेछ ।

(४) बालबालिकाहरुको हितको अनुकूल हुने गरी निजहरुको परिस्थिति र अपराधमा समानुपातिक हुने गरी निजहरुसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरु जस्तैः स्याहार, मार्गदर्शन र निरीक्षणसम्बन्धी आदेशहरु, सरसल्लाह सेवा, दण्ड, निलम्बन, पालनपोषण, शिक्षा तथा व्यवस्था, व्यवसायिक तालीम कार्यक्रमहरु तथा संस्थागत पालनपोषण तथा हेरचाहका अन्य विकल्पहरु अपनाइनेछन् ।

धारा ४१

यस महासन्धिका कुनै पनि कुराले बालअधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि निम्न लिखित व्यवस्थालाई असर पार्ने छैन :-

(क) त्यस्तो राज्य पक्षको कानूनमा विद्यमान छ भने, वा

(ख) त्यस्तो राज्यको निम्ति लागू हुने अन्तर्राष्ट्रिय कानूनमा विद्यमान छ भने ।

भाग–२

धारा ४२

राज्य पक्षहरुले उपयुक्त र सक्रिय माध्यमद्वारा महासन्धिका सिद्धान्तहरु र प्रावधानहरुलाई बालबालिका र वयस्कमा विस्तृत रुपले प्रचार गर्ने अभिभारा लिएका छन् ।

धारा ४३

(१) यस महासन्धिद्वारा लिइएका दायित्वहरु हासिल गर्न राज्य पक्षहरुले गरेको प्रगतिको मूल्याङ्कन गर्ने उद्देश्यका लागि बालअधिकार समितिको स्थापना गरिनेछ र त्यसले यसपछि उल्लिखित कार्यहरु गर्नेछ ।

(२) यो समितिमा यस महासन्धिहरुद्वारा समेटिएको क्षेत्रका उच्च नैतिकता भएका र ख्यातिप्राप्त क्षमतावान १० जना विशेषज्ञहरु रहनेछन् । समितिका सदस्यहरु राज्य पक्षहरुले आफ्ना नागरिकहरुमध्येबाट निर्वाचित गर्नेछन् । ती सदस्यहरुले आ-आफ्नो व्यक्तिगत रुपमा कार्य गर्नेछन् । समितिका सदस्यहरुको छनौट भौगोलिक विभाजन र प्रमुख कानून समानुपातिक पद्धतिको आधारमा हुनेछ ।

(३) राज्य पक्षद्वारा मनोनीत व्यक्तिहरुको सूचीबाट गोप्य मतदान गरी समितिका सदस्यहरुको निर्वाचन गरिनेछ । प्रत्येक राज्य पक्षले आफ्ना नागरिकमध्येबाट एक व्यक्ति मनोनीत गर्न सक्नेछ ।

(४) समितिको प्रारम्भिक निर्वाचन यो महासन्धि लागू भएको मितिले ६ महिनाभित्र र त्यसपछि हरेक दोस्रो वर्षमा हुनेछ । हरेक निर्वाचन हुने मितिको करिव ४ महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले दुई महिना भित्रमा आ-आफ्नो मनोनयनपत्र दाखिला गर्न राज्य पक्षहरुलाई एउटा पत्र सम्बोधित गर्नेछन् । महासचिवले तत्पश्चात् मनोनित गर्ने राज्यको नाम उल्लेख गरी सम्पूर्ण मनोनित सदस्यहरुको वर्णानुक्रमअनुसार नामावली तयार पार्नेछन् र यो नामावली प्रस्तुत महासन्धिका सहभागी राज्य पक्षहरु समक्ष प्रस्तुत गर्नेछन् ।

(५) निर्वाचनको कार्य महासचिवद्वारा संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा आयोजित राज्य पक्षहरुका बैठकमा हुनेछ । यस्तो बैठकको लागि दुईतिहाई राज्य पक्षहरुको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ । समितिको लागि निर्वाचित व्यक्तिहरु तिनै हुनेछन् । बैठकमा उपस्थित भई मतदान गर्ने राज्य पक्षहरुको प्रतिनीधिहरुको सबैभन्दा बढी मत पाउने तथा स्पष्ट बहुमत प्राप्त गर्ने व्यक्तिहरु समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ ।

(६) समितिका सदस्यहरु चार वर्षको लागि निर्वाचित हुनेछन् । पुनः मनोनित भएको खण्डमा उनीहरु अर्को निर्वाचनको लागि योग्य हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरुमध्येका पाँच जनाको अवधि २ वर्षमा सकिनेछ । पहिलो निर्वाचन भएको लगत्तै पछि यी पाँच जना सदस्यको नाम बैठकको अध्यक्षले गोला प्रथाबाट छुट्याउनेछ ।

(७) समितिको कुनै सदस्यको मृत्यु भई वा उसले राजिनामा दिएमा वा कुनै अन्य कारणले गर्दा समितिमा काम गर्न सक्षम नभएको भनी घोषणा गरेमा सम्बन्धित राज्य पक्षले बाँकी अवधिको लागि आफ्ना नागरिकहरुमध्येबाट एकजना विशेषज्ञलाई बाँकी अवधिको लागि काम गर्न निमित्त, समितिको स्वीकृतिको अधीनमा रही मनोनित गर्नेछ ।

(८) समितिले आफ्नो कार्यविधि नियमहरु आफै व्यवस्थित गर्नेछ ।

(९) समितिले दुई वर्षको अवधिको लागि आफ्ना अधिकृतहरुको निर्वाचन गर्नेछ ।

(१०) समितिका बैठकहरु सामान्यतया संयुक्त राष्ट्र संघका प्रधान कार्यालयहरुमा वा समितिले नै निर्धारण गरेबमोजिम अन्य कुनै पायक पर्ने स्थानमा हुनेछन् । समितिको बैठक सामान्यतयाः प्रत्येक वर्ष हुनेछ । समितिको बैठकको अवधि महासभाको स्वीकृति लिई यो महासन्धिमा पक्षहरुको बैठकबाट निश्चित गरिनेछ र आवश्यकताअनुसार सोबारे पुनर्विचार गरिनेछ ।

(११) यस महासन्धिअन्तर्गतको उक्त समितिको काम कुराको प्रभावशाली कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरु उपलब्ध गराउनेछन् ।

(१२) महासभाको स्वीकृतिबाट यस महासन्धिअन्तर्गत गठित समितिका सदस्यहरुले सभाद्वारा निर्णित शर्त र अवस्थाहरुअनुसार संयुक्त राष्ट्र संघको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

धारा ४४

(१) राज्य पक्षहरुले संयुक्त राष्ट्र संघका महासचिवमार्फत महासन्धिमा व्यवस्थित अधिकार सम्बन्धमा आफूले अपनाएका उपायहरुको प्रतिवेदनहरु समितिमा प्रस्तुत गर्ने अभिभारा लिन्छन् र सो

प्रतिवेदनमा महासन्धिमा उल्लेख भएका अधिकारहरुको उपभोगमा भएको प्रगति देहायबमोजिम प्रस्तुत हुनेछ :-

(क) सम्बन्धित राज्य पक्षको सम्बन्धमा महासन्धि लागू भएको दुई वर्षभित्र,

(ख) त्यसपछि हरेक पाँच वर्षमा ।

(२) यो धाराअन्तर्गत दिइएका प्रतिवेदनहरुमा यस महासन्धिअन्तर्गतका दायित्वहरुको परिपूर्तिको मात्रालाई प्रतिकूल प्रभाव पार्ने कारक र कठिनाईहरुलाई इङ्गित गरिनेछ । साथै यी प्रतिवेदनहरुमा सम्बन्धित राज्यमा भएको महासन्धिको कार्यान्वयनसम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने खालका पर्याप्त विवरण उल्लेख गरिएको हुनु पर्नेछ ।

(३) कुनै राज्य पक्षले समितिलाई एउटा विस्तृत प्रारम्भिक प्रतिवेदन बुझाई सकेपछि प्रकरण १(ख) अनुसार दिइने तत्पश्चात्को प्रतिवेदनमा अघिबाटै दिइसकेको आधारभूत विवरण दोहोऱ्याई राख्नु पर्ने छैन ।

(४) समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित अरु बढी जानकारीको लागि राज्य पक्षहरुलाई अनुरोध गर्न सक्नेछ ।

(५) आफ्ना क्रियाकलापहरु बारेको प्रतिवेदनहरु समितिले आर्थिक तथा सामाजिक परिषदमार्फत दुई वर्षमा संयुक्त राष्ट्र संघको महासभामा पेश गर्नेछ ।

(६) राज्य पक्षहरुले आफ्नो प्रतिवेदनका कुराहरु आफ्ना देशको सर्वसाधारण जनतालाई व्यापक रुपमा उपलब्ध गराउनेछन् ।

धारा ४५

महासन्धिको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउनको लागि तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई उत्साहित गर्न :–

(क) विशेषज्ञ संस्थाहरु, युनिसेफ र संयुक्त राष्ट्र संघका अन्य अङ्गहरुलाई उनीहरुको अधिकार क्षेत्रभित्र पर्ने यो महासन्धिका प्रावधानहरुका कार्यान्वयन सम्बन्धमा विचारविमर्श गरिदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ । आ-आफ्ना सम्बन्धित अधिकार क्षेत्रहरुभित्र पर्ने महासन्धिको कार्यान्वयन विषयमा समितिले उचित ठानेमा यस कामको लागि ती विशेषज्ञ संस्थाहरु, युनिसेफ र अन्य सक्षम संस्थाहरुलाई विशेषज्ञ परामर्श प्रदान गर्न निम्त्याउन सक्नेछ । समितिले विशेषज्ञ संस्थाहरु युनिसेफ तथा अन्य सक्षम संस्थाहरुलाई उनीहरुको कार्यक्षेत्रभित्र पर्ने विषयहरुमा भएको महासन्धिको कार्यान्यनसम्बन्धी प्रतिवेदन पेश गर्नका लागि निम्त्याउन सक्नेछ;

(ख) राज्य पक्षहरुबाट प्राप्त कुनै पनि प्रतिवेदनहरुमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा त्यस्तो सल्लाहको आवश्यकता दर्शाइएको रहेछ र समितिलाई उचित लागेको खण्डमा समितिले सो प्रतिवेदन र त्यस्तो अनुरोध तथा सङ्केतहरुको

सम्बन्धमा समितिको आफ्नो विचार र सुझावहरु भएमा सोसहित विशेषज्ञ संस्थाहरु, युनिसेफ र अन्य समक्ष संस्थाहरुलाई पठाउनेछ;

(ग) समितिले बालअधिकारसँग सम्बन्धित खास विषयहरुमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई आग्रह गर्ने गरी महासभालाई सिफारिस गर्न सक्नेछ;

(घ) यस महासन्धिका धारा ४४ र ४५ अनुरुप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझावहरु र सामान्य सिफारिसहरु गर्न सक्नेछ । यस प्रकारका सुझावहरु र सामान्य सिफारिसहरु सम्बन्धित कुनै पनि राज्य पक्षहरुलाई पठाइनेछ र उनीहरुबाट कुनै टिप्पणी आएको भए सोसहित महासभामा प्रतिवेदन पठाइनेछ ।

भाग-३

धारा ४६

यो महासन्धि हस्ताक्षरका लागि सम्पूर्ण राज्यहरुलाई खुल्ला रहनेछ ।

धारा ४७

यो महासन्धि अनुमोदनको विषय रहेको छ । अनुमोदनका अध्यालेखहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नु पर्नेछ ।

धारा ४८

यस महासन्धि कुनै पनि राज्यबाट संलग्न हुनका लागि खुला रहनेछ । संलग्नताको अध्यालेख संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नु पर्नेछ ।

धारा ४९

(१) अनुमोदन वा संलग्नताको बिसौं अध्यालेख संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएको मितिले तिसौं दिनमा यो महासन्धि लागू हुनेछ ।

(२) अनुमोदन वा संलग्नताको बिसौं अध्यालेखको दाखिलापश्चात् यस महासन्धिलाई अनुमोदन गर्ने वा यसमा संलग्नता दर्शाउने हरेक राज्यको हकमा सो राज्यद्वारा अनुमोदन वा संलग्नताको अध्यालेख दाखिलाको मितिले तिसौं दिनमा महासन्धि लागू हुनेछ ।

धारा ५०

(१) यो महासन्धिमा कुनै पनि राज्य पक्षले संशोधनको प्रस्ताव राख्न र यसलाई संयुक्त राष्ट्र संघका महासचिव समक्ष दर्ता गराउन सक्नेछ । संशोधन प्राप्त भएपछि महासचिवले राज्य पक्षहरु सो विषयमा सम्मेलन गराउने पक्षमा र प्रस्तावहरुमा मतदान गर्ने पक्षमा छन् कि छैनन् भन्ने कुराको

सङ्केत गर्ने अनुरोध गर्दै प्रस्तावित संशोधनहरु राज्य पक्षहरुलाई पठाउनेछन् । यस प्रकारले जानकारी गराइएको मितिले ४ महिनाभित्र कम्तीमा एकतिहाई राज्य पक्षहरुले यस्तो सम्मेलनको चाहना गरेको खण्डमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वाधानमा सम्मेलनको आयोजना गर्नेछन् । उपस्थित राज्य पक्षहरुमध्ये बहुमतले पारित गरेको कुनै पनि संशोधन संयुक्त राष्ट्र संघका स्वीकृतिको लागि महासभामा प्रस्तुत गरिनेछ ।

(२) यो धाराको प्रकरण १ बमोजिम पारित संशोधन संयुक्त राष्ट्र संघको महासभाबाट पारित भई राज्य पक्षहरुले दुईतिहाई बहुमतबाट पनि स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(३) कुनै संशोधन लागू हुँदा जुन राज्य पक्षहरुले त्यसलाई स्वीकार गरेका छन् । ती राज्य पक्षहरुले सो संशोधनलाई मान्नै पर्ने हुन्छ र अन्य राज्य पक्षहरुले यस महासन्धिका प्रावधानहरु र आफूले स्वीकार गरेका अघिल्ला संशोधनहरु मान्नु पर्नेछ ।

धारा ५१

(१) अनुमोदन वा संलग्नताको समयमा राज्यद्वारा संरक्षण गरिएको शर्तहरु संयुक्त राष्ट्र संघको महासचिवले प्राप्त गर्नेछन् र सम्पूर्ण राज्यहरुलाई सोको जानकारी पठाउनेछन् ।

(२) यस महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने त्यस्ता सुरक्षित शर्तहरुलाई अनुमति प्रदान गरिने छैन ।

(३) संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिई त्यस्ता सुरक्षित शर्तहरु फिर्ता लिन सकिनेछ । महासचिवले उक्त कुराको जानकारी सम्पूर्ण राज्य समक्ष पठाउनेछन् र यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मितिबाट लागू हुनेछ ।

धारा ५२

संयुक्त राष्ट्र संघका महासचिवको नाममा लिखित सूचना दिएर कुनै पनि राज्य पक्षले यो महासन्धिलाई परित्याग गर्न सक्नेछ । महासचिवलाई सूचना प्राप्त भएको मितिले एक वर्षपश्चात् परित्याग कार्य प्रभावकारी हुनेछ ।

धारा ५३

संयुक्त राष्ट्र संघका महासचिव यस महासन्धिको जिम्मावाल रहनेछन् ।

धारा ५४

यस महासन्धिको मूल प्रति जसका अरवी, चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका मूल पाठहरु समान रुपमा आधिकारिक मानिनेछन्, ती प्रतिहरु संयुक्त राष्ट्र संघका महासचिवको जिम्मामा राखिनेछन् । यस कुराको साक्षीको रुपमा सम्बन्धित सरकारबाट पूर्ण अख्तियार प्रदान गरिएको अधिकार सम्पन्न राज्य प्रतिनीधिहरुले वर्तमान महासन्धिमा हस्ताक्षर गरेका छन् ।

सन्दर्भ सामग्री

केन्द्रीय बाल कल्याण समिति, *नेपालमा बालबालिकाको स्थिति, २०७१*, ललितपूरः केन्द्रीय बाल कल्याण समिति, हरिहरभवन, ललितपूर, २०६९ ।

बाल न्याय समन्वय समिति सचिवालय, *बाल न्याय राष्ट्रिय तथा अन्तर्राष्टिय कानूनहरुको संग्रह,* ललितपूरः बाल न्याय समन्वय समिति सचिवालय, हरिहरभवन, ललितपूर, २०७१ ।

बाल न्याय समन्वय समिति सचिवालय, *बाल इजलासबाट हेरिएका मुद्दाहरुको मुद्दा प्रवाहा अवस्थाः अध्ययन प्रतिवेदन,* ललितपूरः बाल न्याय समन्वय समिति सचिवालय, हरिहरभवन, ललितपूर, २०६९ ।

बाल न्याय समन्वय समिति सचिवालय, *बालबालिकासम्बन्धी मुद्दाहरुमा सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण फैसलाहरुको संग्रह,* ललितपूरः बाल न्याय समन्वय समिति सचिवालय, हरिहरभवन ललितपूर, २०७० ।

महान्यायाधिवक्ताको कार्यालय, महान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन आर्थिक वर्ष २०६९/०७०, काठमाडौंः महान्यायाधिवक्तको कार्यालय नेपाल, रामशाह पथ, २०७० ।

माधव प्रसाद आचार्य, *अपराधशास्त्र,* काठमाण्डौः रत्नपुस्तक भण्डार, २०५१ ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान र केन्द्रीय बाल कल्याण समिति, *बाल न्याय स्रोत सँगालो, ललितपुरः* राष्ट्रिय न्यायिक प्रतिष्ठान र केन्द्रीय बाल कल्याण समिति, २०६६ ।

सर्वोच्च अदालत, *न्यायपालिकाको तेस्रो पञ्चबर्षिय रणनीतिक योजना, २०७१/०७२–२०७५/०७६*, काठमाडौंः सर्वोच्च अदालत, नेपाल, २०७१ ।

Dean J. Champion, *The Juvenile Justice System: Delinquency, Processing, and the Law*, 2nd ed. 1998.

Jack E. Bynum and William E. Thompson, *Juvenile Delinquency: A Sociological Approach*, Forth Ed., 1999

Serial No. 5

सम्पर्क : बाल न्याय समन्वय समिति सचिवालय
केन्द्रीय बाल कल्याण समिति भवन,
हरिहरभवन, ललितपुर ।
फोन नं. ०१-५०१०१५५, ०१-५०१००४१
फ्याक्सः ०१-५०१०१५५
Website: www.jjcc.gov.np